ISSN 2676-1459

फागुन २०७८-वैशाख २०७९ दर्ता नं. ४११/०७५/७६ मूल्य रु. ३०/-

सञ्चारयोग

पुराण परिचर्चा

परमाणुवाद

जैनदर्शन परिचय

श्रीमज्जगद्‌गुरु-शङ्कराचार्य र उनको गणितचिन्तामणि

सामाजिक सञ्जालको सदाचारी प्रयोग प्रशिक्षण

आत्मनिर्भर अर्थतन्त्रको लागि स्वदेशी ऊर्जा



वैज्ञानिक सत्ययुगको आधारशिला समीक्षा | विसङ्गति हटाउन वैचारिक सङ्गति

सहृदय उद्यमशीलताद्वारा सञ्चालित

ॐ वैदिक पूजा भण्डार

पूजा सामग्री होलसेल

धार्मिक पुस्तक तथा मौलिक उत्पादनको पसल

यहाँ पूजाका सबै सामग्रीहरु, धार्मिक पुस्तक, शङ्ख, घण्ट, रुद्राक्ष, मूर्ति, फूल, माला र तामा, चरेस तथा माटाका भाँडाहरु सुपथ मूल्यमा पाइन्छ। साथै, चिना बनाउने, साइत जुराउने, वास्तु तथा ज्योतिष परामर्श, ग्रह शान्ति, यज्ञ आदि कार्यको लागि परामर्श सेवा उपलब्ध छ।

जमल, काठमाडौं। फोन: ९८४००७६९७७

@vedicpasal । Sahridayamahilata@gmail.com

दर्ता नं: ४११/०७५/७६

सञ्चारयोग

त्रैमासिक

वर्ष ३ अङ्क ४ पूर्णाङ्क १२
वि.सं. फागुन-वैशाख २०७८/०७९, पृष्ठ ३२+८
ISSN: 2676-1459, मूल्य ३०।-

प्रकाशक
सञ्चारयोग मिडिया प्रा.लि.
गोकर्णेश्वर-८, काठमाडौं

मुद्रक
डिजिटल प्रिन्टलिङ्क
कमलविनायक-१०, भक्तपुर
फोन : ०१-६६२०५५५

सम्पादक
बलराम प्रजापति

सम्पर्क
इमेल : sancharyoga@gmail.com
फोन : ९८४१७९५०७३

यस अङ्कमा

३ पुराण परिचर्चा

९ परमाणुवाद

श्रीमज्जगद्गुरु-शङ्कराचार्य र उनको गणितचिन्तामणि १२

एउटा बेहोस राष्ट्रको कथा १६

युग निर्माण दिवसको औचित्य २२

२५ विसङ्गति हटाउन वैचारिक सङ्गति

जैनदर्शन परिचय २८

३२ सामाजिक सञ्जालको सदाचारी प्रयोग प्रशिक्षण

३६ आत्मनिर्भर अर्थतन्त्रको लागि स्वदेशी ऊर्जा

१९ वैज्ञानिक सत्ययुगको आधारशिला समीक्षा

आवरण तस्वीरः अमित मचामसी

सम्पादकीय |||

देशलाई आत्मनिर्भर बनाउन मौलिक कृषिलाई पुनर्जागरण गरौं

नेपाल कृषिप्रधान देश भनिए पनि कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गर्न नसक्दा नेपालको समग्र अर्थतन्त्रमा यसको योगदान खस्कँदो छ। कृषिमा घट्दो जनशक्ति, पूर्वाधारको अभाव, प्रवर्धनात्मक नीतिको अभाव त छँदै छ, अत्यावश्क मलखादको समेत समयमा उपलब्धता हुन नसक्दा कृषि उत्पादन घटेको मात्रै छैन। कृषिक्षेत्रमा लागेका आम जनसमुदायमा नैराश्य छाएको छ।

समयमा मल उपलब्ध नहुने समस्या सधैँ नै कायम छ। कहिले व्यापारीले गर्दा त कहिले सरकारी प्रक्रियाले गर्दा कृषकहरूले समयमा मल पाइरहेका छैनन्। एक बोरा मल पाउन रातीराती जागा भएर लाइन बस्नु पर्ने अवस्थादेखि कालो बजारीबाट समेत मल खरिद गर्न बाध्य छन् कृषक तर पनि आवश्यक मात्रामा र समयमा मल पाइरहेका छैनन् कृषिकहरूले। समयमा आवश्यक मात्रमा मल नपाउँदा कृषि उत्पादकत्व पनि घट्ने नै भयो। गुणात्मकरूपमा पनि र मात्रात्मक रूपमा कृषि उत्पादकत्व घटिरहेको छ।

एकातर्फ समस्या नै समस्याले गाँजेको र अर्को तर्फ कृषि पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गर्न नसक्दा यसमा युवाको आकर्षण घट्दो छ। व्यवसायिक कृषिको प्रवर्धनका साथै आधुनिक औजारीकरणको अभावमा कृषि क्षेत्रलाई गतिशील वनाउन सकिरहेको छैन। अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्रमा आधुनिक औजार तथा मेसिनहरूको उपलब्धता नहुँदा मानवश्रम प्रधान क्षेत्रको रूपमा रहेको हुँदा पनि कृषि क्षेत्रको उत्पादकत्व घटेको हो। कृषि क्षेत्रलाई आवश्यक आधुनिक औजारहरूको विकास गरी सरल र सुलभ तरिकाले उपलब्ध गर्ने नीति ल्याउन सकेमा मात्रै यस क्षेत्रमा नयाँ पुस्तालाई आकर्षित गर्न सकिन्छ।

अर्को पढेलेखे पछि माटो छुन घिनाउने, मल वोक्न घिनाउने शिक्षाको कारण पनि युवा पुस्ता विदेश पलायन भइरहेका छन्। विप्रेषणमा आधारित अर्थतन्त्र हुन जाँदा देशको आर्थिक अवस्था पूर्णत परनिर्भन अर्थतन्त्रउन्मुख हुँदै गएको छ। नेपालमा उपलब्ध नभएका पेट्रोलियम पदार्थ बाध्यतावश आयत गर्नै पर्‍यो तर पछिल्लो समय नेपालको उब्जनीयोग्य भूमि बाँझो हुने क्रम बढेसँगै आधाभूत खाद्यान्नको आयात पनि वर्षेनी वृद्धी भइरहेको छ।

एकातर्फ हामी पर्यावरण मैत्री हाम्रो मौलिक पर्यावरणीय कृषि प्रणालीबाट विमुख भइरहँदा पर्यावरणलाई दिगो रूपमा नकारात्मक असर परिरहेको छ भने अर्को तर्फ आधुनिक भनेर ल्याइएका विकाशे कृषि पनि लथालिङ्गको स्थितिमा नेपालको कृषि क्षेत्र घर न घाटको स्थितिमा पुगेको हो। हामीले निर्वाहमुखी कृषिलाई जीवन्त राख्दै आधुनिक प्रविधिलाई नअङ्गाली सुखै छैन।

एकातिर शहरी क्षेत्रको फोहोर व्यवस्थपन गर्न नसकेर दुर्गन्ध, प्रदूषण फैलिएर वातावरण तथा स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ भने अर्कोतर्फ मलको अभावमा कृषक रन्थनिरहेको अवस्था छ। पहिले घरका फोहोर मलको रूपमा आ–आफ्नै बारी र खेतमा प्रयोग हुन्थे तर अहिले फेहोर व्यवस्थापन गर्न विसर्जन केन्द्रहरू आवश्यक भएको कारण फोहोर व्यवस्थापन अत्यधिक चुनौतीपूर्ण बनिरहेको छ। हाम्रो मौलिक कृषि पद्धतिमा रहेका घरेलु मल उत्पादनको विधिलाई आधुनिकरूपमा स्थितिगत्यामक ढङ्गले पुनर्जागरण गर्न सकिएका नगरहरू सफा राख्ने, मलको व्यवस्थापन हुने र पर्यावरणमैत्री कृषिलाई कार्यान्वियन गर्ने कार्य एकसाथ सम्पन्न गर्न सकिन्छ। तर एक्कासी हामी जैविक मलमा मात्रै भरपर्ने स्थिति छैन। त्यसैले हामीले रसायनिक मलको व्यवस्थापनको लागि ठोस कदम चाल्ने, कृषिमा आधुनिक औजारीकरण गर्ने, प्रवर्धनात्मक नीति ल्याउनुका साथै कृषि पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गराएर मात्रै देशलाई आत्मनिर्भर अर्थतन्त्रमा डोर्‍याउन सकिन्छ।

पुराण परिचर्चा

✍ डा. निर्मलमणि अधिकारी
सहप्राध्यापक
काठमाडौं विश्वविद्यालय

मूल वैदिक वाङ्मय (संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्), वैदिक परम्पराका अन्य ग्रन्थहरू (उपवेद, वेदाङ्ग, दर्शन, पुराण, इतिहास, स्मृति आदि), पुरुषार्थचतुष्टयलाई सम्वोधन गर्ने विविध विधाका प्राचीन र अर्वाचीन अनेकौं कृतिहरू, मानव जीवनका विविध आयामलाई व्याख्या गर्ने अनेकौं सैद्धान्तिक र प्रायोगिक शास्त्रहरू, भाष्यहरू, टीकाहरू, प्रकरण ग्रन्थहरू, साहित्यिक रचनाहरू समेतको विस्तृत वाङ्मयिक सम्पदाको उत्तराधिकार आजको हिन्दू समाजले पाएको छ । मन्त्रद्रष्टा ऋषि एवं ऋषिकाको प्रत्यक्ष साधना एवं साक्षात्कारबाट जानिएका वेद संहिता र उनैका कर्तृत्व जोडिएका ब्राह्मण, आरण्यक र उपनिषद् ग्रन्थहरूमा निहित ज्ञान तथा विज्ञानको चिन्तन र मन्थनका साथसाथै देश-काल-परिस्थिति अनुसारका आवश्यकता, प्रयोग, पर्यवेक्षण, अनुभव, अनुभूति, विश्लेषण आदिको फलस्वरूप उत्तरोत्तर वृद्धिमान् वाङ्मयिक परम्परा जीवन्त रहेको छ । सोही परम्परामा 'पुराण' संज्ञाले जनाइने ग्रन्थ-समूह पनि छ । 'पुराण' शब्दलाई कहिले एक वचन जस्तो गरी त कहिले बहुवचन जस्तो गरी प्रयोग गरेको देखिएतापनि वर्तमानमा 'पुराण' भनेको कुनै एउटा ग्रन्थ मात्र होइन, यो त ग्रन्थ-समूहलाई जनाउने संज्ञा हो ।

'पुराण' संज्ञाको शब्द-व्युत्पत्ति हेर्ने हो भने यो 'पुरा' र 'अण' मिलेर बनेको छ । यसरी सामान्य अर्थमा पुराकाल (पुरातन समय, भूतकाल, अतीत, पुरानो युग) का परिघटना, विषयवस्तु, चरित्र आदिलाई बताउने ग्रन्थ नै पुराण भन्ने तात्पर्य बुझिन्छ। शब्द-व्युत्पत्तिमा नअल्मलिई 'पुराण'को विशेष अर्थ खोज्दा थाहा हुन्छ- पुराकाल बारे बताउने सबै ग्रन्थलाई पुराण भनिंदैन । पुराण कहलाउनका लागि त्यस्तो ग्रन्थमा १० वटा वा पाँचवटा लक्षणहरू हुनुपर्छ । महापुराण हुनका लागि त दशैवटा लक्षणहरू (सर्ग, विसर्ग, वृत्ति, रक्षा, मन्वन्तर, वंश, वंशानुचरित, संस्था, हेतु र अपाश्रय) आवश्यक मानिन्छ र उपपुराण हुनका लागि पनि कम्तीमा पाँचटा लक्षणहरू (सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरित) समावेश भएको हुनैपर्छ ।

(१) सर्ग

प्रकृति, पुरुष (चैतन्य) र प्रकृतिको संयोगबाट सृष्टि हुने महत् तत्व, पाँच तन्मात्राहरू, पाँच महाभूतहरू, पाँच विषयहरूसँग सम्बद्ध पाँच ज्ञानेन्द्रियहरू, पाँच कर्मेन्द्रियहरू र मनको उत्पत्ति बारेको ज्ञान सर्गमा समावेश गरिन्छ ।

(२) विसर्ग

चराचर (जडचेतनात्मक) सृष्टि बारेको ज्ञान विसर्गमा समावेश गरिन्छ ।

(३) वृत्ति

चराचर जगत्का आचरण, चालचलन, आचारविचार वृत्ति अन्तर्गत पर्छन् ।

(४) रक्षा

ईश्वरीय अवतारले साधु, सज्जन एवं वेदको रक्षा गर्ने प्रसङ्गलाई रक्षा अन्तर्गत मानिन्छ ।

(५) मन्वन्तर

काल-गणनाको एउटा विशेष पद्धति अनुसार एकजना मनुको पूरा अवधिलाई मन्वन्तर भनिन्छ। पुराणको विशेषतामा मन्वन्तर राखिनुको तात्पर्य के हो भने पुराणमा विभिन्न मन्वन्तरका अधिपति मनुहरू, मनुका सन्तानहरू, देवताहरू, ऋषिहरू, ईश्वरीय अंशावतारहरू र ईश्वरको वर्णन गरिनुपर्छ ।

(६) वंश र (७) वंशानुचरित

यहाँ वंश शब्दले ब्रह्माद्वारा उत्पन्न गरिएका राजाहरूको वंशावलीलाई र वंशानुचरितले उक्त वंशमा जन्मेका महान् व्यक्तिहरूका चरित्रको वर्णनलाई इङ्गित गरिएको हो ।

(८) संस्था

सृष्टिको लय (अर्थात् प्रलय) को वर्णन पनि पुराणको विषयवस्तु हो । यस अनुसार पुराणमा नैमित्तिक, प्राकृतिक, नित्य र आत्यन्तिक प्रलय बारे बताइन्छ ।

(९) हेतु

जीवले गर्ने कर्म र कर्म सिद्धान्त अनुसार जीवले पाउने फल (जस्तै पुनःजन्म) आदि विषयवस्तुलाई पुराणमा समावेश गरिएको हुन्छ भन्ने कुरालाई यहाँ हेतु भनेर जनाइएको हो । जीवले गर्ने कर्मको फलोपभोगको लागि नै सृष्टिको क्रम अघि बढ्ने भएकाले आविधिक कर्म गर्ने जीवलाई

नै सृष्टिको हेतु भनिएको बुझिन्छ ।

(१०) अपाश्रय

यहाँ अपाश्रय भनेर ब्रह्म (परमात्मा) लाई भनिएको हो । अपाश्रयलाई पुराणको विशेषता मानिएको सकारण हो । पुराणले सर्वसाधारणलाई ज्ञान एवं प्रेरणा दिई धर्मको धारणा गराउँछन् र धर्मको धारणाले मानिसमा त्रिवर्ग (अर्थ, काम, मोक्ष) का लागि पात्रता सुनिश्चित हुन्छ । यसरी पुराणको श्रवण, मनन र तदनुसार आचरण गर्ने मानिसले अन्ततोगत्वा जीवात्माले परमात्माको साक्षात्कार गर्छ भन्ने मान्यता रहेको छ । वेदमा प्रत्यक्ष पहुँच नहुने व्यक्तिले पनि तत्त्वज्ञानवाट वञ्चित हुन नपरोस् र सहज तरिकाले ज्ञान प्राप्त गर्न सकोस् भन्ने उद्देश्यले पुराण नामक ग्रन्थ-समूह रचिएका हुन् भनिन्छ । तसर्थ पुराणले अन्य कुराहरूको जतिसुकै विस्तृत चर्चा गरेतापनि मूल ध्येय चाहिँ मानिसलाई ब्रह्मज्ञानसम्म डोऱ्याउने नै हो । अर्थात् पुराणले सर्वसाधारणलाई आफ्नो मूल (ब्रह्म) वारे ज्ञान दिन्छ / दिनुपर्छ भन्ने जनाउन अपाश्रयलाई पुराणको लक्षण भनी उल्लेख गरिएको हो ।

पुराणका दश लक्षणहरू भनेर निम्नानुसार उल्लेख गरिएको पनि पाइन्छ :

(१) सर्ग (मूल सृष्टि वर्णन),
(२) विसर्ग (विशेष सृष्टि वर्णन),
(३) स्थान (भूगोल सहित सम्पूर्ण ब्रह्माण्डको वर्णन),
(४) पोषण (प्राणीहरूका धर्म, सदाचार, कर्तव्यको उपदेश)
(५) ऊति (कर्म सिद्धान्त, स्वर्ग-नर्क आदिको वर्णन)
(६) मन्वन्तर एवं वंशानुचरित,
(७) अवतारचरित,
(८) निरोध (चरित्रविज्ञान),

(९) मुक्ति (दर्शनशास्त्र),
(१०) आश्रय (भगवद्भक्ति मार्फत् ब्रह्मसाक्षात्कार) ।

यसरी 'पुराण' भन्नासाथ प्राचीनकालसँग सम्वद्ध भन्ने देखिन्छ, तर यो इतिहासभन्दा अलग विधा हो । संस्कृत ग्रन्थहरूमा 'पुराण' र 'इतिहास'को उल्लेख प्रायः सँगसँगै गरिएको पाइन्छ तर तिनीहरू अलग अलग ग्रन्थ-समूहहरू हुन् भन्ने पनि स्पष्ट देखिन्छ । विषयवस्तुको विस्तार (दायरा) हेर्दा इतिहासको तुलनामा पुराणको क्षेत्र बृहत्तर देखिन्छ । पुराणमा इतिहास पनि समावेश हुन सक्छ, तर इतिहास मात्र दिएर पुराण पूरा हुँदैन । इतिहासमा भूतकालमा भएका घटनाको वर्णन हुन्छ । जस्तै : देवासुर सङ्ग्राम, राम र रावणको युद्ध लगायतका ऐतिहासिक घटना वारे वर्णन, महाभारत युद्धको वर्णन आदि । पुराणमा चाहिँ माथि उल्लेखित १० वटा वा पाँचवटा विशेषताहरू पूरा हुनु पर्छ । सामान्यतया उक्त १० वटै विशेषता पूरा भएमा महापुराण र पाँचवटा मात्र पूरा भएमा उपपुराण भन्नुपर्छ भनिएको पाइन्छ । तथापि उक्त १० वटै विशेषता पूरा भएका ग्रन्थलाई पनि कतिपयले महापुराणमा र अन्यले चाहिँ उपपुराणको सूचीमा उल्लेख गरेको पनि देखिन्छ । यसको तात्पर्य के हो भने महापुराणमा पर्ने पुराणहरू कुन कुन हुन् भन्नेमा थोरै मतान्तर छ ।

त्यस्तो मतान्तर किन भएको होला त ? सम्प्रदाय-विशेषका आग्रहले महापुराणको सूचीकरणमा केही मतवैभिन्न्य उब्जेको होला भन्ने अध्येताहरूको निष्कर्ष देखिन्छ । कतिपय पुराणहरूमा सम्प्रदाय-विशेषको सीमाङ्कन स्पष्ट छ भने कतिपय पुराणहरूमा कुनै सम्प्रदाय-विशेषको आग्रह नभई वृहत्तर समन्वयकारी विषयवस्तु समावेश भएका छन् । कुनै सम्प्रदाय-विशेषको सीमाङ्कनमा सीमित नरहेका पुराणहरूलाई लगभग सवै सूचीकरणमा महापुराण मानेर उल्लेख गरेको पाइन्छ । मुख्य वा लोकप्रिय पुराणहरूको वाचन एवं श्रवणका लागि अनुष्ठान-विशेष वा समारोह-विशेष (जस्तै सप्ताह, नवाह आदि) आयोजना गर्ने प्रचलन हिन्दू धर्मावलम्वी समुदायमा अद्यापि छ । पुराण वाचन एवं श्रवणका लागि आयोजित अनुष्ठान-विशेष वा समारोह-विशेषलाई विकास निर्माणका लागि साधनस्रोत (नगद, जिन्सी, जमीन आदि) जुटाउने माध्यम वनाउने प्रचलन पनि छ ।

'पुराण' शब्दको उल्लेख वैदिक वाङ्मयमै पनि छ । वैदिक वाङ्मयमा पुराण शब्दको उल्लेख भएको

तथ्यलाई आधार मानी 'पुराण' संज्ञाले जनाइने कुनै ग्रन्थ वा ग्रन्थ-समूह वेद संहिता जत्तिकै पुरानो हुनु पर्छ भन्ने विश्लेषण गर्ने अध्येताहरू पनि छन्, तर वर्तमान कालमा उपलब्ध पुराणहरूका पाठ (अन्तर्वस्तु) मा रहेका सामग्रीहरू, विषयवस्तुहरू, पात्रहरू र घटनाहरूमा अर्वाचीनता भएको साक्ष्यले यी पुराण र वैदिक वाङ्मयमै उल्लेखित पुराण अलग अलग हुन् भन्नु पर्ने तर्क गर्ने अध्येताहरू पनि छन् । वेद-संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् सँगसँगै उल्लेखित मूल 'पुराण' शताब्दीयौं पहिल्यै विलुप्त भइसकेको र हाल उपलब्ध पुराण नामका ग्रन्थहरू कालान्तरमा लेखिएका हुन् भन्ने उनीहरूको कथन रहेको छ । ग्रन्थका नाम (शीर्षक) मा पुराण शब्द पनि जोडेर पुस्तक लेख्ने क्रम आजभन्दा केही शताब्दी पहिलेसम्मै पनि चलेको थियो भन्ने दावी गरिएको पनि देखिन्छ । यस्तो पृष्ठभूमिमा 'पुराण' शब्द जोडिएका प्रत्येक पुस्तकलाई उत्तिकै प्राचीन ठान्नु हुँदैन भन्ने तर्क अगाडि आउँछ ।

पुराणका प्रवर्तक स्वयं ब्रह्मा हुनुहुन्छ भन्ने एउटा मान्यता रहेको छ । ब्रह्मावाट प्रारम्भ गरिएतापनि प्रत्येक द्वापर युगमा वा द्वापर युग वितेर कलियुग लाग्ने बेलामा व्यासले पुराणहरूको सम्पादन गरी सर्वसाधारणसम्म प्रचारको व्यवस्था गर्ने विश्वास गरिन्छ र सामान्यतया पुराणको कृतित्वलाई व्याससँगै जोड्ने प्रचलन छ । हिन्दू समाजमा कथ्य र लेख्य दुइटै परम्पराले पुराणको प्रत्यक्ष सम्बन्ध वेदव्याससँग रहेको वताउँछन् । व्यास वा वेदव्यास भन्ने कुनै एक जना व्यक्तिको नाम-विशेष नभई कर्मवाचक पदवी वा उपाधि हो । वर्तमान युगका वेदव्यासको नाम कृष्णद्वैपायन भनिएको पाइन्छ । कृष्णद्वैपायन व्यासको जन्मस्थल भएको विश्वासका आधारमा नेपालको तनहुँ जिल्लामा व्यास जन्मस्थल विकास कोष र व्यास नगरपालिका पनि गठन गरिएको छ ।

कृष्णद्वैपायन व्यासले प्रारम्भमा एउटा सिङ्गो पुराण संहिता आफ्ना शिष्य लोमहर्षणलाई पढाउनु वा सुनाउनु भएको र कालान्तरमा पुराण नामक ग्रन्थहरूको सङ्ख्या १८ पुगेको वताइन्छ । एउटा पुराणलाई १८ वटा वनाउने कार्य कृष्णद्वैपायन व्यास स्वयंले गर्नुभएको थियो भन्ने उल्लेख पनि पाइन्छ र उहाँ शिष्य लोमहर्षण तथा प्रशिष्यहरूले त्यस्तो विभाजन गर्नुभएको थियो भन्ने पनि उल्लेखित देखिन्छ । अष्टादश पुराण (१८ वटा पुराण) भन्ने प्रसिद्ध भएतापनि वर्तमान समयमा ग्रन्थको नामसँगै पुराण जोडिएका कृतिहरू १८ वटामा सीमित छैनन् । वस्तुतः आज उपलब्ध पुराण नाम ग्रन्थहरू धेरैवटा छन् । तिनीहरूमध्ये १८ वटा पुराणहरू मुख्य मानिन्छन्, महापुराण पनि भनिइन्छन् एवं तिनीहरू वेदव्यास स्वयं वा उहाँका शिष्य-प्रशिष्यद्वारा रचित भन्ने मान्यता छ । मुख्य वा प्राचीन पुराणहरूको मान्यता र लोकप्रियतावाट प्रभावित भई त्यस्तै शैलीमा कृति रचना गरी कृतिको नाममा पुराण जोडिदिने प्रवृत्तिले १८ वटा पुराणहरू र १८ वटै उपपुराणहरूका साथसाथै कालान्तरमा अन्य धेरैवटा पुराण भनिइने कृतिहरू पनि थपिएको देखिन्छ ।

वर्तमान समयमा पुराण भनेर उपलब्ध ग्रन्थहरूमध्ये मुख्य १८ वटा पुराणहरू (अष्टादशपुराण) कुन कुन हुन् भन्ने निर्धारण गर्नका लागि एउटा श्लोक प्रसिद्ध छ :

'मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्टयम् ।
अनापलिङ्गकुष्कानि पुराणानि विदुर्बुधाः ॥'

देवीभागवतको उक्त श्लोकानुसार पुराणहरूको निम्नानुसार सूची वन्छ :–

(१) मत्स्य, (२) मार्कण्डेय, (३) भागवत (देवीभागवत मात्र वा देवीभागवत र श्रीमद्भागवत दुवै भन्नेमा मतवैविध्य देखिन्छ), (४) भविष्य, (५) ब्रह्म, (६) ब्रह्माण्ड, (७) ब्रह्मवैवर्त, (८) विष्णु, (९) वामन, (१०) वाराह, (११) वायु, (१२) अग्नि, (१३) नारद, (१४) पद्म, (१५) लिङ्ग, (१६) गरुड, (१७) कूर्म, (१८) स्कन्द ।

माथि दिइएको १८ पुराणहरूको सूचीभन्दा फरक सूचीकरण पनि पाइन्छ । श्रीमद्भागवतमा निम्नानुसारको नामावली पाइन्छ :–

(१) ब्रह्म, (२) पद्म, (३) विष्णु, (४) शिव, (५) लिङ्ग, (६) गरुड, (७) नारदीय, (८) भागवत, (९) अग्नि, (१०) स्कन्द, (११) भविष्य, (१२) ब्रह्मवैवर्त, (१३) मार्कण्डेय, (१४) वामन, (१५) वाराह, (१६) मत्स्य, (१७) कूर्म, (१८) ब्रह्माण्ड ।

माथि दिइएका दुइटा सूचीहरूका साथसाथै अन्य सूची पनि पाइन्छ । अनेक सूचीहरूमा धेरै पुराणहरूमा मतैक्य नै छ र थोरै सङ्ख्यामा अन्तर (फरक) परेको देख्न सकिन्छ ।

काल (समय) को रेखीय मान्यता (अर्थात् लिनियर टाइम) मा विश्वास गर्ने 'आधुनिक' अध्येताहरूले वैदिक वाङ्मय र पौराणिक वाङ्मयलाई पार्थक्यको दृष्टिकोणले विश्लेषण गर्ने गरेका छन् । त्यस्ता अध्येताहरू पुराणलाई वेदव्यासले आजभन्दा ५ हजार वर्ष पहिले लेख्नुभएको भन्ने हिन्दू मान्यतालाई मान्दैनन् । त्यसरी नमान्नेहरूमध्ये कैयौं त पूर्वाग्रही मताग्रहवाट पीडित हुन्छन् र कतिपयले पुराण-पद्धतिसँग नमिल्दो साक्ष्यको खोजी गरी असम्मेयता दोषमा वाँधिन्छन् । मुख्य

१८ वटा पुराणहरूको रचनाकाललाई नै त्योभन्दा परवर्ती मान्ने र पुराण भनिएका कृतिका अन्तर्वस्तु (कन्टेन्ट्) मा समय समयमा सम्पादन, परिष्कार वा फेरबदल भएको तिनीहरूको दावी देखिन्छ । वेद संहिताको नित्यता, शुद्धता एवं अविच्छिन्नताको लागि पद, क्रम, घन, जटा, माला, प्रातिशाख्य, चरणव्यूह, निरुक्त, शिक्षा, कल्प आदिको व्यवस्था भएजस्तो पुराण ग्रन्थका लागि नभएको कारणले पुराण ग्रन्थमा वेला वेलामा परिवर्तन, परिमार्जन, संशोधन वा सम्पादन भएको हुनु पर्छ भन्ने अनुमान पनि तिनीहरूको रहेको छ । त्यसैगरी उपपुराणहरूको रचनाकाल बारे पनि मतवैभिन्न्य देखिन्छ ।

परम्परागत आस्थामा स्थिर हिन्दू जनसमुदायले त्यस्ता उहापोह, वादविवाद, मतवैभिन्न्यलाई वास्ता नगरी आफ्ना आफ्ना आस्था अनुसार पुराण वाङ्मयलाई प्राचीन कालका निधि मानेर श्रद्धापूर्वक पठन-पाठन, वाचन-श्रवण, संरक्षण-प्रवर्धन गरिरहेको अवस्था छ । अचेल अनेकौं भाषाहरूमा अनुवादित भएतापनि अति प्राचीन, प्राचीन वा अर्वाचीन जुनसुकै समयमा लेखिएका भएता पनि 'पुराण'हरू मूलतः संस्कृतमा लेखिएका थिए । आजसम्म पनि पुराण वाचन गरिँदा पहिले मूल संस्कृत पाठको पारायण गरेर मात्र स्रोताका लागि नेपाली वा अन्य भाषामा व्याख्या गरिदिने प्रचलन छ ।

पुराणले वैदिक ज्ञानलाई नै आफ्नो तरिकाले प्रस्तुत गर्ने हुन् भन्ने मान्यता रहेको छ । यद्यपि पुराणले वैदिक ज्ञानलाई यथावत् प्रस्तुत गर्न सकेनन् र तिनीहरूका माध्यमबाट विकृतिको प्रवेश भएको थियो भनेर पुराणको आलोचना गर्ने मत पनि रहेको छ । सारमा, वेदलाई मान्नेहरूमध्ये कतिपयले पुराणलाई नमान्ने अवस्था पनि हाम्रो समाजमा छ र बहुसङ्ख्यक हिन्दूहरूले पुराणलाई पनि वेदकै परम्परामा रहेका ग्रन्थ भनेर मान्ने अवस्था पनि हाम्रै समाजमा छ । पुराणमा वेद (निगम) को सर्वोच्चताको उल्लेख भएको पाइन्छ तापनि कतिपय पुराणका पाठ (अन्तर्वस्तु) मा आगम वा तन्त्र परम्पराको बढी प्रभाव परेको छ भन्ने अध्येताहरू पनि छन् । वेद र वेदोत्तर ज्ञानका साथसाथै हिमवत्खण्ड एवं भारतवर्षमा लामो कालखण्डमा सहजीवनमा रहेका विविध जाति, प्रजाति, समुदाय, सम्प्रदायहरूका आचारविचार पुराण ग्रन्थहरूमा समावेश हुनु कुनै अनौठो परिघटना होइन ।

धेरै लामो कालखण्डसम्म हिन्दू समाजका अधिकतर साधारणजनका लागि पुराण नै वैदिक वाङ्मयको तुलनामा सहज पहुँच भएका ग्रन्थराशि थिए । वेद मान्ने र पुराण सुन्ने व्यावहारिक परिस्थितिलाई विचार गर्दा जनसाधारणका लागि धर्मको अवधारणा, नैतिक मान्यता एवं सदाचारका लागि प्रेरणाका मुख्य प्रत्यक्ष स्रोत त पुराण नै थिए भनियो भने अत्युक्ति हुँदैन । यसको तात्पर्य के हो भने सर्वसाधारणले सर्वोच्च आधिकारिकता वेदको मान्ने र व्यावहारिक अनुकरणको प्रयत्न चाहिँ पुराणको गर्ने गर्थे । जुन ज्ञान मन्त्रद्रष्टा ऋषिहरूमार्फत् वेदमा अभिव्यक्त भएको हो, सोही ज्ञान नै कथामा बुनेर पुराणको माध्यमबाट सर्वसाधारणसम्म ल्याइएको हो भन्ने जनविश्वास हिन्दू समाजमा रह्यो । यसरी वेदमा पहुँच नभएता पनि वैदिक ज्ञानबाट कसैले पनि वञ्चित हुनु परेको छैन भन्ठानेको देखिन्छ । उक्त जनविश्वास र पुराणलाई वेदकै उपबृंहण (व्याख्या वा विस्तार) भनिएको शास्त्रीय कथनमा सङ्गति देखिन्छ ।

वेदमै सोझो पहुँच हुनु र पुराण मार्फत् वेदको ज्ञानपरम्परालाई लिन खोज्नुमा कत्ति पनि फरक परेको थिएन होला त ? कत्ति पनि फरक नपर्ने भन्नु धरातलीय यथार्थसँग नमिल्ने कुरा हुन्छ । फरक अवश्यै परेको थियो । वैदिक वाङ्मयले ज्ञान, कर्म र उपासना (भक्ति) को समन्वयात्मक जीवनमूल्य दिएकोमा पुराण मार्फत् जाँदा भक्तिको आयाम बढी प्रबल भएको अवस्था आएको देखिन्छ भन्ने विश्लेषण कतिपयले गरेको पाइन्छ । यद्यपि पुराणमा ज्ञान र कर्मलाई पनि समावेश गरिएको छ । भक्तिमार्गले मानिसलाई पुरुषार्थचतुष्टय प्रत्येक मानिसको लक्ष्य हो भन्ने भावना सञ्चार गराई कर्मठता पनि बढायो भन्ने मत एकथरी अध्येताको रहेको देखिन्छ भने अर्काथरी अध्येताले पुराणले भाग्यवादको अवधारणा प्रवर्धन गरेको जिकिर गरेका छन् । पुराणको प्रशंसा गर्नेहरूले यी ग्रन्थले स्मृति वा धर्मशास्त्र भनिने ग्रन्थको तुलनामा सर्वसाधारणको लागि बढी उदार व्यवस्थालाई प्रवर्धन गरेको एवं हिन्दू समाजलाई समावेशी बनाउन ढोका खोलेको भन्ने गरेका छन् । पुराणको प्रशंसा र आलोचना जे गरिएतापनि यो तथ्यलाई सबैले मान्छन् कि निकै लामो समयावधिसम्म पुराणहरूले भारतवर्षका सर्वसाधारणको आचारविचारलाई प्रभाव पारेका थिए र आज पनि हिन्दू समाजमा पुराणहरूले न्यून वा अधिक, प्रत्यक्ष वा परोक्ष प्रभाव पारिरहेकै छन् । हिन्दू समाजको प्रगतिको लागि पुराण र तिनीहरूले पारेका प्रभावहरूको अनुसन्धान गरी स्थितिगत्यात्मक

विश्लेषण गर्नु आवश्यक हुन्छ ।

खासमा पुराणका कुराको चुरो जान्न अभिधा, लक्षणा र व्यञ्जनाले पुग्दैन र तात्पर्यार्थ लगाउनु पर्ने हुन्छ । मीमांसकहरूले स्पष्ट पारेझैं 'अर्थवाद' का लागि प्रयोग गरिएका कथा, उपमा र चमत्कारका कुरालाई महत्त्व दिने प्रवृत्तिले चुरो ज्ञान छोपिने अवस्था हुन्छ । साथै, पुराणको प्रमाण-प्रमेय पद्धति र अहिलेका पुराण-पाठक, पुराण-वाचक र स्रोताले मेसो पाएको प्रमाण-प्रमेय पद्धतिमा परेका अन्तरले हुने स्वाभाविक असम्मेयता दोष पनि ठूलो अवरोध हो । पुराणको पठन-पाठन, प्रवचन-श्रवण त हाम्रो समाजमा अविच्छिन्न रह्यो, तर त्यसका लागि आवश्यक प्रशिक्षण र पात्रताको पक्षमा ध्यान पुगेन कि जस्तो देखिएको छ । पुराणको व्याख्या गर्दा आधिभौतिकी, आधिदैविकी र आध्यात्मिकीको सातत्यको सम्बन्धमा गर्नु पर्ने हुन्छ ('पुराणव्याख्या त्रिधा । आधिभौतिकी आधिदैविकी आध्यात्मिकी च ।') भनिएको छ, तर त्यसो नगरी अभिधार्थ मात्र लिएर पुराणलाई कपोलकल्पित र अप्रामाणिक सावित गर्ने होडमा लाग्नेहरू पनि छन् ।

पुराण ग्रन्थका पाठ (अन्तर्वस्तु) हेर्ने हो भने पुराणहरूले निकै धेरै विषयवस्तुहरू समावेश गरेको पाइन्छ। तीर्थ-माहात्म्य, पर्व-माहात्म्य, दान-माहात्म्य, परोपकार-माहात्म्य आदिको जानकारी सर्वसाधारणलाई पुराणहरू मार्फत् हुने गरेको थियो । साथै मूर्ति-माहात्म्य, अवतार-माहात्म्य, विविध सम्प्रदायगत उपासना पद्धति, विविध पूजा पद्धति आदिलाई पुराणहरूले नै हिन्दू समाजमा स्थापित गराएका हुन् । दर्शन, सिद्धान्त, इतिहास, आख्यान, नाट्य, काव्यशास्त्र, सङ्गीत, चित्रकला, मूर्तिकला, यज्ञ पद्धति, अर्थशास्त्र, धर्मशास्त्र (स्मृति लगायत), नीतिशास्त्र, चरित्रविज्ञान, राजधर्मशास्त्र, सामाजिकी, कूटनीति, युद्ध, भैषज्यशास्त्र, गणित, भूगोल र अन्य पनि धेरै विधा वा विषयवस्तुको संयोजन पुराणहरूमा देखिन्छ । सर्वसाधारणका लागि दैनिक जीवनमा व्यवहारमा आइरहेका वा आउने विषयवस्तुहरू पनि पुराणमा प्रशस्त छन् ।

पुरानो सामाजिक सोपान र यथास्थितिलाई पुराणले प्रवर्धन गर्छ भन्दै पुराणको आलोचना गर्नेहरू पनि नभएका होइनन् । पुराणमा विचित्र पात्रहरू (जस्तै : दुई वा तीन वा चार वा दशवटा टाउका भएका), सामान्यतया असम्भव लाग्ने घटना (जस्तै : एक दम्पत्तिवाट हजारौं सन्तानको जन्म, १० हजार वर्ष लामो तपस्या), मानवेतर प्राणीहरूको सामान्यतया अविश्वसनीय लाग्ने क्रियाकलापहरू, वर्तमान युगमा विज्ञानप्रविधिवाट प्राप्त ज्ञानसँग नमिल्दो वर्णन (जस्तै : पुराणमा वर्णित भूगोल र हाल जानकारी प्राप्त भएको भूगोलको तुलना) आदिलाई उदाहरण लिई आलोचनात्मक विश्लेषण गरेर पुराण भनेको त अतिरञ्जनापूर्ण आख्यानका ठेली मात्र हुन् भन्ठान्नेहरू पनि छन् । पुराणको सान्दर्भिकता, उपयोगिता एवं महत्ताको अक्षुण्णताको लागि त्यस्ता आलोचना तथा सवाल पुराणमा निहित प्रायोगिक विषयवस्तुहरू र सर्ग, विसर्ग, मन्वन्तर, वंशावली तथा वंशानुचरित, स्वर्ग र नर्क आदिका वर्णनलाई नीरक्षीर विवेक गर्ने एवं कस्ता कुरा अनुकरणीय उपदेश हुन् र कस्ता कुरा 'अर्थवाद' मात्र हुन् भन्ने जान्नु आवश्यक हुन्छ ।

पुराण लेख्ने वेलामा पुराणका लेखकले लक्ष्यित पाठकवर्ग वा स्रोतावर्गको पात्रता अनुसार प्रस्तुतिमा काव्यिक प्रतिभा, कथानकको रोचकता, उपमा र लालित्य भरेका मात्र हुन्, सारमा वैदिक ज्ञान नै पुराणमा रहेको छ भन्ने मान्यतालाई लिने हो भने पुराणको अर्थापन गर्दा वेदानुकूल प्रतिमानानुसार नै गर्नु पर्ने हुन्छ । यसरी सत्य वा ऋत एवं धर्मको सर्वोच्चता यहाँ सर्वाधिक महत्त्वको हुनआउँछ । पुराणले स्थूल, सूक्ष्म र कारण जगत् बारे ज्ञान दिन्छन् र तुरीयको ज्ञान पनि यिनले गराउँछन् भन्नु पर्ने हुन्छ । पुराणलाई वेदको उपबृंहण मान्दा हाम्रो समाजमा आधिभौतिक, आधिदैविक र आध्यात्मिक जीवनको वोध गराउने साधन पनि थिए पुराणहरू भनी मान्नु पर्ने हुन्छ । पुराणलाई वेदका उत्तराधिकारी मान्दा पुराणमा कथानक वुन्दा जतिसुकै कुराहरू उल्लेख भएतापनि सारमा धर्म, अर्थ, काम र मोक्ष (पुरुषार्थचतुष्टय) को प्राप्तिका लागि पात्रता विकास गराउने परम्परागत माध्यम थिए पुराणहरू भन्नु पर्ने हुन्छ । यस्तो हो भने पुराणका उपदेश, सन्देश, मान्यता सार्वलौकिक, सार्वजनीन, सर्वहितकारी हुनु पर्ने आवश्यकता हुन्छ । पुराणमा लेखिएको वा वताइएको चाहिं के छ त भन्ने जानकारीका लागि त पुराण नै पढ्नु पर्ने हुन्छ । प्रविधि, सूचना र अर्थतन्त्रको नवीन संयोजनले 'ज्ञानको विष्फोट' भइरहेको वर्तमान परिप्रेक्ष्यमा पुराण पढ्ने, पुराण वारे विचार विमर्श गर्ने र अर्थापन गर्ने अभूतपूर्व अवसर प्राप्त भएको छ । श्रुति (वेद), दर्शन, पुराणग्रन्थ र स्मृतिग्रन्थ आदिको तुलनात्मक विश्लेषण गर्न सक्ने अवस्थामा हामी छौं ।

पुराण पढेर वा सुनेर त्यहाँ वर्णन गरिएका कुरालाई जस्ताको तस्तै (अभिधार्थमा) लिने हो वा

कसरी अर्थापन गर्ने हो भन्ने सवाल वडो महत्त्वपूर्ण छ । पुराणका सार्वकालिक उपदेशमूलक श्लोक लिएर तिनका हितकारी सन्देशमा आह्लादित हुनेहरू एकातिर छन् र पुराणका सृष्टि-विषयक श्लोकलाई तर्कको कसीमा परख गरी तिनलाई आधुनिक विज्ञानसँग तुलना पनि गरेर असान्दर्भिक भन्ठान्नेहरू अर्कातिर छन् । पुराण भनिएका कुनै ग्रन्थमा सार्वलौकिक, सार्वजनीन, सर्वहितकारी नहुने कुनै कुरा उल्लेखित पाइएमा के गर्ने ? पुराणमा लेखिएका कतिपय कुराहरू देश, काल, परिस्थिति आदिमा आएका परिवर्तनले अन्तर परेका रहेछन् भने के गर्ने ? उपर्युक्त प्रश्नहरूमा घोत्लिनु पर्ने कर्तव्य पनि हाम्रै हो । पुराण ग्रन्थहरूका स्थितिगत्यात्मक अर्थापनवाट नै समस्याको समाधान हुन्छ भने हाम्रा पुर्ख्यौली ज्ञानका यी स्रोतहरू सान्दर्भिकता र उपयोगिता पुनः उजागर हुनेछ । त्यसो गर्न सकिएन भने पुराणहरूलाई कुनै साहित्यिक रचनाजस्तो मात्र भन्ठान्नेहरू वा पुराणलाई असान्दर्भिक, गतार्थ, प्रयोजनहीन वताउनेहरूको सङ्ख्या वढ्नेछ । हुन त पुराणहरूलाई नितान्त आस्था, विश्वास, भक्तिका सामग्री मानौं र परीक्षण, तर्क-वितर्क, खण्डन-मण्डनमा नतानौं भन्नेहरू पनि छन् । वर्तमान युगीन चेतनाले चाहिँ पुराणहरूका स्थितिगत्यात्मक अर्थापन मागेको छ ।

नेपालमा हालसालैका वर्षहरूमा मौलिक रैथाने धर्म, संस्कार, संस्कृति, सभ्यतासँग जोडिएका वाङ्मय वारे धेरै सरोकार, चासो, अभिरुचि वढेको देखिन्छ । वेद र वैदिक परम्पराका अनेकौं ग्रन्थहरू, वौद्ध ग्रन्थहरू, किरात मुन्धुम, वोन ग्रन्थहरू र लोकवार्ताहरूको अनुवाद र प्रकाशन तथा प्रसारण हालसालैका वर्षहरूमा जति धेरै मात्रामा भइरहेको छ, यति धेरै मात्रा (परिमाण) मा नेपालमा पहिले भएको थिएन । पुराण ग्रन्थहरूको प्रकाशन, प्रसारण, वाचन, श्रवण, पठनको मात्रा पनि वढेको छ । अनेकौं पुराणहरूका नाम (शीर्षक) मात्र सुनेर थप वास्ता नगरी चुपचाप वस्ने प्रवृत्तिलाई त्यागेर कैयौं व्यक्तिहरूले पुराणमा के छ भनेर खोज्न थालेका छन् ।

सन्दर्भ सामग्री :

अधिकारी उपाध्याय, निर्मलमणि । वि.सं. २०७६ । वेदको सामान्यज्ञान । काठमाडौं : जरो किलो प्रतिष्ठान नेपाल ।

अधिकारी, रुद्रमणि । वि.सं. २०१८ । हिन्दू-धर्म मर्म-विचार । तनहुं : जुक्तराज शाही ठकुरी ।

अधिकारी, रुद्रमणि । वि.सं. २०२९ । संक्षिप्त साङ्ग-श्रुति परिचय । पोखरा : लक्ष्मी प्रेस ।

गैरोला, वाचस्पति । सन् २००३ । संस्कृति साहित्य का इतिहास । वाराणसी : चौखम्वा विद्याभवन ।

ढकाल, वेणीमाधव (टीकाकार एवं सम्पादक) । वि.सं. २०७३ । श्रीमद्देवीभागवत महापुराण (प्रथम खण्ड) । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

द्विवेदी, शिवप्रसाद (व्याख्याकार) । सन् २०१० । श्रीमद्देवीभागवतम् (भाषाभाष्योपेत) । वाराणसी : चौखम्वा विद्याभवन ।

वनर्जी, एस.सी. । सन् २००४ । स्टडिज् इन द महापुरानज् । दिल्ली : पुस्तक महल ।

सिंह, सुदर्शन । सन् १९५० । हिंदू-संस्कृति और पुराण । कल्याण हिन्दू संस्कृति अङ्क (पृ. २९४–३०५) ।

नेपाली नेपाल भाषा मैथिली भोजपुरी

डा. निर्मलमणि अधिकारीद्वारा लिखित राज्यराष्ट्र अवधारणा र सिद्धान्त नेपाली, नेपाल भाषा, मैथिली, भोजपुरी भाषामा तथा सहृदयता दर्शनको प्राक्कथन पुस्तक

सहृदयता समाज नेपाल
सम्पर्क : 01 –4221555
9841127419

परमाणुवाद

✍ अच्युतप्रसाद लामिछाने
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

मानिसको उर्वर मस्तिष्कको स्वाभाविक अनुचिन्तन परमाणुवाद हो । भौतिक जगत्को व्याख्याको निम्ति परमाणुवाद एक उत्कर्ष परिकल्पना पनि हो । यसै परिकल्पनाको सङ्केत उपनिषद्मा पनि गरिएको छ । पृथ्वी, जल, तेज र वायु यी चार तत्त्ववाट सांसारिक पदार्थ अर्थात् भौतिक पदार्थ निर्माण भएको हो भन्ने कुरा सर्वविदित छ। आकाशतत्त्व निरवयव अनि विभु अर्थात् व्यापक भएको हुँदा यसवाट भौतिक पदार्थ निर्माण भएको भन्न सकिँदैन । नवद्रव्यमध्ये आकाशभन्दा भिन्न पृथ्वी, जल, तेज र वायु यी चार तत्त्व सावयव हुन् । यी सावयव टुक्रालाई सानोभन्दा सानो टुक्रामा विभाजन गर्न सकिन्छ । यी सावयव टुक्रालाई फुटाउँदा फुटाउँदै हामी यस्तो स्थितिमा पुग्दछौं जुन स्थितिमा पुगेपछि उक्त टुक्रालाई त्यसभन्दा सानो पार्न सकिँदैन। त्यस्तो अविभाज्य अवस्थाको कणलाई (टुक्रालाई) नै परमाणु भनिन्छ । अतिसूक्ष्म भएकोले परमाणुको विभाजन सम्भव छैन । महर्षि गौतमका अनुसार परमाणु त्यो सूक्ष्मतम परिमाण हो जसको विभाजन नै हुँदैन अर्थात् विभाजन गर्नै सकिँदैन । "परं वा त्रुटेः" न्या.सू. ४/२/१७ ले यो कुराको पुष्टि गरेको छ। यसै आधारमा विभाजन क्रियाको अन्तिम सीमा नै परमाणु हो भन्ने मानिन्छ। त्यसैले परमाणुलाई निरवयव, अविभाज्य र नित्य पनि भनिएको हो । संसारमा भएका सम्पूर्ण भौतिक पदार्थ उत्पत्तिशील र विनाशशील छन्। न्याय वैशेषिकको दृष्टिमा यही परमाणु नै सृष्टि (उत्पत्ति) र विनाशको कारण हो किनभने यहाँ पदार्थको उत्पत्तिको अर्थ परमाणु संयोग हो भने विनाशको अर्थ परमाणु संयोगको विनाश हो। सृष्टिको मूल तत्त्व परमाणु हो । त्यो नित्य र निरवयव छ । यसलाई गतिशील वनाउने पनि कुनै कारण छ। परमाणुमा विशिष्ट धर्मअनुसार क्रियाशीलता आउँदछ । त्यो क्रियाशीलता दिने अर्थात् गतिशील वनाउने तत्त्वको नाम हो– अदृष्ट ।

महत् र अणुभेदले परिमाण दुई किसिमको हुन्छ । यसमध्ये अणुको अर्थ सानो हो भने महत्को अर्थ ठूलो हो। अणु र महत्मध्ये सवैभन्दा सानो परिमाणयुक्त द्रव्यलाई परममहत् भनिन्छ । परमाणु र परममहत् यी दुवै द्रव्य प्रत्यक्ष छैनन्, इन्द्रियातीत र अनुमेय छन् । जस्तैः

जालान्तरगते भानौ यत्सूक्ष्मं दृश्यते रजः ।

तस्य षष्टतमो भागः परमाणुः स उच्यते ॥ (श्रुतपरम्परा) ।

सूर्यको किरणसँगै उड्दै गरेका जुन स-साना कणहरू छन् तिनलाई त्रसरेणु वा त्र्यणुक भनिन्छ । त्यसै त्र्यणुकको छ भागको एक भागलाई परमाणु भनिन्छ। त्यो निरवयव छ। अन्य स्थूल पदार्थ सावयव हुन्छन् । "भिन्नभावयवारब्धत्वं हेतुद्वारा सावयव पदार्थको परस्परमा भेद सम्भव छ तर परमाणुको भेद कसरी हुने ? यसै जिज्ञासाको समाधानमा "अन्त्यो नित्यद्रव्यवृत्तिर्विशेषः परिकीर्तितः" न्यायसिद्धान्त मुक्तावली कारिका नं. १० आएको छ । अवसानमा रहने अथवा नित्य द्रव्यमा रहने पदार्थको नाम विशेष हो । यसै विशेष नामक पदार्थले परमाणुको पनि परस्परमा भेद सिद्ध गर्दछ, सो पदार्थ अन्य पदार्थभन्दा स्वतः नै व्यावृत्त अर्थात् भिन्न छ । उक्त पदार्थ सिद्ध गर्नका लागि अर्को पदार्थको अपेक्षा नै पर्दैन । परमाणु व्यावर्तक अनि नित्यद्रव्यवृत्तिविशेष भएकोले यस पदार्थलाई "अन्त्यो नित्य द्रव्यवृत्तिर्विशेषः" भनिएको हो ।

परमाणुमा विशेष पदार्थवाहेक सङ्ख्याभेद र गुणभेद पनि रहन्छ। जस्तैः वायवीय परमाणु अत्यन्त सूक्ष्मतम् परिमाण हो । यसको अनुभूति स्पर्शद्वारा मात्र हुन्छ। अतः वायवीय परमाणुमा स्पर्शगुण मात्र रहन्छ। तैजस परमाणुमा रूप र स्पर्शगुण रहन्छन्। जलीय परमाणुमा रूप, रस र स्पर्शगुण रहन्छन् भने पृथ्वी परमाणुमा रूप, रस, गन्ध र स्पर्श चारवटै गुण रहन्छन्। अवयवी पदार्थका गुणहरू तिनका निर्माता परमाणुका गुणद्वारा प्रभावित हुन्छन्। उपर्युक्त पृथ्वीपरमाणु, जलपरमाणु, तेजपरमाणु र वायवीय परमाणु यी चारवटै अतीन्द्रिय, निरवयव, अविभाज्य र नित्य छन्। परमाणुलाई पारिमाण्डल्य अथवा गोलाकार भनिन्छ । पारिमाण्डल्य अर्थात् परमाणुपरिमाण कसैको पनि कारण हुँदैन। पारिमाण्डल्यभिन्नानां कारणत्वं "पारिमाण्डल्यं न कस्यापि कारणम्, यतः पारिमाण्डल्यस्य कारणत्वे तत् स्वाश्रयारब्धद्रव्यपरिमाणरम्भकं भवेत्,



यथा स्वमणुपरिमाणं तदाश्रयीभूतं द्रव्यं परमाणुर्द्वचणुञ्च, तदारब्धं द्रव्यं द्वचणुकं त्रसरेणुश्च तत्परिमाणं द्वचणुकपरिमाणं त्रसरेणुपरिमाणञ्च तस्यैवारम्भकं भवेत्। ततश्च परिमाणस्य स्वसमानजातीयोत्कृष्टपरिमाणजनकत्वनियमेन महदारब्धस्य महत्तरत्ववदणुजन्यस्य अणुतरत्वप्रसङ्गात् । उत्कृष्टञ्च महतः महत्तरमिवाणोरणुतरमेवेति भावः" न्या.सि. मुक्तावली कारिका नं. १५को व्याख्या, पृ. ७३ । अतः सबभन्दा सानो परिमाणयुक्त परमाणुपरिमाण निष्क्रिय छ, त्यसमा स्पन्दन क्रिया हुँदैन । नित्य द्रव्य भएकोले परमाणुपरिमाण प्रलयकालमा पनि विद्यमानै हुन्छ तर सो कालमा त्यसले कुनै काम गर्दैन ।

परमाणुपरिमाण यसमा परिमाण अणु र महत्को भेदले दुई किसिमको हुन्छ । अणुको अर्थ सूक्ष्म हो भने महत्को अर्थ ठूलो । यसमध्ये पनि सबभन्दा ठूलो परिमाणयुक्त द्रव्य परममहत् परिमाण अर्थात् आकाश हो, सबभन्दा सानो परिमाणयुक्त द्रव्य अणु हो, त्यसैलाई परमाणु भनिन्छ । परमाणु द्वचसंयोग भएर द्वचणुकको उत्पत्ति हुन्छ । त्यो ज्यादै सूक्ष्म छ, अतः त्यसको प्रत्यक्ष हुँदैन । तीन द्वचणुकको संयोगबाट त्र्यणुक बन्दछ, त्यो स्थूल हुन्छ, अतः, त्यसको प्रत्यक्ष पनि हुन्छ ।

न्याय वैशेषिकको मतमा सम्पूर्ण सावयव पदार्थ उत्पत्ति र विनाशशील छन् । सम्पूर्ण पदार्थमा अवयव-अवयवीभाव सम्बन्ध पनि छ । त्यसै अवयवको टुक्रा गर्दा गर्दा जहाँ पुगेपछि टुक्रा गर्न सकिँदैन, त्यस्तो अविभाज्य लघुतम अवयव नै परमाणु हो । सो निरवयव परमाणु नित्य निष्क्रिय छ । अवयवको लघुतम परिमाण परमाणु भएझैं महत्तम परिमाण आकाश हो, त्यसभन्दा ठूलो द्रव्य हुँदैन । न्यायवैशेषिक मतअनुसार यो परमाणुवाद आध्यात्मिक वस्तुवादमा आधारित छ । यसलाई कुनै पनि अवस्थामा जडवाद अथवा भौतिकवादको पाटोमा राख्न मिल्दैन किनभने न्यायवैशेषिकको मतमा जडवादको साथै त्यसको स्वतन्त्र सत्ता पनि स्वीकार गरिएको छ । न्यायवैशेषिकहरू आत्मद्रव्यको स्वतन्त्रसत्ता, कर्मवाद, अदृष्ट (धर्म-अधर्म), ईश्वर, सृष्टि, प्रलय एवं त्यसमा निहित नैतिक नियमहरू पनि स्वीकार गर्दछन् ।

परमाणु परिकल्पना विशेषतः वैशेषिकको स्वप्रतिभोत्पादित सिद्धान्त हो। परमाणु परिकल्पनाजस्तै अदृष्ट परिकल्पना पनि न्यायवैशेषिकको विलक्षण दार्शनिक कल्पनाभित्र पर्दछ । अदृष्ट कल्पना पनि विशेषतः वैशेषिककै मतमा आएको छ । परमाणु चिन्तनकै प्रसङ्गमा अदृष्ट कल्पना आएको पाइन्छ । "मणिगमनं सूच्यभिसर्पणम् "वैशेषिकसूत्र-१/१५ अर्थात् जसरी अयस्कान्तमणि (चुम्बक) तर्फ फलाम स्वाभाविक रूपले आकर्षित हुन्छ त्यसरी नै कर्म फलको गति पनि स्वभावतः अदृष्ट (धर्म-अधर्म) तर्फ आकर्षित हुन्छ त्यस्तै वृक्षको जरादेखि हाँगा हुँदै फलसम्म रस चढ्ने पनि अदृष्टकै प्रभावले हो । यो कुरा "वृक्षाभिसर्पणम् अदृष्टकारितम्" वैशेषिकसूत्र ५/२/७ द्वारा स्पष्ट पारिएको छ । जसरी आगोको ज्वाला माथितिर जानु, हावाको गति तेर्सो हुनु स्वाभाविक हो त्यसरी नै मन तथा परमाणुको प्रथम स्पन्दनात्मक क्रिया अदृष्टजन्य हो, स्वाभाविक हो । यो कुरा न्यायवैशेषिक झैं ग्रीक दार्शनिकहरू पनि स्वीकार गर्दछन् । ग्रीक दार्शनिकहरूको विचारमा पनि अदृष्टशक्ति छ । सृष्टिको निम्ति पनि सर्वप्रथम अदृष्ट अपरिहार्य छ । अदृष्टको सहकारिता भएपछि मात्रै ईश्वरेच्छाबाट परमाणुमा स्पन्दन हुन्छ अनि तज्जन्य -परमाणुजन्य) सृष्टि हुन्छ भन्ने कुरा ग्रीकदार्शनिक आचार्यहरू मान्दछन् । यावत् प्राणीका कर्महरू जति छन् ती फरक फरक हुन्छ । केही प्राणीहरू धर्म कर्म गर्न उद्यत हुन्छन् भने केही निषिद्ध कर्म गर्दछन् । विहित कर्म अथवा निषिद्ध कर्म जे सुकै गरे पनि प्राणीहरूका तत् तत् कर्महरू फलोन्मुख हुन लाग्दा अदृष्टप्रेरक मात्र बन्दछ । यावत् कर्मको प्रेरक अदृष्टको प्रेरणाबाट नै आत्मा र परमाणुको संयोग हुन्छ अनि परमाणुमा कर्मको उत्पत्ति हुँदै क्रमशः सृष्टि हुन्छ ।

यसरी विचार गर्दा न्यायवैशेषिकहरूको परमाणुवाद सिद्धान्तसँग कतिपय ग्रीक दार्शनिकहरूको सिद्धान्त मेल खान्छ भने कतिपय दार्शनिकहरूको सिद्धान्त मेल खाँदैन तर जे होस् परमाणु निरवयव, अविभाज्य, अतीन्द्रिय र नित्यद्रव्य हो, सम्पूर्ण जड जगत्को उपादानकारण हो भन्नेमा ग्रीक दार्शनिक र न्यायवैशेषिकमा मतभेद छैन तर चिन्तन परम्परामा केही भिन्नता भने छ । ग्रीक

दार्शनिकहरू परमाणुमा सङ्ख्याभेद मात्र रहन्छ भन्ने मान्दछन् भने वैशेषिकहरू गुणभेद पनि रहन्छन् भन्ने मान्दछन् । त्यस्तै ग्रीक दार्शनिकमत अनुसार परमाणु स्वतः सक्रिय एवं चलनात्मक (चल) हो भने वैशेषिक मतअनुसार परमाणु निष्क्रिय वा अचल हो । परमाणुमा सक्रियता अदृष्टकै माध्यमले हुन्छ । त्यसको प्रेरक अदृष्ट हो । त्यस्तै ग्रीक दार्शनिक मतअनुसार आत्मा अणुनिर्मित हो न्यायवैशेषिकहरू आत्मद्रव्यको स्वतन्त्र अस्तित्व स्वीकार गर्दछन् । उनीहरूको मतमा आत्मा अणु होइन, त्यो विभु एवं नित्य द्रव्य हो । ग्रीक वैज्ञानिकहरू भौतिकवाद वा जडवादका समर्थक हुन् भने न्यायवैशेषिकहरू आध्यात्मिक वस्तुवादका पृष्ठपोषक हुन् । माथि आएका यी नै विषयवस्तुका आधारमा पूर्वीय परमाणुवाद सिद्धान्तसँग ग्रीकपरमाणुवाद सिद्धान्तका केही विषयमा समता र केही विषयमा भिन्नता पाइन्छ भन्न सकिन्छ । समता अथवा भिन्नता जे भए पनि पूर्वीय परमाणुवादमा ग्रीकपरमाणुवादको प्रभाव भने स्पष्ट परेको देखिन्छ ।

सन्दर्भग्रन्थहरू:

आचार्य प्रशस्तदेव- प्रशस्तपादभाष्यम्, चौखम्वा संस्कृत पुस्तकालयाध्यक्षेण जयकृष्णदासमहोदयेन विद्याविलासनाम्निमुदाणालये मुद्रयित्वा प्रकाशितम्, ई.सं. १९२६

भट्टाचार्यो विश्वनाथपञ्चाननः, न्यायसिद्धान्तमुक्तावली, दिनकरी रामरुद्रीटीका,

पं, हरिरामशुक्लः (सम्पा.), वाराणसी, प्रथम संस्करण, वि.सं.२०४५

महर्षिगौतम, न्यायसूत्रम् (प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्), द्वारिकादाशशास्त्री, सुधी प्रकाशन, वाराणसरी वि.सं. २०४३

मिश्र जगदीशचन्द्र, भारतीय दर्शन, चौखम्वा सुभारती प्रकाशन, वाराणसी : प्रथम संस्करण, वि.सं. २०१२ ।

मिश्रः शङ्करः वैशेषिकसूत्रोपस्कारः, प्रकाशकः चौखम्वा संस्कृत सीरीज, आफिस, वाराणसी, प्रथम संस्करण, वि.सं. २०२६

जरो किलो महाअभियानको छैटौं स्थापना दिवस सम्पन्न

काठमाडौं । जरो किलो महाअभियानले छैटौं स्थापना दिवस भव्यताका साथ सम्पन्न गरको छ । युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले गुरुआमा उर्मिला खनाल अधिकारीसहित २०७२ सालको घटस्थापनाको दिन सङ्कल्प लिनुभएर सोही वर्षको माघशुक्ल पञ्चमी अर्थात वसन्त पञ्चमीका दिन आयोजित स्थापना सम्मेलनमा जरो किलो महाअभियानको स्थापना भएको शङ्खधोष गर्नुभएको थियो । त्यसपछि तिथि अनुसार प्रत्येक वर्ष वसन्त पञ्चमीमा स्थापना दिवस मनाईदै आएको छ ।

स्वाथ्य मापदण्डलाई पालना गर्दै सीमित व्यक्तिको उपस्थिमा जरो किलो महाअभियानको आयोजनामा स्थापना दिवसको मुख्य सत्सङ्ग जमलस्थित युग निर्माण महिला समाज नेपालको सभाकक्षमा सम्पन्न भयो । सनातन धर्म महासङ्घ तथा सहृदयता अन्तरराष्ट्रियका अध्यक्षसमेत रहनु भएका सङ्कल्पकर्ता युगद्रष्टा गुरुको अध्यक्षतामा सत्सङ्ग सम्पन्न भएको थियो ।

प्रविधिमार्फत प्रत्यक्ष प्रसारण गरिएको सत्सङ्गलाई सम्वोधन गर्नुहुँदै युगद्रष्टा गुरुले जरो किलो महाअभियान आफ्नो निर्दिष्ट लक्ष्यमा तय गरिएको मार्गवाट अविचलित रूपमा अघि बढिरहेको वताउनुभयो । युगपरिवर्तनसँगै युगप्रवर्तनको महान उद्देश्यसहित संस्थापित भएको जरो किलो महाअभियनले आवश्यक सङ्कथनको अभिनिर्माण गरी मूलप्रवाहीकरण गरिसकेको र विभिन्न विशिष्टीकृत संस्थाहरूमार्फत महाभियानको संस्थानीकरण पनि भइसकेको बताउनुभयो । करिव एक दशक जरो किलो महाअभियानको वारेमा देशभरका जनसाधारणमा सन्देश पुर्‍याउन लाग्ने कुरा स्थापना सम्मेलनवाटै तय भएको वताउनु हुँदै यस कार्यलाई तीव्रताका साथ सुसम्पन्न गर्न सम्पूर्ण अभियानकर्ताहरूको ध्यानाकर्षण पनि गर्नुभयो ।

स्थापना दिवसमा शुभकामना व्यक्त गर्नुहुँदै जरो किलो महाअभियानका संस्थापक उपाध्यक्ष डा. गोविन्दशरण उपाध्यायले शिक्षित, प्रशिक्षित र दीक्षित जरो किलो महाअभियानका विशिष्ट नेतृत्व तथा अभियानकर्ताहरू पुनर्जागरणका सशक्त योद्धाका रूपमा समाजमा सुस्थापित भइसकेको वताउनुभयो । मौलिक ज्ञानधाराको पुनर्जागरण हेतु निष्काम कर्म गरी समाजका सबै तहमा जागरण ल्याउन अभियानकर्ताहरू हरदम क्रियाशिल रहेको कारण महाअभियान सुनिश्चित विजयको पथमा रहेको उहाँले वताउनुभयो ।

कोभिड महाव्याधिको कारणले विगतमा जस्तो एकै स्थान जम्मा भएर स्थापना दिवस आयोजना नगरीकन स्थानीय स्तरमा सत्सङ्गहरू आयोजना गरी देशव्यापि रूपमा तथा प्रविधिमार्फत् अन्तरराष्ट्रिय रूपमा सत्सङ्गहरू आयोजना गरी स्थापना दिवस भव्यताका साथ सम्पन्न भयो ।

श्रीमज्जगद्गुरु-शङ्कराचार्य र उनको गणितचिन्तामणि

✍ माधवप्रसाद पाण्डेय
(विद्यावारिधि)
सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ

१.१ भूमिका

श्रीमद्‌भगवत्पाद आद्यशङ्कराचार्यद्वारा चार वेदको अध्ययन स्थलका रूपमा स्थापित चार मठहरूमध्ये ऋग्वेदीय परम्पराको अध्ययन तथा अनुशरणका लागि स्थापना गरिएको पूर्वाम्नाय श्रीगोवर्द्धनमठ-पुरीका १४३औं श्रीमज्जगद्‌गुरु-शङ्कराचार्य स्वनामधन्यस्वामी श्रीभारतीकृष्णतीर्थज्यू महाराजद्वारा वैदिक वाङ्मयको अनुशीलन गरी वैदिकगणित नामक ग्रन्थको रचना गरिएको थियो भने यही पथ अवलम्बन गर्दै यसै मठका १४५औं श्रीमज्जगद्‌गुरु-शङ्कराचार्य पूज्यपादश्रीस्वामी निश्चलानन्द सरस्वतीज्यूद्वारा वैदिक वाङ्मयको अनुशरण गर्दै अङ्कपदीयम्, स्वस्तिकगणित, गणितदर्शन, वैदिकार्षगणित, गणितचिन्तामणि लगायत थुप्रै ग्रन्थहरू लेखिएका छन्।

उक्त कृतिहरूका माध्यमले स्वप्रज्ञाको आलोकद्वारा अध्यात्मगणित उद्‌भाषित भएको छ। गणितको विवेचना र विश्लेषण गर्ने क्रममा आध्यात्मिक, आधिदैविक र आधिभौतिक अनुभवहरूका आधारमा व्यक्त पारदर्शिताको परिचयले यो कार्य समग्र विश्वमा अत्यन्त प्रभापूर्ण एवं निरन्तरको अनुशीलनले मात्र सम्भव देखिन्छ।

ससीम तथा अपरिसीम दुबै प्रकारको मानको आधारमा गणितको मूलतत्त्व शून्यमा आधारित रहेको देखिन्छ। दृश्यमान वस्तुदेखि अदृश्यमान वस्तुसम्म व्यापक दृष्टिले इन्द्रियलभ्य ज्ञानदेखि अतीन्द्रिय ज्ञानसम्म व्याप्त छ। यी सबै तत्त्वहरूको गणना प्रक्रियाभन्दा उर्ध्वस्तरमा आध्यात्मिक दृष्टिले विवेचन गरी यस प्रकारको ज्ञानप्राप्त हुनु केवल स्वामीज्यू जस्ता विभूतिहरूद्वारा मात्र सम्भव हुन्छ। तसर्थ यस प्रकारको चिन्तनधारालाई राम्रोसँग जान्न र बुझ्न शुद्धचित्त र गहन अध्ययन नितान्त अपेक्षित हुन्छ।

१.२ विषयप्रवेश

पूज्यपादश्रीस्वामी निश्चलानन्द सरस्वतीज्यूका कृतिहरूमध्ये वि.सं. २०६४ सालमा प्रकाशित गणितचिन्तामणि ग्रन्थका विषयमा यहाँ चर्चा गरिन्छ। जसको रचना दार्शनिक शैलीमा गरिएको छ, जसमा वैदिक वाङ्मयको अनुशीलनद्वारा शून्य र एक अङ्कका सम्बन्धमा सम्प्राप्त तथ्यहरूलाई वेदसम्मत दार्शनिकशैलीमा प्रकाश पारिएको छ। वैदिक वाङ्मयको अनुपम निधिका रूपमा शून्य र एक सङ्ख्यासम्बन्धी तथ्यहरू विश्वस्तरमा नै प्रभाव पार्ने गरी उद्‌बोधित भएका छन्। विश्वस्तरका गणितशास्त्र र वैदिक वाङ्मयमा समेत ग्रन्थाभाव भइरहेको र मोक्षशास्त्रका रूपमा गणितको चित्रण सुलभ नरहेको अवस्थामा गुरूपादका कृतिहरू आफैंमा अनुपम महत्त्वका छन्। दार्शनिकहरूमा गणितप्रतिको अभिरुचिमा अभाव र गणितज्ञहरूमा दर्शनको अनभिज्ञता रहेको परिवेशमा आचार्यश्रीद्वारा गणितकै शैलीमा ग्रन्थको संरचना भएको छ। सोही गणितको मूर्तरूपमा गणितचिन्तामणि नामक ग्रन्थ प्रस्तुत भएको हो।

१४३औं श्रीमज्जगद्‌गुरु-शङ्कराचार्य विश्ववन्द्य श्रीभारतीकृष्णतीर्थज्यूद्वारा विरचित विश्वविख्यात वैदिकगणितको व्याख्या र त्यसमा सन्निहित सूत्र तथा उपसूत्रहरूको आधारशीलाको समेत रहस्योद्‌घाटन गर्नका लागि आचार्यश्रीद्वारा वैदिकार्षगणितको रचना गरिएको थियो भने अङ्कपदीयम्, स्वस्तिकगणित र गणितदर्शनको सारार्थका साथै अतिरिक्त सामग्रीसहित दर्शनगर्भित गणितका दृष्टिले नूतन शैलीमा गणितचिन्तामणिको रचना गरिएको छ।

१.३ मूलमर्म

यथा नाम तथा गुणः, गणितचिन्तामणिमा गणितका विभिन्न सूत्रहरू, शून्याभिव्यक्तिहरू, शून्यको भावरूपता, वेद तथा महाभारतादिका ऋचा, मन्त्र र उक्तिहरू समेटिएका छन्। जसमा उल्लेख गरिएको छ -अक्षराङ्कसाम्याभिव्यञ्जनन्यायद्वारा सृष्टिविज्ञान र स्रष्टा सर्वेश्वरको अधिगमको रस-रहस्य अकारादि अक्षर र एक आदि अङ्कहरूमा सन्निहित छ। अकारो वै सर्वा वाक्[1] अकारको सर्वाक्षररूपता श्रुतिसिद्ध छ। नाद-विन्दुमय अनुस्वार अ को मौलिक रूप हो। जस्तै - अ+अ =आ, आ+नादात्मक विन्दु =इ, इ+इ =ई, ई+नादात्मक विन्दु =उ, उ+उ =ऊ, ऊ+नादात्मक विन्दु =ऋ, ऋ+ऋ =ॠ, ॠ+नादात्मक विन्दु =ऌ, तन्त्रानुसार ऌ+ऌ =ॡ, अ+इ =ए, अ+ए = ऐ, अ+उ =ओ, अ+ओ =औ, अ+ं =अं, अ+: =अः।

क-देखि म-सम्मका २५ वर्णहरूको निष्पादन अ, इ, उ, ऋ, ऌ × ए, ऐ, ओ, औ, अं-को योगद्वारा उच्चारण संस्थान साम्यका आधारमा हुन्छ। जस्तै - १= अ हुन्छ, २= इ

---

1 . (क) ऐतरेय, ३, ६, ७, (ख) तैत्तिरीयारण्यक, २, ३, ६।

हुन्छ, ३= उ हुन्छ, ४= ऋ हुन्छ, ५= लृ हुन्छ, ६= ए हुन्छ, ७= ऐ हुन्छ, ८= ओ हुन्छ, ९= औ हुन्छ, १०= अं/अः हुन्छ।

१.३.१ शून्याभिव्यक्ति र त्यसको भावरूपताको सिद्धि

अकारादि अक्षरहरूद्वारा नै एक आदि सङ्ख्या सिद्ध गर्ने क्रममा शून्याभिव्यक्ति र शून्यको भावरूपताको सिद्धिका विषयमा आचार्यश्रीको लेखनी यस प्रकार गतिशील हुन्छ – १+० = १० हुन्छ, त्यसपछि ११, १२, १३ हुँदै १९सम्म पुगेपछि २०को पटकमा २+० = २० हुन्छ, त्यसै गरी २१ देखि ३०, ३१ देखि ४० हुँदै ९०सम्म पुग्छ, अनि ९१ देखि १०० सम्म पुग्दा क्रमशः १ देखि ९ सम्म र शून्यको स्थिति, पुनश्च १ देखि ९ सम्म र शून्यको सर्वाङ्कता सिद्ध गर्दछ। कुनै पनि सङ्ख्यादेखि एक सङ्ख्या घटाउँदा त्यसको पूर्ववर्ती अङ्क प्राप्त हुन्छ। जस्तै – ४–१ =३, ३–१ =२, २–१ =१, १–१ =०, अतः एकको पूर्ववर्ती अङ्क अर्थात् प्रथम अङ्क शून्य भयो। अरू अङ्कहरू घटाउने क्रममा एक पछि अर्को घट्तै जान्छ र अन्तिममा शून्यमा आएर अडिन्छ। यस प्रकार शून्यले के सिद्ध गर्छ भने शून्यको पूर्ववर्ती अङ्क शून्य नै हो। अर्थात् शून्य प्रथम अङ्क हो।

गणनाका क्रममा दशौं स्थानमा रहे तापनि अक्षय अङ्कका दृष्टिले शून्य प्रथम अङ्क सिद्ध छ। अङ्कको उत्कर्षका क्रममा १+१ =२, २+१ =३ आदि क्रम देखिन्छ भने अपकर्षका क्रममा १–१ = ० हुन्छ। अतः शून्य नै उत्कर्ष गणित हो। अतः दार्शनिक दृष्टिले शून्यभन्दा न्यूनाङ्क सिद्ध गर्नु सम्भव छैन। (१–१ = ० लाई ०–० = ० नै हुन्छ।) अतः ०–० = ०लाई अनुशीलन गर्दा शून्य नै अङ्कादि वा प्रथमाङ्कका रूपमा सिद्ध भएको हुन्छ। अझ यसलाई स्पष्ट पारौं ०+१ =१, र १–१ = ० आदिलाई अनुशीलन गर्दा शून्यभन्दा एकएक अङ्क अधिक र एकभन्दा शून्य एक अङ्कले न्यून रहेको तथ्य स्पष्ट हुन्छ। यसरी शून्यलाई एक बनाउन एक अङ्कको अपेक्षा र एक अङ्कलाई शून्य बनाउनका लागि पनि एकको नै अपेक्षा रहने तथ्य स्पष्ट नै छ। अतः ब्रह्म र माया जस्तै शून्य र एकको अनादिता सिद्ध हुन्छ।

अङ्कगणितमा शून्यको समुपलब्धि सर्वप्रथम ९ अङ्कपछि १ संलग्न ० का रूपमा सिद्ध छ। जुन ० को संलग्नताले १ नै दशका रूपमा सिद्ध भएको छ। यहाँ ०–० ~ ०, १–१ = ०, २–२ = ०, आदिमा समाजका सामान्य व्यक्ति मात्र होइन गणितज्ञहरू पनि अभावबुद्धि बनाइरहेका पाइन्छन्। यदि यसो हो भने २०–१० =१०मा रहेको शून्यलाई अभाव रूप मान्ने र २०–१० =१०लाई २–१ = १ नै मान्नुपर्ने बाध्यता हुनसक्छ। अर्थात् २, १ आदिमा संलग्न ० लाई अभावात्मक संझेर निरस्त गरिदिनाले समीकरण स्वरूप २–१ = १ मात्र रहन जान्छ। यस्तो परिस्थितिमा जसको आधारमा दशमलव सिद्धान्त स्थिर हुन्छ त्यही शून्यलाई अभाव मान्दा गणित जगत्मा दशमलव सिद्धान्त नै विलोप हुने खतरा हुनसक्छ।

यद्यपि ०, १, ९, ०, को क्रम र चक्र नै अङ्कगणित हो। अर्थात् जसरी बीजको पर्यवसान फल र फलको पर्यवसान बीज हो, त्यसैगरी बीजात्मक ० को पर्यवसान फलात्मक ९ हो र फलात्मक ९ को पर्यवसान बीजात्मक ० हो। गणितमा १+१ =२, २+१ =३, भएजस्तै ०+० = १ सिद्ध नभएर ०+१ =१, १+१ =२ नै सिद्ध हुन्छ। यदि ०+० = १ हुने भए १+० = २, २+० = ३ आदि स्थितिमा गणित जगत्मै ० को मान्यता र उपयोगिता नै निरस्त हुने थियो। गणितमा ०+० = ० मान्नाले नै ०–० = ०, ०×० = ०, ०÷० = ० सिद्ध हुने हुनाले ० को निर्विकारता चरितार्थ हुन्छ। अनवधानताका कारण नै ० लाई अव्यय रूपता र अभावरूपताका रूपमा पढिएको हो। यो अनवधानता वेदान्तवेद्य आत्माको अभावरूपताकै मान्यता तुल्य रहेको छ।

गणित जगत्मा ० ब्रह्मरूप र १ मायाशक्ति तुल्य मानिन्छ। जसरी वेदान्त प्रस्थानमा माया र मायिक प्रपञ्चको सत्ता, स्फुर्ति र प्रियता ब्रह्मसापेक्ष सिद्ध छ, त्यसैगरी एक आदिको सत्ता, स्फुर्ति र प्रियता शून्यसापेक्ष सिद्ध छ। यस तथ्यको सहिष्णुताका लागि मनन र अभ्यासद्वारा संशय र विपर्ययको निवारण अपेक्षित छ।

यसमा एक आदिदेखि एक आदि ऋण गर्नाले एक आदिको अनुपलब्धि र शून्यको सिद्धि हुन्छ भने शून्यबाट शून्य घटाउँदा पनि शून्यको नै सिद्धि हुन्छ र शून्यको नै प्रथमाङ्कतामा हेतु रहेको हुन्छ। गणितमा २–१ = १ आदि रूप शेषको भावरूपता तथा १–१ = ० रूप शेषको अभावरूपता विसङ्गति हो। यसैगरी १०, २० आदि स्थानहरूमा शून्यको भावरूता तथा ०१ आदि स्थानहरूमा शून्यको अभावरूता रूप विसङ्गतिलाई हटाउन आवश्यक छ। १०१+१०१=२०२, २०३–१०२ = १०१, १००+५० =१५०, १०×१० = १००, १०÷१० = ०१ आदि स्थानहरूकै तुल्य ० को भावरूपता सर्वत्र सिद्ध छ। उक्त स्थानहरूमा ०१+०१ = ०२, ०+० = ०, ०×० = ०, ०÷० = ० यो अनुगत समीकरण हो। यी स्थानहरूमा सर्वत्र ० को अव्ययरूपता परिलक्षित छ। अनभिज्ञतावश ० को यस अव्ययरूपतालाई नै लौकिक तथा तार्किक जनहरूले अभावको मान्यता दिएका छन्। उक्त विवरणबाट १०१, १०२, १०३ आदि स्थानहरूमा मात्र होइन अपितु ०१, ०२, ०३ आदि स्थानहरूमा पनि ० को अव्ययरूपता नै चरितार्थ छ भन्ने यो

तथ्य सिद्ध हुन्छ। वस्तुतः विमर्शाभावकै कारण ०१, ०२, ०३ आदि स्थानहरूमा ० को अभावरूपता स्वीकृत गरिएको छ। यद्यपि १०१, १०२, १०३ आदि स्थानहरूमा ० को भावरूपता स्वीकृत गरिएको छ। यस विसङ्गतिलाई निरस्त गर्नका लागि यत्र तत्र सर्वत्र ० को अव्ययरूपतालाई मान्यता दिनु अपेक्षित छ । तत्त्वपक्षपातो हि स्वभावो धियाम् बुद्धिको स्वभाव तत्त्वको पक्षपात गर्नु हो । यस दार्शनिक पक्षको परिप्रेक्षमा गणित जगत्‌लाई भविष्यमा शून्यको प्रथमाङ्कता र भावरूता अभिमत हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ । रेखाविज्ञानका अनुसार शून्यको अनुगति १ देखि ९ सम्म सिद्ध छ।

वेदमा दशमलव पद्धतिका अनुसार १, १० क्रमले परार्द्धपर्यन्त सङ्ख्याको उल्लेख गरिएको पाइन्छ। जस्तै –

इमा मे अग्न इष्टका धेनवः सन्त्वेका च दश च शतं च शतं च।

सहस्रं च सहस्रं चायुतं च नियुतं च नियुतं च ॥२॥

अर्बुदं च न्यर्बूदं समुद्रश्च मध्यं चान्तश्च परार्द्धश्च।

एता मे अग्न इष्टका धेनवः सन्त्वमुत्रामुष्मिँल्लोके॥३॥द

पुराणहरूमा एकदेखि दश गुणा गणना गर्दा जसलाई अठारौं पटक गनिन्छ त्यस सङ्ख्यालाई परार्द्ध भनिन्छ। जस्तै – (१) एक, (२) दश, (३) शत, (४) सहस्र, (५) अयुत, (६) लक्ष, (७) प्रयुत, (८) कोटि, (९) अर्बुद, (१०) अब्ज वा पद्म, (११) खर्व, (१२) निखर्व, (१३) महापद्म, (१४) शङ्कु वा शङ्ख, (१५) जलधि वा समुद्र, (१६) अन्त्य, (१७) मध्य, (१८) परार्द्ध आदि उत्तरोत्तर दशगुण उत्कृष्ट सङ्ख्या हो।

स्थानात्स्थानं दशगुणमेकस्माद्गण्यते द्विज।
ततोऽष्टादशमे भागे परार्द्धमभिधीयते ॥घ
एकं दशशतं चैव सहस्रायुतलक्षकम्।
प्रयुतं कोटिसंज्ञां चार्बुदमब्जं च खर्वकम् ॥
निखर्वं च महापद्मं शङ्कुर्जलधिरेव च।
अन्त्यं मध्यं परार्द्धं च संज्ञा दशगुणोत्तरा।
क्रमादुत्क्रमतो वापि योगः कार्योऽन्तरं तथा ॥[४]

महाभारतमा परार्द्धानन्तर पर सङ्ख्याको उल्लेख पाइन्छ । परार्द्धशब्द परसापेक्ष नै हुन्छ । जसको उल्लेख यसप्रकार गरिएको छ –

अयुतं प्रयुतं चैव शङ्खं पद्मं तथार्बुदम्।
खर्वं शङ्खं निखर्वं च महापद्मं च कोटयः॥
मध्यं चैव परार्द्धं च सपरं चात्र पण्यताम्।[५]

ब्रह्माजीको आधा आयुका लागि परार्द्ध शब्दको प्रयोग हुन्छ भने पूर्णायुका लागि द्विपरार्द्ध शब्दको प्रयोग हुन्छ । त्यसैले सर्गको अवधि द्विपरार्द्ध र महाप्रलयको अवधि पनि द्विपरार्द्ध नै हुन्छ। महाभारतको उक्त पर शब्दलाई परतर र परतमको उपलक्षण मानेर १८औं सङ्ख्या परार्द्ध, उन्नाइसौं सङ्ख्या पर, बीसौं सङ्ख्या परतर र एक्काइसौं सङ्ख्या परतम सिद्ध हुन्छ। यसरी एक संलग्न बीस ० सम्म वैदिक गणनाको गति चरितार्थ हुन्छ।

दशमलव पद्धतिका दृष्टिले १ संलग्न बीस ० सम्म गणनाको गति विशेष महत्त्वपूर्ण छ । अब क्रमशः ०, १, २, ३, ४, ५, ६, ७, ८, ९ लेख्नाले क्रमशः १०, ११, १२, १३, १४, १५, १६, १७, १८ , १९ सम्म सिद्ध हुन्छ। सोही क्रमले त्यसपछिका अङ्कहरू पनि प्राप्त हुन्छन् र असङ्ख्य गणनासम्म संभव हुन्छ।

१.३.२ योग, ऋण, गुणन र भागसिद्धि

अङ्कहरूको विकाशोन्मुख या ह्रासोन्मुख गणना अङ्कगणित हो । शून्य र एक मूल अङ्क हो । स्वविहिन अङ्क ० हो। शून्यको अनुशीलनले १ को पूर्वाङ्क ० र ० को पूर्वाङ्क ० नै सिद्ध गरेको छ। उत्तर अङ्कको अपेक्षा पूर्व अङ्क निर्विशेष हुन्छ। यस दृष्टिले अङ्क जगत्‌मा निर्विशेषताको अवधि शून्य हो। अङ्क जगत्‌मा विकास तथा विकासोन्मुखताको सिद्धि गुणनबाट संभव हुन्छ भने ह्रासको सिद्धि ऋणबाट सम्भव हुन्छ। भागमा गुणन तथा ऋण दुवै अनुगत हुन्छ र योग अन्तर्निहित हुन्छ। योज्य योजक रूप अङ्कहरूको संयोग योग हो। जस्तै – १+१ =२, २+२ =४, ४+३ =७, ७+५+८ =२० आदि स्थानहरूमा अङ्कहरूको संयोग सिद्ध हुन्छ।

अङ्कविश्लेषण ऋण हो । जस्तै – १–१ = ०, २–१ =१ आदि स्थानहरूमा अङ्कविश्लेष ऋण सिद्ध हुन्छ। गुणक सङ्ख्याको अनुरूप प्रयोग गुणन हो । जस्तै –१×१ =१, २×२ =४, ३×५ =१५ आदि। अर्थात् योज्यसँग योजकले संयोग गर्दा योगफल सुलभ हुन्छ भने गुण्य र गुणकको प्रयोगले पनि गुणनफल सुलभ हुन्छ। योग र भाग दुवैको समाहार गुणन हो। जस्तै –२×३ =६, भन्नाले २+२+२ =६, सिद्ध हुन्छ। अर्थात् २ ले ३ लाई गुणित गरेपछि ६ हुन्छ भने ६÷२ =३, ६÷३ =२ हुन्छ। अतः २+३ =६ हुन्छ।

गुणन र ऋणको सहस्थिति भाग हो। गुण्य भाजक र गुणक भागफल हुन्छ। जस्तै –१५÷२ =७ : १ मा १५ भाज्य हो,

2 . यजुःकाण्वसहिता, अ.१८, अनुवाकः १।
3 . विष्णुपुराण, ६, ४, ४।
4 . वृहन्नारदीयपुराण, २, ५४, १२ – १४।
5 . महाभारत सभापर्व, ६५, ३, १ – २।

२ भाजक हो, ७ भागफल, लब्धि वा लब्धाङ्क हो र १ शेष हो। भागमा सन्निहित लब्धि प्रक्रिया गुणन र शेष प्रक्रिया ऋणको द्योतक हो। भाज्याङ्कको उपलब्धि गुणन र योगबाट मात्र सम्भव छ। जस्तै – ७÷२ =३ लब्धाङ्क तथा १ शेषाङ्क हुन्छ। यसमा भाजक २+भाजनफल ३ =६ र ६+१ =७ हुन्छ।

अङ्काम्नायसिद्धि हेतु महर्षि पाणिनिले श्रीमहेश्वरप्रदत्त अक्षराम्नायरूप अ, इ, उ, ण् आदि १४ सूत्रहरूमा व्याकरणलाई व्यवस्थित गरेका छन्। सोही मार्गको अनुगमन गर्दै अङ्काम्नायरूप अ इ उ ण् ॥१॥ ऋलृक् ॥२॥ एओङ् ॥३॥ ऐ औ च् ॥४॥ हयवरट् ॥५॥ उक्त ५ सूत्रहरूमा गणितशास्त्रलाई सन्निहित गरिएको छ। अङ्काम्नायका अनुसार अकारो वै सर्वा वाक् सैषा स्पर्शोष्मभिर्व्यज्यमाना वह्नी नानारूपा भवति।[6] अकार स्वर तथा स्पर्शदेखि ऊष्मवर्णपर्यन्त सम्पूर्ण वाक् सिद्ध छ। शेष वर्ण अकारको विलास या विवर्त मात्र सिद्ध हुन्छन्।

१.४ अन्तमा

यस प्रकार आचार्यश्रीले छ अध्यायमा गणितचिन्तामणिलाई अनुबन्धित गरेको पाइन्छ। अनुबन्ध, शून्योत्कर्ष, प्रमाणप्रदीप, रेखाङ्कित, अङ्कधर र योगादिपरिभाषा नामक यी छ अध्यायहरूमा उक्त ५ सूत्रहरूका अतिरिक्त ४० सूत्रहरूलाई प्रमाणप्रदीपका रूपमा समुल्लेख गरिएको छ। उक्त सूत्रहरूको अनुप्रयोगद्वारा गणितलाई वेदाङ्ग सिद्ध गरिएको छ। कल्पो व्याकरणं शिक्षा निरुक्तं ज्योतिषं छन्द एतानि षडङ्गानि ॥[7] यसरी षडङ्गहरूमा गणितलाई ज्योतिषका रूपमा वेदाङ्गमा समाहित गरिएको छ। प्रस्तुत ग्रन्थ गणितप्रधान दार्शनिक शैलीमा लेखिएको छ। यसमा शून्यलाई पूर्ण परब्रह्मका रूपमा सिद्ध गरिएको छ र अन्तमा यसको उपसंहारको स्वरूपलाई यसरी रूपान्तरित गर्न सकिने देखिएको छ – ॐ शून्यमदः शून्यमिदं शून्यात् शून्यमुदच्यते शून्यस्य शून्यमादाय शून्यमेवावशिष्यते। ॐ शान्तिः शान्तिः शान्तिः। हरिॐ तत्सत्।

---

6 . तैत्तिरीयारण्यकः, २, ३, ६।

7 . सीतोपनिशत्, ५।

सनातन धर्म अन्तरराष्ट्रिय महासङ्घ स्थापित

काठमाडौं। नवरात्रको महानवमी तिथि एवं राम नवमीको शुभ दिन पारेर २९ चैत सनातन धर्म अन्तरराष्ट्रिय महासङ्घ (इन्टरनेशनल फेडेरेशन अफ् सनातन धर्म) स्थापना गरिएको छ। विश्वका ६ देशका २९ जना धार्मिक अगुवाहरू सम्मिलित रहेको सनातन धर्म अन्तरराष्ट्रिय महासङ्घको अन्तरराष्ट्रिय समितिका अध्यक्ष काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक डा. निर्मलमणि अधिकारी हुनुहुन्छ। डा. अधिकारी विश्व प्रसिद्ध सञ्चार सिद्धान्तकार, लेखक एवं जरोकिलो महाअभियानका सङ्कल्पकर्ता हुनुहुन्छ।

अन्तरराष्ट्रिय समितिमा नेपाल, भारत, अमेरिका, बेलायत, क्यानाडा र रसियाको प्रतिनिधित्व रहेको छ। नेपालवाट सनातन धर्म महासङ्घ नेपालले सनातन धर्म अन्तरराष्ट्रिय महासङ्घको संस्थागत सदस्यता लिएको छ। अन्तरराष्ट्रिय समितिमा नेपालका तर्फवाट डा. अधिकारीका साथसाथै डा. गोविन्दशरण उपाध्याय, प्रा.डा. वीणा पौड्याल, प्रा.डा. अजय रिसाल, सहप्राध्यापक डा. मुकुन्द लामिछाने, ईश्वर थापा, यादव भण्डारी र सजना केसी रहनुभएको छ। नेपाल राष्ट्रिय समितिका अध्यक्ष डा. माधवप्रसाद लामिछाने अन्तरराष्ट्रिय समितिका पदेन सदस्य हुनुहुन्छ।

समितिमा भारतका तर्फवाट प्राध्यापक डा. चन्द्रकान्त प्रसाद सिंह, सहप्राध्यापक डा. भार्गवी हेमिगे, सहप्राध्यापक डा. आदित्य कुमार शुक्ला, डा. निभा सिन्हा, डा. नरेश सचदेवा, डा. अमिताभ सत्यम्, आचार्य युवराज शरण र सहायक प्राध्यापक नन्दिता गोन रहनुभएको छ। अमेरिकाबाट आवाल ब्रह्मचारी रवर्ट लिन वालेस, डा. लक्ष्मीनारायण ढकाल, पं. तुलसीराम शर्मा, पं. यादव भट्टराई, विदुषी देविका खनाल, योगेन्द्र चुडाल, वेदनिधि लुइँटेल, कमल धिमाल र पुष्पा अधिकारी गौतम अन्तरराष्ट्रिय समितिमा रहनुभएको छ। चुडाल सहृदयता इन्टरनेशनल युएसएका अध्यक्ष, लुइँटेल सहृदयता अन्तरराष्ट्रियका अध्यक्ष र धिमाल ग्लोवल भूटानिज् हिन्दू अर्गनाइजेशन (विश्व भूटानी हिन्दू सङ्गठन) का अध्यक्ष हुनुहुन्छ। क्यानाडाबाट डा. खेम नेपाल, रसियाबाट डा. लालप्रसाद गैरे र बेलायतबाट सूर्यप्रसाद उपाध्याय उक्त समितिमा हुनुहुन्छ। उपाध्याय नेपाली हिन्दू फोरम युकेका अध्यक्ष हुनुहुन्छ।

सनातन धर्म अन्तरराष्ट्रिय महासङ्घ स्थापनाको अवसरमा काठमाडौंमा धार्मिक विधिपूर्वक सङ्कल्प र स्वस्तिवाचन कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा नेपालका प्रतिनिधिहरू प्रत्यक्ष सहभागी भएको र अन्य देशबाट अनलाइन सहभागिता जनाएको जानकारी डा. गोविन्दशरण उपाध्यायले दिनुभयो। अन्तरराष्ट्रिय समितिमा हाल ६ देशको प्रतिनिधित्व रहेको र अन्य देशबाट क्रमिक रूपमा प्रतिनिधित्व गराइने पनि डा. उपाध्यायले बताउनुभयो।

एउटा बेहोस राष्ट्रको कथा

✍ डा. गोविन्दशरण उपाध्याय

एउटा अनादि, प्राचीन र सुन्दर राष्ट्र थियो र त्यही राष्ट्र अहिले छ । त्यो नेपाल हो । पुराना इतिहासहरू भन्छन् - त्यो राष्ट्रका निर्माता देवता हुन् । त्यो राष्ट्र नै देवताको राष्ट्र हो । त्यहाँका मान्छे नै देवता हुन् । कसैले त्यस राष्ट्रलाई भारतवर्ष भन्छन्, कसैले आर्यावर्त भन्छन्, कसैले उत्तरभारत भन्छन्, कसैले हिमवत्खण्ड भन्छन् भने अहिले नेपाल भन्छन् । जेजस्तो नाम भए पनि, जोजसले नामकरण गरे पनि त्यो नेपाल हो र साँच्चिकै अनादि राष्ट्र नेपाल नै हो । त्यहाँका मान्छे, पशुपक्षी, वनस्पति सबैको साझा र आदिथलो हो । ऋषिले राष्ट्र वनाएको भए पनि र राष्ट्रमा ऋषिले तपस्या गरेको भए पनि विवाद थिएन । ऋषिहरूमा राष्ट्र र राष्ट्रमा ऋषिहरू साधनारत थिए । त्यसैले त्यो उहिलेको नेपाल थियो, अहिले पनि छ तर मान्छे फेरिएका छन्, सोच फेरिएको छ, साधना वदलिएको छ ।

हिमालय, पहाड र तराईले सजिएको राष्ट्र अद्भूत थियो । तराईदेखि हिमालयका मान्छेहरू खुसी थिए, आपसमा मिलेर बसेका थिए । गरिवी, अशिक्षा थियो तर एकआपसमा शत्रुता थिएन । सबै आ-आफ्नो चलन मान्थे । अर्काको चलन, भाषा, भूगोलदेखि समस्या थिएन । वोलीचाली नवुझे पनि एकअर्काको संस्कृतिमा रम्थे, रमाउँथे, खुसी दिन्थे, खुसी लिन्थे । दुःख लिन्थे, सुख दिन्थे । सवैलाई आफ्नो र अर्काको खुसीको चासो थियो । दुखमा सहयोग थियो, सहभागिता थियो । गरिवी थियो, भोक थियो, अशिक्षा थियो तर असत्य थिएन, छलकपट थिएन, भष्टाचार थिएन, लुकाएर एक्लै भकारी भर्नु पर्ने केही थिएन ।

सवैका आ-आफ्ना कथा थिए । सवैका आ-आफ्ना मन थिए । सवैका आआफ्ना स्वाद थिए । सुख थियो भन्न नसकिए पनि व्यक्तिगत सुखका लागि अर्कालाई दुःख दिने वुद्धि थिएन । छिमेकीले आफ्नो संस्कृति र संस्कार मान्दा शत्रुतापूर्ण व्यवहार गर्ने सोच थिएन । जे-थियो प्राकृतिक थियो, जे थियो त्यस्तै थियो । मान्छेमा एकअर्काप्रति घृणा त कत्ति पनि थिएन । नाक चुच्चो भएको छिमेकीलाई देखेर मन दुखाउने कोही थिएन । छिमेकीले फरक भाषा वोलेको सुनेर त्यसको आलोचना गर्ने कोही थिएन ।

हजारौं वर्षदेखि त्यो राष्ट्रको राष्ट्रियता सवैले मिलेर निर्माण गरेका थिए । राष्ट्रभित्र वस्ने छिमेकीलाई 'शरणार्थी' भनेर हेला गर्ने कसैसँग सोच र अवकाश थिएन । राष्ट्रभित्रका हरेक व्यक्ति आदिवासी थिए, राष्ट्रका उत्तराधिकारी नागरिक थिए । कसैले आफूलाई सनातनी भन्थे, कसैले आफूलाई जैनी, भन्थे, कसैले आफूलाई वौद्ध भन्थे, कसैले आफूलाई वोन्पो वोल्थे, कसैले आफूलाई किराती भन्थे । कसैले 'म जे जस्तो छु त्यही नै मेरो परिचय हो" भन्थे । सवैले आफू राम्रो, असल र राम्रो ठान्थे । अर्कोलाई पनि आफूसरह नै महत्त्व दिन्थे । सवै समवेत रूपमा अनादि राष्ट्रका नागरिक थिए । राष्ट्र र राष्ट्रियता सवैको साझा थियो ।

एकदिनको कुरा हो - सुदुरवाट एउटा मान्छे त्यो सनातन राष्ट्रमा पस्यो । त्यो मान्छे अचम्मको रूप भएको थियो । ऊ अचम्मको भाषा वोल्थ्यो । अचम्मका कुरा सुनाउँथ्यो । त्यो राष्ट्रको खुसी देखेर उसलाई डाहा लाग्यो । राष्ट्रका नागरिकहरू बीच मिल्ती देखेर उसलाई पचेन । एकै ठाउँमा सवै मिलेर वसेको उसको लागि सह्य भएन । उसले एउटा किताव निकाल्यो । उसले भन्यो ' एउटा जाति, एउटा धर्म, एउटा भूगोल, एउटा भाषाले राष्ट्र वन्छ । एकआपसमा मिसिएर वस्नु, एकअर्काका भाषाको सम्मान गर्नु, एकअर्काको धर्ममा सरिक हुनु र सुखदुखमा सहयोगी वन्नु राष्ट्र विरोधी व्यवहार हो । एउटा भाषा, एउटा जाति, एउटा संस्कार, एउटा धर्म, एउटा परमेश्वर मात्र सत्य हुन्छ । तिम्रो विचारसँग सहमत नहुनेको कुनै राष्ट्रियता हुँदैन । ती आक्रमणकारी हुन् ।' उसले यी सवै लेखिएको एउटा पुस्तक खोलेर देखायो । उसले भन्यो 'विश्वको एकमात्र सत्यापित पुस्तक यही मात्र हो । यदि तिमीले यो कुरा पत्याएनौ भने नर्कमा जाकिने छौ । विश्वको राजनीति यसै कितावबाट नियन्त्रित हुन्छ ।'

त्यसवेला केही मान्छेले मात्र त्यसको कुरा पत्याए । उसले आफ्नो देशका अचम्मका कुरा सुनायो ।

आफ्नो कुरा नपत्याउनेहरूलाई उसले आफूसँग वोकेर ल्याएको सुनका टुक्रा दियो । एकान्तमा लगेर सुनैसुनले भरिएको देशमा लैजाने वाचा गर्‍यो । केहीले पत्याए, केहीले सुनका टुक्राहरू लिएर पत्याएको नाटक गरे । केही मान्छेहरू सुनका टुक्राहरू पाएर 'त्यो मान्छेले वोकेको किताव र त्यो मान्छे वस्ने देश सुनैसुनले भरिएको' भन्दै गवाही दिए । एउटा गाउँले मान्छेले त्यो अचम्मको कुरा पत्याएन । उसले 'सुनका टुक्रा दिएर मान्छे किन्ने' मान्छेहरूका वारेमा सुनेको रहेछ । उसले भन्यो ' यो मान्छेले किताव देखाउँदै सुनका टुक्राहरू दिएर हाम्रो राष्ट्रियता किन्दै छ । यसको कुरा नपत्याउँ । वरू हामी सवै मिलेर यसलाई देश निकाला गरौं ।' अनि, त्यो मान्छे र त्यसका चेलाहरू देश निकाला गरिए । यसरी राष्ट्र र राष्ट्रियता दुवै सुरक्षित रहे ।

तैपनि सुदूरपश्चिमका मान्छेहरू थरिथरिका कितावहरू वोकेर त्यो राष्ट्रमा आउन छोडेनन् । कहिले धर्मको किताव, कहिले न्यायको किताव, कहिले राजनीतिको किताव वोकेर निरन्तर आइ नै रहे । उनीहरू थाकेनन् । हरेक पटक आउँदा केही मान्छेलाई सुनका टुक्रा दिएर आफूतिर तान्ने प्रयत्न गरे । आफूलाई सहयोग गरे 'सुनैसुन भएको देशमा' लैजाने सपना देखाए । आफ्नो कितावमा लेखिएको सिद्धान्तले त्यो देशलाई पनि 'आफ्नै देशजस्तो वनाउँने' लोभ दिए ।

अन्ततः उनीहरू सफल भए । सुनका टुक्रा लिएर राष्ट्रियता वेच्नेहरू फेला पारे । उनीहरूले समुद्र पारीको देशवाट ल्याएका कितावहरूको ज्ञान त्यो राष्ट्रका जनतालाई घोकाउने ठेक्का प्राप्त गरे । सुनका टुक्राहरू लिएर कसैले 'पवित्र ग्रन्थ' समाए भने केहीले 'राजनीति'का कितावहरू वोकेर सर्वसाधारणसम्म जाने वाचा गरे । धर्मको किताव वोक्ने होस् वा राजनीतिको किताव वोक्ने नै किन नहोस् - दुवैमा एउटा साझा समानता थियो - दूवै सुनको टुक्रामा विकेका थिए र त्यो राष्ट्रलाई 'सुदूरपश्चिमको त्यो मान्छेका हातमा सुम्पने वाचा' गरेका थिए । अनि, दुवै आ-आफ्ना कितावहरू वोकेर वाहिर निस्किए ।

धर्मको किताव वोक्नेहरूले सर्वसाधारणसँग गएर भने 'यो साँचो धर्मको किताव हो । यो किताव राख । तिमीले स्वर्ग र सुनका टुक्रा दुवै पाउने छौ । आजदेखि तिमीसँग भएको पुरानो धर्मको किताव आगो लगाऊ । तिमीले स्वर्ग पाउने छौ । यी सुनका टुक्राहरूवाट तिमीले आफ्नो संसारलाई यहीं स्वर्ग वनाउँन सक्ने छौ ।' राजनीतिको किताव वोक्नेहरूले भने 'हाम्रो इतिहास नै छैन । त्यहाँका विद्वान्हरूले लेखेको यी कितावमा यस्तो लेखिएको छ । अचम्मका मान्छेहरूले लेखेको कुरा झूटो हुनै सक्दैन । इतिहास नभएका राष्ट्रको उन्नति, विकास, प्रगति र सम्भावना हुँदैन । हाम्रा पुर्खाहरूले वनाएका संस्कारहरू, नियम कानुनहरू, रीतिरिवाजहरू काम नलाग्ने छन् । त्यसैले यो कितावले भनेका कुरा मानौं । हामी साँच्चिकै रोग, शोक, भोक र अशिक्षावाट मुक्त हुनेछौं । हामीले प्रगति गर्नेछौं ।' अनि, किताव खोलेर टाढाको देशका रङ्गीन फोटोहरू देखाए । मोटाघाटा मान्छे, अग्लाअग्ला घर, सुन्दर वाटाहरू र खाइलाग्दा मान्छेहरूको फोटो देखाए । तर आफूले 'सुनको टुक्रा' लिएको कुरा कसैलाई भनेनन् । उनीहरूले जो-जसलाई सुनका टुक्रा दिए, उनीहरूले पनि कुरा लुकाए ।

मान्छेहरूले 'गाउँले वूढा'ले भनेका कुराहरू पत्याउन छाडे । 'किताव' वोक्नेहरूका कुरा स्थापित हुँदै गए । सुनको टुक्रा वोक्नेहरू गाउँगाउँमा फैलिए । 'वूढा'ले दिएको अर्तीलाई 'झूटो' भनेर प्रचार गर्न 'पवित्र किताव' देखाए । अनि, त्यो किताव वोकेर 'अचम्मका' मान्छेहरू गाउँगाउँ पसे । टाढावाठालाई सुनका टुक्रा दिएर, अशक्त र गरीवहरूलाई 'परमेश्वर र कितावको डर' देखाएर र केहीलाई 'भविष्यको सुख देखाएर आफ्नो जालमा पारे । यता राजनीतिको किताव वोक्नेहरू 'प्रगति, विकास, समानता, रोग, भोक, शोक, दुःख तथा अत्याचार'वाट मुक्तिको कथा सुनाएर सर्वसाधारणलाई लट्ठ पार्न थाले ।

अनि, भूगोलका नाममा लडाइँ लड्न थाले । भाषाका नाममा एकअर्कालाई गालीगलौज गर्न थाले । जातिका नाममा एकअर्कालाई घृणा गर्न थाले । धर्मका नाममा छिमेकीमाथि वम प्रहार गर्न थाले । वुद्धको मूर्ति भञ्जन गरेर दिपावली मनाइयो । मास्टरलाई काटेर 'देश भक्तिको तकमा' थापियो । निरपराध वालकहरूको टुप्पी काटेर ' प्रगतिशील र वैज्ञानिक' वन्ने नाटक मञ्चन गरियो । अन्ततः टाउको को मोल तोक्ने र तोकिने एकै ठाउँमा उभिएर 'सुनको टुक्रा दिनेहरूलाई धन्यवाद दिन' नयाँ संविधान निर्माण गरियो ।

आज त्यो देश सुनका टुक्रामा वेच्नेहरू जिउँदै स्वर्गमा छन् । किताव वोकेर हिड्नेहरू मख्ख छन्, खुसी देखिन्छन्, उत्साहित देखिन्छन् । तर जसले कुरा पत्याएका थिए उनीहरू निराश, हताश र ठगिएको अनुभव गरिरहेका छन् । 'चोक्टा खान गएकी वूढी झोलमा डुवेर मरी' भन्दै पछुताउ गरिरहेका छन् । अचम्मको कुरा त के भने आज पनि ती विदेशी मान्छेले सुनका टुक्राहरू दिएर घरघर पुर्‍याएका सुनौला कथाहरूमा यो देशका मान्छेहरूको भ्रम

टुटेको छैन । आज पनि सुनका टुक्रामा स्वर्ग भोग्ने र त्यो किताव लिएर गाउँगाउँ पसेका अचम्मका मान्छेहरूप्रति विश्वास घटेको छैन । त्यो देशमा धेरै मान्छेहरूको बुद्धिले 'विदेशी किताव' गलत हो भनिरहेको छ तर लोभी 'मन' सुनका टुक्रा पाएर मोज गरिरहेकाबाट अझै आश मरेको छैन ।

आज ऋषिमुनिहरू र तिनका सन्तानहरूको साझा देश आफैँमा अचम्मको 'अर्धवेहोस' नागरिकहरूले भरिएको राष्ट्रका रूपमा स्थापित भएको छ। आफ्नो रैथाने ज्ञानभन्दा विदेशीहरूको भनाइमा विश्वास गर्ने नागरिकहरूको राष्ट्रको रूपमा स्थापित भएको छ। आफ्नो भाषा, संस्कृति, धर्म, संस्कार, रीतिरिवाज तथा ज्ञानलाई गौरव गर्ने भन्दा अचम्मको देशवाट ल्याएका कितावहरूको भाषा, संस्कृति र ज्ञानमा विश्वास गर्ने नागरिकहरूले भरिएको राष्ट्रमा रूपान्तरित भएको छ । अहिले 'नेपाल अनादि राष्ट्र हो, सवैले निर्माण गरेको साझा संस्कृति हो, ऋषिमुनिहरूले वेद साक्षात्कार गरेको पवित्र भूमि हो, विश्वका लागि अध्यात्मिक ज्ञानको स्रोत हो, ज्ञानहरूको भण्डार हो र यिनैका आधारमा नेपाल विश्वमा अग्रणी हुनसक्छ, आफ्नो गौरवशाली इतिहासमा गर्व गर्दै विश्वमा नेपाल प्रतिष्ठित गरौँ' भनेर आह्वान गर्नेहरू अपहेलित हुन्छन् ।

आज देवताले वनाएको देवताहरू (असल मान्छेहरू) वस्ने त्यो नेपाल विदेशीले दिएको कितावमा विश्वास गरेर अर्धवेहोसीको अवस्थामा वुझ्ने, सोच्ने र काम गर्ने नागरिकहरूले भरिएको छ। त्यो राष्ट्रको विद्यार्थीले आफ्नो देशको लागि नपढेर विदेशीका लागि पढ्छ, राजनेताले आफ्नो देशको लागि राजनीति नगरेर 'अचम्म'को सपना देखाउने मान्छेको लागि राजनीति गर्छ, अर्थशास्त्रीले राष्ट्रको लागि होइन परराष्ट्रको लागि आर्थिकता तय गर्छ, सामाजिक सङ्घसंस्थाहरूले परदेशीलाई खुसी पार्न काम गर्छन्, विदेशीले पत्याउँदा खुसी हुन्छ, स्वदेशी खुसी हुँदा डराउँछ । आफ्नो इतिहासमा टेकेर राष्ट्र निर्माण गरौँ भन्दा तर्सिएर भाग्छ। प्रगति र प्रगतिशीलताको नाटकको नक्कली पात्र वनेर प्रजातन्त्रको नाटक मञ्चन गर्छ ।

सुनको टुक्रामा वेचिएकाहरूमा विश्वास गर्दा त्यो राष्ट्रले 'विद्यालयहरूमा आफ्नो मातृभाषा वोल्दा' कलिला वालवालिकाहरूलाई दण्डित गर्न प्रोत्साहित गर्छ। स्वदेशी राष्ट्रभाषाको विरोध गरेर स्थानीय विकासका नाममा विदेशी भाषालाई अनिवार्य वनाउँछ र त्यसमा गर्व गर्छ । कर्तव्यको कत्ति पनि वास्ता गर्दैन तर अधिकारका लागि आफ्नै छिमेकीको घरमा आगो लगाउँदा 'क्रान्तिकारी' भएको धाक लगाउँछ । कितावभित्र लुकाएको सुनको टुक्राको लागि काम गर्नेहरूमा विश्वास गर्दै अर्धवेहोस, सम्मोहित तथा निर्णयक्षमता गुमाएको हुँदा त्यो राष्ट्र अर्धनिन्द्रित, अर्धवेहोस र सम्मोहित छ। सम्मोहित अवस्थामा अर्धचेतनामा 'सुनको टुक्राका स्वामीहरूले' हरेक पल, हरेक घडी, हरेक दिन, हरेक महिना 'समानता, प्रगति, विकास, सम्मान, अधिकार, स्वास्थ्य, सम्मानित तथा भोक, शोक र रोगरहित' जीवनको मन्त्र पाठ गरिरहेका छन् । अर्धचेतनामा रहेका त्यो राष्ट्रका नागरिकहरू फेरी पनि तिनैका आश्वासनहरूमा विश्वास गरिरहने छन् ।

आफ्नो रैथाने मौलिक इतिहासमा टेकेर त्यो राष्ट्रलाई विश्वमा अग्रणी वनाउँन सकिन्छ भन्नेहरू अझैं पनि 'मूर्ख, अप्रगतिशील र पछौटे' ठहरिने छन् । तैपनि उनीहरूको उत्साह कम हुने छैन । सुनका टुक्रामा विक्नेहरू र अर्धवेहोसी अवस्थामा रहेकाहरू भन्दा उनीहरूको उत्साह जव्वर छ । अर्धवेहोसीमा रहेकाहरू जाग्ने छन् र सुनका टुक्राहरूले तयार पारिएको स्वर्ग ध्वस्त हुनेछ। सधैं क्रियाशील रहौं, सधैं जागृत रहौं र सधैं वेहोसीवाट जगाउने उद्योगमा लागि रहौं । देवताहरूले निर्माण गरे को त्यो देशमा फेरी एकपटक देवताहरूको राष्ट्र स्थापित हुनेछ। त्यो राष्ट्र पुन: सगरमाथाझैं विश्वको अग्रणी हुनेछ ।

वैज्ञानिक सत्ययुगको आधारशिला पढ्दा

✍ सितालक्ष्मी प्रजापति

वैज्ञानिक सत्ययुग स्थापनाको लक्ष्यसहित युगद्रष्टा गुरुले जरो किलो महाअभियानको सङ्कल्प लिनु भएको हो । प्रचीनतम् सत्ययुगको सुखमय अवस्थाको पुनर्जागरण गरी आउने आधुनिक सत्ययुगलाई वैज्ञानिक सत्ययुगको रूपमा परिभाषित गरिएको हो । सुख सबै चाहान्छन् । तर सुखको मान्यतामा समानता छैन । सुखको अवधारणाहरू विभिन्न समाजमा विभिन्न तरिकाले अभिव्यक्त भएका छन् ।

हाम्रो मौलिक मान्यतामा सुखको अवधारणा र त्यसको आधारहरू रामराज्य र सत्ययुगको अवधारणाहरू लोक जीवनमा चर्चामा रहका छन् । तर वर्तमान सङ्कथनमा नेपालको मौलिक अवधारणाहरू भन्दा पनि पराई विचार र सिद्धान्त हावी भइरहेको सन्दर्भमा मौलिक सुख तथा आनन्दको अवधारणा पनि ओझेल पर्न लागेको अवस्था छ । पराई प्रतिमान अनुसारले विकास र समृद्धिको व्याख्न भएको हामी पाउँछौं । त्यसैको आधारमा सुख, अमन, चैन र आनन्द प्राप्त हुने खाका प्रस्तुत भएको हामी पाउँछौं ।

मौलिक सङ्कथनमा समृद्ध परम्परा रहेको नेपालजस्तो ज्ञानभूमि तपोभूमिमा आफ्नो सुखको अवधारणा के हो ? यसको आदर्श के हो ? यसका आधार के हुन् ? यो कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा पनि मनग्य चिन्तन भएका छन् । समाज गतिशील छ । प्राचीन इतिहासमा अवलम्वन गरिएको आवधारणा तत्कालीन समाजको लागि उपयोगी भएकै कारणले वर्तमानमा हामीले प्रतिमानका रूपमा लिन योग्य भएका हुन् । र युगमा आएको परिवर्तनले गर्दा समाजमा आएको परिवर्तनले गर्दा ती अवधारणाहरूमा समयसापेक्ष अद्यावधिक हुनु अपेक्षित छ ।

युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले मौलिक प्रतिमानमा रहेको सुख, सुखको अवधारणा, यसको आदर्श र आधारहरू यसलाई प्राप्त गर्ने मार्ग चित्रहरूको परिकल्पना, अवधारणा, सिद्धान्तको सङ्क्षिप्त र आधारभूत व्याख्यासहित वैज्ञानिक सत्ययुगको आधारशिला पुस्तक प्रकाशित भएको छ । सत्ययुगको प्राचीन अवधारणामा युगीन अद्यावधिक गरी वैज्ञानिक सत्ययुगको आधारशिला युगद्रष्टा गुरुले प्रस्ताव गर्नुभएको छ। युगद्रष्टा गुरुले आयोदधौम्यको नामबाट २०६१ सालमै वैज्ञानिक सत्ययुगको आधारशिला पुस्तक प्रकाशित गर्नुभएको थियो । त्यसवेला युगनिर्माण अभियान नेपालले उक्त पुस्तक प्रकाशन गरेको थियो ।

वि.सं २०७२ सालमा जरो किलो महाअभियानको स्थापना भएपछि यसको प्रचार र विस्तारको क्रममा युगद्रष्टा गुरुका दशकौं पुराना रचना, लेख, पुस्तकहरू खोजीखोजी पढ्ने समूह पनि वृद्धि भयो । र उहाँहरूको आग्रहमा जरो किलो महाअभियानको विशिष्टीकृत संस्था युगनिर्माण महिला समाज नेपालको अग्रसरतामा वैज्ञानिक सत्ययुगको आधारशिला पुस्तकको दोस्रो संस्करण प्रकाशित भएको हो । मौलिक प्रतिमान अनुसार सुखमय समाजको अद्यावधिक आवधारणाको रूपमा वैज्ञानिक सत्ययुगको आधारशिला पुस्तक प्रकाशित भएको छ। पुस्तकलाई ११ खण्डमा विभाजित गरिएको छ ।

पहिलो अध्यायमा सुख, आनन्दको लागि चीरकालदेखि नेपाली समाजमा चर्चामा रहेको रामराज्य र सत्ययुगको अवधारणा बारे बताइएको छ । प्राचीनतम् अवधारणा सत्ययुगको प्रतिमानमा रहेको वैज्ञानिक सत्ययुगको अवधारणा स्थितिगत्यात्मक तरिकाले आएको छ । वैज्ञानिक सत्ययुगको अवधारणामा सत्ययुगले स्थिति र विज्ञानले गतिको द्योतकका रूपमा रहेको जनाइएको छ ।

अभाव नभएको, भोक, रोग, शोक नभएको, दास र मालिक, धनी र गरिव नहुने, हैकम चलाउने र हैकममा दविने नहुने, कोही श्रोतसाधनले पुरिने काही जीवनजल नपाउने अवस्था नहुने र संसारका सवै मानिसले चाहेको सुखको साम्राज्य हुने प्रणाली नै सत्ययुग हो । सारा चराचर जगत्लाई सहृदयतामा आधारित भएर सार्वजनीन सुख दिने सुखमय प्रणाली सत्ययुग हो । त्यही सत्युगको युगीन अर्थापन गरी अभिनिर्माण गरिएको अद्यावधिक अवधारणा नै वैज्ञानिक सत्ययुग भएको कुरा पहिलो अध्यायमा उल्लेख गरिएको छ ।

दोस्रो अध्यायमा ऋत, धर्म, दण्डनीति र कानुनको वारेमा वताइएको छ । सत्ययुगको प्रारम्भिक अवस्थामा ऋतको आधारमा समाज चल्दथ्यो । प्राकृतिक रूपमै अथवा स्वतस्फूर्त रूपमा धर्मको पालन भएको अवस्थालाई ऋत भनिन्छ । ऋतको प्रकटित रूप नै धर्म हो । प्राकृतिक रूपमा भन्दा पनि ऋतलाई मान्यताका रूपमा लिएर व्यवहार गर्दा त्यो धर्म वन्यो । राज्यको उत्पत्ति भएपछि ऋषिसत्ता र राजकीय सत्ता अस्तित्वमा आयो । धर्मको शासन पनि क्षीण भएपछि दण्डनीति(विधि र निषेधको नियम)को अभिनिमार्ण गरियो । आजको युगमा कानुनको शासन वा विधिको सर्वोच्चता भनेर त्यसैलाई नै युग अनुसारको व्यवहार गरिएको हो । कानुनी शासनको पूर्ण पालना भएपछि दण्डनीतिको आधार तयार गर्छ । दण्डनीतिको पूर्ण पालना भएपछि त्यसले धर्मको व्यवस्थालाई स्थापित गराउँछ र स्वतस्फूर्त रूपमा धर्मको पालना हुने अवस्थामा ऋतको अवस्था आउँछ । त्यही ऋतको अवस्था नै सत्ययुगको मर्म भएको यस अध्ययमा व्यख्या गरिएको छ ।

तेस्रो खण्डमा पूर्वको उज्यालो यात्रा रहेको छ । यसमा मौलिक ज्ञानपरम्परामा रहेको सत्वज्ञान र अन्यत्रको परम्परामा रहेको ज्ञानको सारसंक्षेपमा अध्ययन गरिएको छ । मौलिक ज्ञानले वोकको आत्मजागरण सम्मको गहनताको अगाडि कम्युनिष्ट पूँजीवादी कपूतन्त्रको सीमितता स्पष्ट रूपले झल्केको छ । पाश्चात्य जगतमा भएका आविष्कार, निर्माण, विकास लगायतका प्रविधिको प्रगतिलाई आत्मसात गर्ने तर मौलिकतामा रहेको वृहद् परम्परालाई नै प्रतिमानको रूपमा अगाडि वढाएर पूर्वीय उज्यालो ज्ञानपरम्परालाई थप जाज्वल्यमान वनाउने प्रयास गरिनुपर्ने कुरालाई पुस्तकमा जोड दिइएको छ ।

चौथो खण्डमा सार्थक जीवनका लागि सार्थक जीवन-दृष्टि रहेको छ । यस खण्डमा सहृदयता दर्शनमा आधारित वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञानको जीवन-दृष्टि नै सार्थक जीवनको आरम्भ विन्दु भएको उल्लेख छ । मौलिक क्रान्ति सत्ययुगतर्फ उन्मुख छ । तर पराई प्रतिमानमा आधारित क्रान्ति वन्धुहत्यामा रमाउने र सभ्यतालाई रक्तपच्छे पार्ने खालको भयो । सर्वेभवन्तु सुखिनको आवधारणामा आधारित हाम्रो मौलिक जीवन दृष्टि नै सार्थक जीवन-दृष्टि भएको उल्लेख गरिएको छ ।

पाँचौंमा नेतृत्व र प्रणाली दुइटैमा मौलिकता खण्ड रहेको छ । प्रणाली र नेतृत्व दुवैमा सहि छनोट आवश्यक छ । कम्तीमा पनि नेतृत्वमा रहने प्रत्येक व्यक्ति शिक्षित, प्रशिक्षित र दीक्षित भयो भने पात्रताको उपयुक्त विकास हुन्छ । प्रत्येक प्राचीन वाङ्मयमा सभा, समिति र परिषद्को समन्वित प्रणालीको चर्चा रहेको र राज्यराष्ट्र सिद्धान्तको अभिनिर्माणपछि कोही पनि, अनागरिक, असहाय, भोको, नाङ्गो, अस्वस्थ, दुःखी नहोस् भन्ने हेतुले संरचना परिकल्पना भएको उल्लेख छ ।

छैटौं खण्डमा सवैलाई वैज्ञानिक सत्ययुग प्राप्तिको महाअभियानमा स्वागत गरिएको छ । वैज्ञानिक सत्ययुगको यात्रामा कसैलाई पनि कुनैपनि वहानामा पूर्वाग्रह गरिने छैन । कपुतन्त्रले कुनै एक वर्गको वा अधिकत्तर मानिसको मात्र हित सम्भव छ भनेको अवस्थामा वैज्ञानिक सत्ययुगको अवस्थामा सवै सँगै सुखी हुन सक्ने मार्ग प्रस्तुत भएको छ । यो सम्पर्ण मानवजातिकै जिम्मेवारी पनि हो र यसमा सवै एक भएर लाग्नु जरुरी छ । वाधाहरू आउँछन् तर त्यसलाई चिरेर अघि वढ्नुको विकल्प नभएको पुस्तकमा उल्लेख गरिएको छ ।

सातौ खण्डमा वैज्ञानिक सत्ययुगको मार्ग सत्यपथको निरन्तरता भएको वताइएको छ । वैज्ञानिक सत्ययुगको अवधारणा पूर्णतया नयाँ आविष्कार नभएर अनादि कालदेखिको सत्यपथको यात्राको निरन्तरता भएको उल्लेख गरिएको छ । सत्यपथको यात्रा गर्नु जगत्का सवै प्राणीको अधिकार भएको र भ्रममा परेर कोही असत्को पथमा छ भने त्यसलाई सत्यपथमा दोर्याउने प्रयास गर्नु पनि हामी सवैको कर्तव्य भएको पुस्तकमा उल्लेख गरिएको छ । शून्यमा शून्यसरी विलाउनु, व्रह्ममा विलीन हुनुमा नै जीवनको सार्थकता रहेको पुस्तकमा उल्लेख गरिएको छ ।

आठौं खण्डमा वैज्ञानिक सत्ययुगको यात्रालाई एउटा

सुनिश्चित विजयको बाटो बताइएको छ । यस यात्रामा कोही सँगसँगै यात्रा गर्न आउँछन् त कोही परपरै रहन पनि सक्छ । सबैको इच्छाको सम्मान गरिनुपर्छ । हामी सत्मार्गमा भएको कारणले समय लागे पनि हाम्रो विजय सुनिश्चित छ । केही समय हामी हारेजस्तो पनि लाग्न सक्छ । कतिपय सहयात्रीहरू थाक्न सक्लान् कतिपय पथभ्रष्ट हुन पनि सक्लान् तर सत्यपथका नयाँ यात्रीहरूले यो महान् अभियानलाई अग्रगामी बनाई नै राख्नेछन् । अँध्यारो जतिसुकै गाढा भए पनि सानो झिल्कोले त्यसलाई मेट्न सक्षम भए जस्तै वैज्ञानिक सत्ययुगको यात्रा विजयउन्मुख भएको उल्लेख गरिएको छ ।

नवौं खण्डमा विविधताको विस्तार बढ्दो क्रममा रहेको कारण सहृदयताको सम्वन्ध झन् तड्कारो बनेको उल्लेख छ । सहृदयता दर्शनको अवधारणा लिपिवद्ध भएर मूर्तरूपमा आइसकेकाले सबैको सुखका लागि सम्भव हुने आधार झन मजवुत भएर आएको छ । आआफ्नो कुल परम्परालाई अवलम्बन गर्ने र अन्य समुदायलाई सम्मान गर्ने अनि सम्प्रदाय भन्दा पनि धर्मतत्वलाई प्रधानमान्न सक्दा सहृदयताको मार्ग प्रशस्त हुने उल्लेख गरिएको छ । विगत र वर्तमानको सुसंयोजन र स्थितिगत्यात्मकताले सहृदयतालाई प्रवर्धन गर्ने कुरालाई जोड दिइएको छ ।

दसौं खण्डमा वैज्ञानिक सत्ययुगमा मात्र अक्षय सुख प्राप्त हुने बताइएको छ । भौतिक सुख क्षणिक हुने र आध्यात्मिक सुख अक्षय हुन्छ । भौतिक सुख सुविधाहरू नपाएसम्म साह्रै लोभलाग्दा हुन्छन् तर पाइसकेपछि त्यसमा आकर्षण रहँदैन । तर प्रेम जति पुरानो भएता पनि अप्रिय हुँदैन । योग परमात्मासँग मिलन हो भने भोग भौतिकताको खाल्डोमा पतन हो ।

अहिलेको संसार दुःखमय हुनको कारण धर्मतत्त्वको आत्मसात नहुनु हो । यदि धर्मतत्त्वको आत्मसात गरियो भने संसारका जुनकुनै समस्या पनि समाधान हुन्छन् । मनदेखि कोही खुसी छ भने मान्छेको दुःखको कारण नै नाश हुन्छ । आध्यात्मिकताले मान्छेलाई सदा आनन्दमय बनाउँछ । तर योगी हुनु भनेको जोगी हुनु नभएको कुरालाई यस खण्डमा जोड दिइएको छ ।

अन्तिम खण्डमा वैज्ञानिक सत्ययुग सर्वोत्कृष्ट प्रणाली भएको उल्लेख गरिएको छ । कति मानिसहरू साम्यवाद भनेर त कति मानिसहरू समाजवादको सपना उनेर वसेका छन् । सम्यवाद कहीं कतै अभ्यास भएको प्रणाली होइन । समाजवाद विसङ्गति उन्मुख भएको छ भने उदारवाद लोकप्रिय भए जस्तो देखिए पनि अग्राह्य सावित भएको छ । तर सत्ययुग हाम्रो प्राचीन इतिहासमा अभ्यास भएको प्रणाली हो । रामराज्य त सुव्यवस्थित व्यवस्थाको रूपमा लोकमा सुपरिचित छ । रामराज्य र सत्ययुगको कुरा अरुले पनि गरेका हुन्छन् तर वैज्ञानिक सत्ययुगको अवधारणा सँगै सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, आधारशिला चतुष्टय, सहृदयता अर्थतन्त्र पनि अभिनिर्माण भइसकेको छ । यसले गर्दा यो युगान्तकारी र युगप्रवर्तनकारी परिघटना भएको कुरालाई सगौरव उल्लेख गरिएको छ ।

सारमा जरो किलो महाअभियानले लिएको लक्ष्य वैज्ञानिक सत्ययुगको विभिन्न आयमकावारेमा यस पुस्तकले बताउन खोजेको छ । सूत्रात्मक रूपमा आएको यस पुस्तकमा कतिपय पारिभाषिक शब्दहरू पाठकहरूलाई सरल नलाग्न सक्छ । यसको सरल र व्याख्यात्मक संस्करणको अपेक्षा पाठकहरूले गर्न सक्छन् ।

सर्वत्र बजारमा
उपलब्ध छ
सञ्चारको साधारणीकरण ढाँचा, सञ्चारयोग सिद्धान्त, राज्यराष्ट्र सिद्धान्त, सहृदयता दर्शन आदिको अभिनिर्माण गरी अन्तर्राष्ट्रिय प्रसिद्धि हासिल गर्नुभएका
डा. निर्मलमणि अधिकारीको पैतालिसौं पुस्तक
मूल्य रु २५० ।-
सञ्चार सिद्धान्तीकरण
सम्पर्क : सञ्चारयोग मिडिया प्रा. लि
०१ -४२२१५५५, ९८५११४७८५

प्रगतिवादी युवा समाज नेपालद्वारा प्रकाशित विज्ञान, भक्ति र धर्म, युगद्रष्टाको सङ्कल्प र विज्ञानको दृष्टि र धर्मको धारणा पुस्तक
सर्वत्र बजारमा
उपलब्ध छ ।
प्रगतिवादी युवा समाज नेपाल
सम्पर्क : ९८४८४३००७१, ०१ -४२२१५५५

युगनिर्माण दिवसको औचित्य

✍ प्रकाश श्रेष्ठ

युग के हो ?

युग समय हो, एक अर्थमा युग काल हो । यदि हामीले युगलाई अर्को आयामबाट हेऱ्यौँ भने युग एक दिक्‌देखि अर्को दिक्‌सम्मको घटित क्षण हो । युग एउटा विशेषता बोकेको समय हो । हरेक युगका आ-आफ्नै युगीन विशेषता, आवश्यकता, समस्या र समाधान हुन्छन् । समाज गतिशील छ । समय, परिस्थिति र सन्दर्भले युगको अवश्यकता निर्धारण गरेको हुन्छ । त्यही युगको विशेषता र आवश्यकता सम्बोधन नहुँदा समस्याहरू सिर्जना भएका हुन्छन् । ती युगीन आवश्यकताको सम्बोधनले त्यस युगका चराचर जगत्‌को कल्याण सार्थक हुन जान्छ ।

युग निर्माण के हो ?

युग निर्माण समयको निर्माण, कालको निर्माण हो । अर्को अर्थमा युगको निर्माण यस्तो समय बनाउने भनिएको हो जहाँको स्थिति र सन्दर्भमा रहेका विशिष्ट आवश्यता र समस्याहरूको समाधान गरी समाजलाई सहज गतिमा अवरोध नहुने अवस्थाको निर्माण गर्नु हो । गतिशील समाजको गतिमा निरन्तर प्रगतिको खाका निर्माण गर्नु युग निमार्ण हो ।

युगको निर्माण कसले गर्छ ?

जसले युगलाई देख्न सक्दछ उसले मात्र युगको निर्माण गर्न सक्दछ । देख्नुको अर्थ नाङ्गो आँखाले हेर्नु मात्रै होइन । कुनै पनि कुराको बोध गर्नु, जानकारी लिनु वा साक्षात्कार गर्नुलाई देख्नु वा चिन्तन वा मनन गर्नु भन्न खोजिएको हो । यसकारण युगको निर्माण त्यस्ता चिन्तकले मात्र गर्न सक्दछ जसले युगलाई देखेको हुन्छ । समयलाई चिनेको हुन्छ । समयलाई बुझेको हुन्छ । त्यो अणु र परमाणुका स्थिति देखेको छ, कस्तो छ स्थिति ? कता

जाँदैछ ? कस्तो परिणाम आउँछ ? के गर्दा सकारात्मक परिणाम आउँछ ? त्यो साक्षात्कारले ज्ञान दिन्छ । कता जाने, कता लैजाने भन्ने बारे निर्क्यौल हुन्छ । यस्ता व्यक्तिले समयको, कालको, युगको निर्माण गर्दछ । कसले देख्न सक्छ त युगलाई ? ती साधक, चिन्तक विचारक, मन्त्रद्रष्टाहरूले युगको विश्लेषण र आगामी युगलाई पनि दृष्टिगोचर गर्न सक्छन् । नेपालको मौलिक ज्ञान परम्पराहरूमा ध्यानबाट ज्ञान आर्जन गर्ने पद्धति मात्र छैन । संसारका सर्वप्राचीन सनातन धर्महरू यहाँ छन् । जहाँ अध्ययन, साधना, योग, तन्त्र, मन्त्र, यन्त्रको माध्यमबाट ऋषिमुनि, बुद्ध, तिर्थाङ्कर, तोन्पा, महिगुम आंसिमाङ् आदि बन्न सक्छ । ध्यानी ज्ञानी बुद्धले ध्यानबाट ज्ञान आर्जन गर्न सक्दछन् र समयलाई, मन्त्रलाई, समाजका विविध आयामलाई सूक्ष्म रूपमा देख्न सक्छन् । यस्ता व्यक्तिहरू द्रष्टा हुन् । यहाँ द्रष्टा भन्नाले बाहिरी आँखाले देख्नु होइन । चेतनाको आँखाले, ज्ञानको आँखाले, अनुभव र अनुभुतिको आँखाले देख्नु हो । जो ज्ञानीहरू छन् उनीहरूले स्थिति देखेर त्यो अनुसारको समाधान दिन्छन् । जसले युगको स्थितिलाई देखेर आगामी समयको विशेषता के हो ? भन्ने योग्य चिन्तक नै युगद्रष्टा हो । यस प्रकारका साधकले युगको विशेषता चिन्तन मनन गरेर युग सापेक्ष विचार अभिनिर्माण गरी नयाँ युगको मार्ग प्रशस्त गर्दछ ।

युगलाई देख्न कसरी सक्छ ?

समय त अदृष्य कुरा हो । समयलाई भौतिक पदार्थ जसरी आँखाले हेर्न सकिँदैन, समयलाइ दिन र रात, या अन्य प्राकृतिक परिवर्तनसँगै केही मौसम, ऋतु आदिको परिवर्तनमा केही समयका परिवर्तन देख्न सकिन्छ । घडीको माध्यमबाट समयलाई मापन गर्न सकिन्छ । समयको पहिचान जीवनशैलीमा देखिन्छ । जस्तै जमानाको कुराले समयलाई जनाएको हुन्छ । यहाँ जीवनशैली समयको रूपमा प्रकटित भएको हो । त्यस्तै, शिक्षामा, अर्थतन्त्रमा, चिकित्समा, राजनीति आदि आयाममा समय प्रकटित हुन्छ । वर्तमान र विगतको जमानामा के प्रधान छ ? के सहायक

छ ? के उपयोगी छ ? के अनावश्यक छ ? के गतार्थ भइसके ? साधारणतया सद्‌वुद्धि भएका सवै व्यक्तिहरूले पहिचान गर्न सक्छन् । तर आगतको समय कस्तो हुन्छ ? त्यसको प्राथमिकता के हुनेछन् ? त्यसमा के कुराको प्रधानता हुनेछ ? वर्तमानका के कुरा गतार्थ हुनेछन् ? समस्या के र समाधान के हुनेछन् भनेर देख्न सक्ने चिन्तक, साधक, द्रष्टा नै युगद्रष्टा हो ।

युगद्रष्टाको सङ्कल्प र युगप्रवर्तनको प्रकल्प

विगत र वर्तमानको अनुशीलनवाट आगतको साक्षात्कार गरी बृहत्तर समाजको हित हेतु चिन्तन मनन गरी भविष्यको समस्या समाधानको लागि सूत्र प्रदान गर्नुभएको छ युगद्रष्टा डा. निर्मलमणि अधिकारीले । युगद्रष्टाले सहृदयता दर्शन, आधारशिला चतुष्टय, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, सहृदयता अर्थतन्त्र, मौलिक शिक्षापद्धति लगायतका नयाँ विचार अभिनिर्माण गरी समाजलाई दिगदर्शन गर्ने पहल गर्नुभएको छ । हामीले याद गर्यौं भने विश्वमा विविधता वढ्दो छ तर समाजका अवयवहरू समाजलाई मार्गदर्शन गर्ने, मान्यताहरू अझै पनि उदार अवधारणा र सिद्धान्तवाट निर्देशित हुन पाएका छैनन् । सङ्कीर्ण अवधारणा र मान्यताको जगमा पहिचानको राजनीतिले विश्वव्यापी राजनीतिमा पहिचानको सङ्घर्षले युद्ध, शितयुद्ध, अन्तरिक्ष युद्धजस्ता परिणाम ल्याउँदैछ । यो द्वन्द्व, यो सङ्घर्षलाई यो राजनीतिको समस्यालाई कसरी समाधान गर्ने भन्ने विचार आउन सकेको थिएन ।

युगद्रष्टाको अनुसन्धान, अनुष्ठान र साधनाको फलस्वरूप अभिनिर्माण भएका नवीन अवधारणाहरू खासमा भारतवर्ष तथा हिमवत्‌खण्डका मौलिक अवधारणाहरूको पुनर्जागरण हो । तर युगद्रष्टाको साक्षात्कारले आज नेपाल मात्र हैन संसारलाई एक अलग दर्शन, चिन्तन, राजनीतिक विचारधारा प्राप्त भएको छ । यसले विगतमा झन् विकराल वन्नलागेको पहिचानको राजनीति, कपूतन्त्रको तमसको कारण सिर्जना हुन लागेको सामाजिक जर्जरताको आवस्थालाई समाधान गर्नेछ । जसले एक दिन संसारको सङ्घर्षमय पहिचानको राजनीतिलाई मेटाएर सहृदयी राजनीतिको निर्माण गर्नेछ ।

अवको युग सहृदयताको युग हुनेछ । राज्यराष्ट्रको युग हुँदैछ । यो आफैँमा एक भिन्नै काल हुनेछ । यति मात्र होइन । वर्तमान विश्व राजनीति उदारवाद र समाजवाद केन्द्रीत छ । जुन समाजवाद आफैँमा विवादास्पद र सङ्घर्षमय छ । तर युगद्रष्टाको लक्ष्यमा वैज्ञानिक सत्ययुग एकदमै वैज्ञानिक रूपमा त्यो स्थितिमा जानसक्ने वाटो छ । यो आफैँमा एउटा युगको परिवर्तन नयाँ युगको प्रवर्तन हुनेछ । पुरानो र नयाँको द्वन्द्व, एक थरीको विचार र अर्को थरीको द्वन्द्व, विराजमान र नवआगन्तुकको द्वन्द्व, सङ्घर्ष यो भौतिक द्वन्द्वात्मकवाद या डार्विनको विकासवादले संसारको जुनसुकै समाज सङ्घर्षमा छ । कसरी समाधान गर्ने उपाय थाहा छैन । किनभने पश्चिमा समाजमा यसको समन्वय कसरी गर्ने भन्ने पहिलेको अनुभव छैन । आज समाजलाई कसरी स्थितिगत्यात्मक प्रगतिको वाटोमा लाने भन्ने सुस्पष्ट सिद्धान्त छ । जसले पुराना कुरालाई, मुल कुरालाई चाहिने, चालचलन, रीतिरिवाजलाई आत्मसात गर्दा समयानुकुल नयाँ कुरा अवलम्वन गर्दै जाने भन्ने वाटो देखायो । यो एउटा क्रान्ति नै हो । यस पद्धतिले समाजमा छुट्टै परिवर्तन ल्याउनेछ । त्यति मात्र होइन, कसरी सारा विश्व समुदाय सहृदयताको दर्शनवाट निहित भएर राजनीति, समाज, अर्थतन्त्र, शिक्षा आदि चल्नु पर्ने हो । यसको आधारशिला तयार भइसकेको छ । सहृदयता दर्शन, आधारशिला चतुष्टय, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, मौलिक अर्थतन्त्र, आधुनिक गुरुकुल आदि सवै एक युग निर्माणको द्योतक हो, युगपरिवर्तन र युगप्रवर्तनको सूचक हो । जसको जग विगत २७/२८ वर्ष देखि युगद्रष्टाको स्वयध्ययन, सोध, अनुसन्धानमा आधारित छ । जसले विश्व जगतमा विभिन्न आयाममा नयाँ दृष्टिकोण, नयाँ विचारधारा, वृहत्तर आयाम खुल्नेछन् । नयाँ प्रतिमानको रूपमा यो हिमवत्‌खण्डको अविच्छिन्न उत्तराधिकारी राज्य नेपालवाट सुरु भएको छ । एक दिन सारा समुदायले अवलम्वन गर्नेछ । जसले विश्व समुदायमा अग्रणीको भूमिका खेल्नेछ ।

यथार्थतामा को हुनुहुन्छ युगद्रष्टा ?

जेठ १ गते २०३३ सालमा रमादेवी अधिकारी र पण्डित रुद्रमणि अधिकारीको सुपुत्रको रूपमा जन्मिनुभएका युगद्रष्टा डा. निर्मलमणि अधिकारी वाल्यावस्थादेखि नै अति तीक्ष्ण, अद्‌भुत हुनुहुन्थ्यो । औपचारिक आरम्भ भन्दा पहिले नै देवी कवच, अर्गला, किलक स्तोत्रहरू सुनेरै कण्ठस्त पारिसक्नुभएको थियो । पछि आरम्भमा तिनै शास्त्र पढ्नुभएको हो । कक्षामा सधैं प्रथम हुने युगद्रष्टा पढाइको अलावा हाजिरी जवाफ, हिज्जे, वक्तृत्वकला सवैमा अव्वल हुनुहुन्थ्यो । थर्पु बजारको श्री मिन मा.वि.वाट एस.एल.सी.सम्म पढ्नुभएका युगद्रष्टा वार्षिक उत्सवका वेला दर्जन भन्दा वढी पुरस्कार पाउनुहुन्थ्यो, कवितादेखि कथा, निवन्धदेखि वतृत्व सम्ममा उहाँको वहुमुखि प्रतिभा थियो । प्रकाण्ड विद्वान् पण्डित रुद्रमणि अधिकारीको प्रत्यक्ष सुपरिवेक्षणमा युगद्रष्टाले सत्यनारायण, भागवत, देवी भागवत र अन्य कथाहरू प्रवचन पनि गर्नुभयो । पोखरामा पृथ्वीनारायण क्याम्पसवाट भौतिक शास्त्रमा आइ.एस.सी. र वी.एस.सी. पश्चात् पूर्वाञ्चल विश्वविद्यालयवाट

पत्रकारिता पढ्नुभयो । एम.ए.मा डिस्टिङ्गशन मा उत्तीर्ण गर्नुभयो। उहाँले हिन्दू अवधारणामा सञ्चार प्रकृया शीर्षकमा सोधपत्र लेख्नुभयो जसवाट सञ्चारको सैद्धान्तीकरण भयो। पोखरा विश्वविद्यालयवाट अङ्ग्रेजी साहित्यमा एमफिल गर्नुभयो । र काठमाडौं विश्वविद्यालयमा अध्यापन गर्दै हुनुहुन्छ । पछि सञ्चार युगमा शोधपत्र पनि लेख्नुभयो । सञ्चार योग सिद्धान्त हाल अन्तराष्ट्रिय प्राज्ञिक समुदायमा चर्चाको विषय वन्यो । सञ्चारको साधारणीकरण ढाँचा हाल संसारका अनेकौं विश्वविद्यालयमा पठनपाठन हुने गरेको छ। नेपालमा संस्कृत विश्वविद्यालयवाट सञ्चारमा विद्यावारिधि गर्नुभएको छ । यो शोधवाट वनेको सिद्धान्त विभिन्न २३ भाषामा विभिन्न विश्वविद्यालयमा पठनपाठन हुने गरेको छ । विज्ञान र धर्म सँगसँगै हिँडाउनु भएका युगद्रष्टाले नेपाली जनतालाई एउटा प्रेरणा दिनुभयो कि हाम्रा कुरावाट संसारलाई उज्यालो दिन सकिन्छ भन्ने । हामी नेपालीहरू पनि संसारलाई पढाउने कुरा, सिकाउने कुरा निर्माण गर्न सक्छौं भन्ने कुरा प्रेरणा वन्नुभयो । विज्ञान र धर्मलाई विपरीत मान्ने समाजमा सातत्यको नियमले धार्मिकतायुक्त विज्ञान र वैज्ञानिकतायुक्त धर्मको नियम बनाउनुभएका युगद्रष्टालाई दक्षिण भारतको आन्द्र प्रदेशमा आचार्य, मध्य भारतको उज्जयनमा महामहोपाध्याय र इण्डोनेशियामा महागुरुको उपाधिले सम्मानित हुनुभएको छ । जसले नेपाल केन्द्रित दर्शन, सिद्धान्त, विचारधारा, सङ्गठन पद्धति दृष्टिकोणको शोध अनुसन्धान र अभिनिर्माण गर्नुभएको छ। तरङ्ग साहित्यक अभियान, नेपालीभाषा संस्कृति परिषद्, युगनिर्माण अभियान हुँदै जरोकिलो महाअभियान जस्तो सङ्घ शक्तिको सङ्कल्पकर्ता हुनुहुन्छ युगद्रष्टा डा. निर्मलमणि अधिकारी।

तत्कालीन 'युग निर्माण अभियान नेपाल' (स्था. २०५८) को प्रथम राष्ट्रिय सम्मेलनमा नवनिर्वाचित अध्यक्ष श्री भानुभक्त पोखरेलले समापन कार्यक्रममा अध्यक्षीय अभिभाषणका क्रममा प्रस्ताव गर्नु भई राष्ट्रिय सम्मेलनवाट सर्वसम्मतिले पारित भएअनुसार डा. निर्मलमणि अधिकारीलाई 'युगद्रष्टा' उपाधिले सम्वोधन गर्न प्रारम्भ गरिएको थियो । 'वैज्ञानिक सत्ययुग' को अवधारणा, आधारशिला र मार्गचित्र पनि प्रस्तुत गरी डा. निर्मलमणि अधिकारीले युगान्तकारी एवं युगप्रवर्तनकारी लक्ष्य मानव समाजलाई दिनु भएको हुनाले उहाँलाई 'युगद्रष्टा' भन्नु पर्ने तथ्यलाई कविवर भानुभक्त पोखरेलले व्याख्या गर्नु भएको थियो ।

युगनिर्माण दिवसको औचित्य के ?

युगनिर्माणको युगीन कार्यभारलाई लक्ष्यतर्फ डोर्याउने अवसर प्राप्त भएकोमा अहोभावका जरोकिलो महाअभियानका अभियानकर्ताहरूले युगद्रष्टाको जन्मदिन पारेर युगनिर्माण दिवस मनाउने गरेको छ। प्रत्येक वर्ष जेठ १ गतेका दिन उहाँको जन्मदिनको अवसर पारेर राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा युगनिर्माण दिवस मनाइन्छ ।

आदरणीय युगद्रष्टा डा. निर्मलमणि अधिकारीद्वारा हाम्रो युगको निर्माणका लागि आवश्यक सहृदयता दर्शन, आधारशिला चतुष्टय, राज्यराष्ट्र सिद्धान्त स्थितिगत्यात्मक प्रगतिवाद, सहृदयता अर्थतन्त्र, मौलिक शिक्षा पद्धतिको अभिनिर्माण गर्नुभयो । युगद्रष्टाको सङ्कल्पकै कारण युगप्रवर्तनको शङ्खघोष सम्भव भएको हो । युग देख्न सक्ने, युग अनुभूत गर्न सक्ने, युगद्रष्टाको जन्मदिन नै युग निर्माणको सुरुवात थियो । आज वहाँको जन्मले युगको निर्माणमा जुटेका छौं ।

जरो किलो महाअभियानको २०७२ सालमा स्थापना भएपछि अभियानकर्ताहरूद्वारा औपचारिक सत्सङ्गको आयोजना मनाउन थालिएको हो ।

हाम्रो संस्कृतिमा समाजका लागि, युगका लागि कार्यगर्नेहरूलाई सम्मान गर्ने र पूजा गर्ने पद्धति छ । सायद यही भएर हो यो संस्कृति संसारका अन्यभन्दा जीवन्त पनि छ ।

संसारमा सर्वप्राचीन देश यो देश नै हो । यससँगका देश अहिलेसम्म वाँचेका छैनन्। यो संस्कृति वरावर, ज्ञान, परम्परा वरावर कुनैको अस्तित्व अहिलेसम्म कसैको छैन। आखिर कसरी सम्भव भयो ? एउटा देशका नागरिकले कसरी आफ्नो देशलाई हजारौं हजार वर्षसम्म जीवन्त ल्याउन सके ? यहाँ एउटा विचार छ, सोच्ने पद्धति छ । काम गर्ने तौर तरिका छ । त्यो हो आफ्ना पुर्खाको अनुसन्धान र त्यो ज्ञानको स्थितिगत्यत्मक परिवर्तन युग निर्माणको औचित्य यही हो कि युगद्रष्टा यो देशको आफ्नो मौलिक विचार वोक्नुभएका पछिल्लो दिनका उत्तराधिकारी हुनुहुन्छ। उहाँभन्दा अगाडि पनि उत्तराधिकारी थिए, आज युगद्रष्टा हुनुहुन्छ। भोलि पक्का पनि कोही आउनु हुनेछ। किनभने यो त संस्कार हो। त्यसकारण युगनिर्माण दिवस एक संस्कार हो । हिजो थियो । आज छ । भोलि पनि रहनेछ । नाम फरक थियो होला, काम फरक गरी भए होलान्, व्यक्ति फरक थिए होला । गुण एउटै छ । उद्देश्य एउटै छ । युगको निर्माण र निर्माण प्रतिको प्रेरणा र ज्ञान फैलाएर युगको निर्माण गर्ने चाहना सञ्चार गर्न युगनिर्माण दिवस सार्थक वनेको छ ।

विसङ्गति हटाउन वैचारिक सङ्गति

✍ **बलराम प्रजापति**

फेसबुकमा एक वहिनी प्रस्ट्याँछिन् : मलाई सम्पदा मनपर्छ । मलाई आफ्नो संस्कार र संस्कृति मनपर्छ । यसकारण कसैले मलाई गतार्थ भन्छ भने भनून् ।

हाम्रो मौलिक सम्पदामा रमाउने मान्छे आउट डेटेड अथवा गतार्थ हुने र अग्ला कङ्क्रिटका संरचनामा रमाउने व्यक्ति आधुनिक हुने भाष्यलाई उजागर गर्दै उनले आफ्नो वालमा मौलिकताको पक्षमा उभिँदाको जोखिम मोल्न तयार रहेको अभिव्यक्ति सार्वजनिक गरिन् । सम्पदा संरक्षणमा निरन्तर सक्रिय ती वहिनीलाई सम्पदाको लागि कामगर्दा आएका प्रतिक्रिया कै उपज हो उक्त पोष्ट ।

हाम्रा सम्पदा हाम्रो विगतको विरासत हो । हाम्रो चिनारी हो । यसको मानसम्मान गर्नु र यसको पुनर्जीवनको लागि खट्नु गतार्थ हुनु त हुँदै होइन । यसको संरक्षण त सबैको आधारभूत कर्तव्य नै हो । हाम्रो सम्पदा, सम्पदामा निहित ज्ञानपरम्परा हाम्रा धरोहर हुन् । सम्पदामा हाम्रो कलाकौशल र शैली मात्रै होइन हाम्रो सोच, हाम्रो चिन्तन, विचार अनि आस्था पनि निहित रहेको छ । सम्पदासँगै आधुनिक विज्ञान र प्रविधिलाई हामी आत्मसात गर्न सक्छौं । तर आधुनिकताको नाममा सम्पदा र त्यसमा निहित ज्ञानपरम्परालाई हामी भुल्न सक्दैनौं । सम्पदाहरूले हाम्रो ज्ञानपरम्पराको जाज्वल्यमान अस्तित्वलाई दर्शाइरहेको छ । के हामीले धपधप देदिप्यमान ज्ञानराशीलाई देखिरहेका छौं त ?

अहँ छैनौं । किनकि हाम्रो आँखामा आयातित प्रतिमानको चश्मा भिराइएको छ । त्यसैले हामी मध्ये धेरैले ती ज्ञानराशिका रेखा र मात्राहरू देखिरहेका छैनौं । हामीलाई थाहा छ हाम्रो स्वतन्त्र अस्तित्व छ । हाम्रा पुर्खाले ज्ञानको साधना गरे । तप गरे । ध्यान गरे । जीवन र जगतका वारेमा महत्त्वपूर्ण सूत्रहरूको सूत्रपात गरे तर हामीलाई आयातित व्यवस्था, विचार र सिद्धान्तमा बानी परिसकेको छ । हामी पराई मान्यतामा अभ्यस्त भइ सकेकाछौं त्यसैले मौलिक कुरामा हामीलाई शङ्का हुन लागेको छ ।

हीनता अन्तरक्षेपण

हामीमा चेतना छ । त्यसैले मानिस चेतनशील छ । विचारले चिन्तनलाई आकार दिन्छ । चिन्तनले चेतनालाई गतिशील बनाउने हो । चेनताले व्यवहार निर्धारण गर्छ । विचार, चिन्तन र व्यवहारको सङ्गति हुनुपर्छ । प्रायः हुन्छ तर वैचारिक जालको पासोमा त्यो सङ्गति भत्किन्छ । असङ्गति हुन्छ । असङ्गति पनि अस्वाभाविक नलाग्ने हुन जान्छ । सहज लाग्छ । विसङ्गति र विकृतिको संवाहक वन्छ त्यो असङ्गति । हो यही असङ्गतिले आफ्नोलाई शङ्का र पराईलाई भरोसा गर्ने अवस्थामा पुगेका छौं हामी ।

असङ्गत वैचारिकी वर्तमान नेपालको वैचारिक यर्थाथ हो । विचार एकातिर । व्यवहार अर्कातिर । चिन्तन अर्कातिर । सम्पदाले सत्तिशाल झैं उभिएर एक थरी कुरा दर्शाइ रहेको छ र फेदमा वसेर नेताहरू विपरीत कुरा भाषण गरिरहेछन् । फेरि तिनै चर्का भाषण ठोक्ने नेताजीकै शासन छ । सर्वसाधारणलाई भ्रममा पार्न सिपालु रहेछन् नेता । सोझा जनताहरू सुखको अपेक्षामा पछ्याइ रहेका छन् । जनता वैचारिक जालको पासोमा जकडिएका छन् ।

विचरा विचार । विचार भनेकै कपूतन्त्र । विचारलाई यही घेराभित्रमात्रै बुझ्ने परम्परा वसेछ । कि त कम्युनिष्ट नभए पुँजीवादी अथवा तिनको घालमेल विचार । युरोपको विचार । अमेरिकाको विचार । नेपालभित्रवाट होइन, पूर्व वा पश्चिम उत्तर वा दक्षिण जहाँवाट भए पनि आयात गरेको भएपछि राम्रो हुने । खासमा त यो हीनता हो ।

विचार त उच्च कुरो । चुरो कुरो । दरिद्र नेपालीको पहुँचको हुन सक्ला र ? नेपाली पनि विचार होला र ? नेपालवाट पनि सिद्धान्त वन्ला र ? होला र नेपालमा पनि विचारक र सिद्धन्तकार ? अधिकांश नेपालीले वर्तमानमा यस प्रकारको सन्देह गर्ने अवस्था छ ।

आफ्नो कुरामा हाम्रो विश्वास वा भरोसा नहुनुको पछाडि हीनता अन्तर्क्षेपणले गहिरो ढङ्गले काम गरको छ । नेपालमा विदेशको मात्रै चल्छ सबैमा विदेशीकै हस्तक्षेप छ । आयातीत मात्रै राम्रो मौलिकले राम्ररी काम गर्दैन भन्ने मानसिकता सहज होइन । यो हीनता अन्तरक्षेपणको परिणाम हो ।

हाम्रो विचार । आफ्नो विचार । कपुतन्त्रे विचार होइन । हाम्रै मौलिक विचार । आफ्नो सभ्यताको विचार छ । यहीं मूल भएको । यहीं छ यसको जरो । किलो पनि यहीं छ । रैथाने छ

यो । हाम्रो आचार व्यवहारसँग सङ्गति छ यसको । यसले विसङ्गतिलाई चिर्छ । विकृतिको निवारण गर्छ ।

हो मौलिक विचारले मात्रै हाम्रो आफ्नोलाई यथोचित सम्मानका साथ हेर्न सिकाउँछ । पराई प्रतिमानले जस्तै यसले आफ्ना संस्कार, सम्पदा, कुल धर्म, आचार र व्यवहारलाई छिःछिः र दुरदुर गर्दैन । आफ्ना भाषा, संस्कृति, लवाइ खवाइ परम्परा र पद्धतिलाई आत्मसात गर्छ ।

सार्वजनीन वैचारिक जाल

यी ज्ञानसागरहरूको बारेमा हामीलाई किन पढाइएन होला नि ? यसको बारेमा हामीलाई किन थाहा दिइएन होला नि त ? वैचारिक जाल भनेकै यही हो । हाम्रो आफ्नो वास्तविक ज्ञानवाट हामीलाई टाढा राखेर पराइ स्रोतको मूल्यमान्यतामा हामीलाई अभ्यस्त गराएर नै हामीलाई वैचारिक जालमा पारिएको हो । हाम्रो मौलिक चिन्तनलाई गिल्ला गर्ने पाखण्डीले डोऱ्याएको मार्गमा हामीलाई हिँडाइएको रहेछ ।

हुन त ज्ञान विज्ञानको गुदीवाट रसाउँछ । यो सार्वजनिन हुनुपर्छ । तर कुन तहको अनुसन्धानवाट कति नमुनाको परीक्षण गरेर प्रमाणित गरेको हो त्यसको आधारमा कुनै पनि कुराको प्रामाणिकता निर्धारण भएको हुन्छ । यता पूर्वीय दर्शनका मान्यताहरू हजारौं ऋषिहरूले गुरुपरम्पराको आधारमा लाखौं वर्षको अनुसन्धान, अनुष्ठान र साधनको उपज हो । यसमा प्रत्यक्षमात्रै नभएर अरू पनि वैदिक मान्यताका प्रमाणका आधारमा पुष्टि भएका ज्ञानको अनन्त भण्डार रहेको छ ।

हो भारतवर्ष तथा हिमवत् खण्डका अधिकांश भागमा विधर्मी आक्रमण र शासनको कारणले हाम्रो मौलिक ज्ञानपरम्परामा जुन नित्य शोध र विकास हुनु पर्ने हो त्यो क्रममा केही वाधा अवश्य आएको हो । यही कारणले यहाँ वैचारिक जालले फैलिएको हो । यही कारणले यहाँ हीनता अन्तरक्षेपण भएको हो । यही कारणले यहाँ कपूतन्त्रको जगजगी भएको हो । वैचारिक जालको पासो फैलिंदो अवस्थामा रहेको छ ।

असङ्गतिका शृङ्खला

नेपालको सन्दर्भमा श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपालको पुनःएकीकरण गर्नु भएपछि नेपालको पुनर्जागरणको युग प्रारम्भ भएको मान्न सकिन्छ । ज्ञानभूमि तपोभूमिको रूपमा रहेको नेपालको जुन विशाल फैलावट थियो त्यसको भौगोलिक एकीकरणको सूत्रपात गरेर नेपाल राज्यको मात्रै नभएर समग्र हिमवत्खण्डकै पुनर्जागरणको लागि पृथ्वीनारायण शाहले आधार तयार गर्नुभयो ।

तर विडम्वना उहाँ नेपाल एकीकरणको दौरानमै स्वर्ग हुनुभयो । उहाँको नेपाल एकीकरणको जिम्मेवारी उहाँका उत्तराधिकारीहरूले पनि निरन्तरता दिनुभयो । नेपालको भौगोलिक एकीकरणको कार्यमा विश्राम लागि सकेपछि केही समय पछि नै नेपालमा जहानियाँ राणा शासनको प्रारम्भ भयो । नेपालको मौलिक चिन्तनबाट अघि बढ्ने पृथ्वीनारायण शाहको मर्म तुषारापात भयो ।

१०४ वर्षको राणा शासनमा नेपाल वास्तवमै अन्धकार युगमा थियो । यसको पतनपछि आएको परिवर्तन पनि मौलिक धारमा व्यवस्थित हुन सकेन । खासमा २००७ सालको परिवर्तन नेपालीहरूको लागि एउटा ठूलो अवसर थियो । नेपालको मौलिक चिन्तन र दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने र नेपालको मौलिक प्रतिमानको पुनर्जागरण गर्ने ठूलो अवसर प्राप्त भएको थियो । तर विडम्वना तत्कालीन समयका अगुवाहरूको अज्ञानताको कारणले गर्दा । उनीहरू स्वयं नै वैचारिक जालमा परेको कारणले गर्दा नेपालको पुनर्जागरणको कार्यभार पूरा हुन सकेन । जसले गर्दा नेपालमा सुसङ्गत वैचारिक अभ्यासको वातावरण निर्माण गर्ने पहल कदमी लिने कार्य सम्पन्न हुन सकेन । जसले गर्दा असङ्गत वैचारिकी नै मूलप्रवाहमा रहन गयो ।

कतिपय अवस्थामा मौलिकताको पक्षमा रहेको भ्रम छरेर पनि मानिसहरू असङ्गत विचारलाई प्रश्रय दिइरहेका हुन्छन् । मौलिकता मौलिकता भन्ने भौतिक वाहेकको आयाम नकार्ने । मौलिकता मौलिकता भन्ने प्रत्यक्ष वाहेकको प्रमाण अस्वीकार गर्ने । मन्दिर पुनर्निर्माण गर्ने तर मन्दिरको देवता नचिन्ने । पुजारीको सङ्गठन बनाउने सप्ताह लगाउन निषेध गर्ने । मौलिकता मान्छु भन्ने सत्व, रज र तम गुणको पारस्परिक अस्तित्व नकार्ने । आध्यात्म मान्ने धर्म नमान्ने । सहिष्णुता माग्ने तर आफ्नो तर्फवाट सहनशीलता नअपनाउने । यी सैद्धान्तिक वैचारिक असङ्गतिलाई चिन्नैपर्छ ।

व्यावहारिक रूपमा भन्नु पर्दा कृषि प्रधान देश भन्ने मलको व्यवस्थापनमा दशकौंसम्म चुक्ने । नातावाद भयो भन्ने तर आफैं फोनको भरमा काम गर्ने नेतालाई मान्ने । निजी शिक्षण संस्थाको विरोध गर्ने र आफना छोराछोरी विदेश पढाउने । राष्ट्रवादको नारा लगाउने डिभि र पिआरको लागि मरिहत्ते गर्ने । धेरै छन् असङ्गत कुराहरू । यी व्यवहारिक असङ्गतिका कारण वैचारिक असङ्गति नै हुन् । त्यसैले सर्व प्रथमतः वैचारिक असङ्गतिहरूलाई नै निदान गरिनुपर्छ ।

मौलिक सङ्कथनको पैरवी

अहिलेका नवीन वैज्ञानिक आविष्कार र प्रविधिले सम्पूर्ण मानिसको जीवनलाई सरल बनाउन मद्दत पुगेको छ । तर ती प्रविधिमा प्रयोग भएका ज्ञानका अवयवहरूको

उदय कहाँकहाँ भएका थिए भन्ने कुरा हामीले हेक्का राखेका छैनौँ । यदि यसको वारेमा हामीले केही घोत्लिने हो भने हामीले हाम्रो आफ्नो मौलिक ज्ञानमा रहेको अथाहा धरोहरलाई पहिचान गर्ने अवसर त मिल्ने छ नै यसका साथै हाम्रो ज्ञान परम्परामा रहेका अन्य ज्ञानपुञ्जहरूको अन्वेषणमा पनि आवश्यक ध्यान दिने प्रेरणा पनि मिल्न सक्छ ।

हामीले चलाईरहेको मोवाइल तथा कम्प्युटर सवै डिजिटल क्रान्तिका उपज हुन् । कम्प्युटर तथा मोवाइल अस्तित्वमा आउनुमा धेरै वैज्ञानिक शोध र खोजले काम गरेको छ। आर्किमिडिज्को साधारण मेसिनको अवधारणादेखि नवीनतम् क्वन्टमका अवधारणा सम्मले काम गरेको छ । यसमा प्रयोग हुने भाषा भनेको गणितको वाइनर प्रणाली हो। कम्प्युटरले ० र १ लाई मात्र चिन्छ । यसै भाषाको प्रयोग गरेर कम्प्युटरलाई काम लगाउने हो र कम्प्युटरले पनि यस भाषाको आधारमा बुझेर कामगर्ने र कामपछि नतिजा पनि ० र १ को भाषा नै दिने गर्दछ । त्यसैले गणितमा सवै अङ्कको वरावर महत्त्व भए पनि डिजितटल संसारमा ० र १ को औधि महत्त्व रहे पनि डिजिटल प्रविधिको संसारमा यी दुई अङ्क अझ महत्त्वपूर्ण हुन आयो । र शून्य अङ्कको अवधारणा र यसको प्रयोग भारतवर्षीय तथा हिमवत्खण्डको ज्ञान परम्परामा भएको पाइन्छ ।

युरोपमा पहिले रोमन गणना पद्धति चल्यो तर उनीहरूको गणना पद्धतिमा रहेको झन्झवाट मुक्ति पाउन उनीहरले पूर्वीय सभ्यतामा रहेको अङ्क गणितलाई प्रयोगमा ल्याए । त्यसैका आधारमा अनुसन्धान र विकास गरे । विज्ञानको भाषाको रूपमा लिइने गणितको आधारको रूपमा रहेको अङ्क र अङ्कको अवधारणा पूर्वीय सभ्यतामा विकास र यसको विविध आयामहरूको विकास यहाँ भएको मान्यता विभिन्न सूत्रहरूले प्रमाणित गर्दछन् । सुल्वसूत्र यसको उदाहारण हो ।

के हामीले हाम्रा विद्यार्थी भाइवहिनीहरूलाई अङ्क गणितको विषयमा पढाइ गराउँदा हाम्रो मौलिक ज्ञानवाट विश्वलाई पुगेको महत्त्वपूर्ण योगदानको वारेमा वताउन सकेका छौँ त ? यो एउटा सानो उदाहारण मात्रै हो । यस्ता प्रकारका उदाहारण हामीसँग अनगिन्ती छन् । चाहे त्यो आयुर्वेदमा होस् या त ज्योतिषमा चाहे त्यो साहित्यमा होस् या त भाषा विज्ञानमा । दर्शन र चिन्तनमा त झन् कुरै नगरौँ कति छन् कति अथाह । हाम्रो चिन्तन्को गहिराई फैलावटलाई पाश्चात्य अवधारणाले समेट्न धरी सकेको छैन । यस्तो अवस्थामा हाम्रो रैथाने ज्ञानलाई पराई प्रतिमानमा निहित राखेर अर्थापन गर्नु भनेको लोटामा समुद्र अटाउने दुस्साहस मात्रै हो । मौलिक प्रतिमानको सुसङ्गत वैचारिकीले मात्रै हाम्रो आफ्नो ज्ञानधारालाई वास्तवमा चिन्न सक्छ ।

सुसङ्गत विचारको मूलप्रवाहीकरण

मौलिक विचार पराई विचारको छाँयामा रहे पनि जीवन्त रहेर वसेको छ । मौलिक वैचारिकीमा रहेको जीवनदायी सामर्थ्य भनौँ या मूलप्रवाहमा रहेको वैचारिकीलाई चिर्दै असङ्गत वैचारिकीका वीचमा पनि व्यवहारमा रहेर यसले आफ्नो अस्तित्व जोगाएर राखेको छ । पुनर्जागरणको सङ्कथन मूलप्रवाहमा आउन थालेपछि मौलिक विचार, अवधारणा तथा सिद्धान्तहरूको वारेमा पनि चर्चा परिचर्चा आरम्भ भएको छ । विभिन्न फुट्कर मौलिकता पक्षधर अभियानहरू वजारमा भाइरल भए पनि जरो किलो महाअभियानले ल्याएको मौलिक प्रतिमानको पुनर्स्थापनाको अनिवार्य र दिगो अभियानले मात्रै सुसङ्गत विचारको मूलप्रवाहीकरण गर्दै नीतिगत तथा व्यावहारिक कार्यान्वय गर्न सक्छ । युगद्रष्टा डा. निर्मलमणि अधिकारीले सङ्कल्प गरी स्थापना भएको जरो किलो महाअभियानले मूलतः वैचारिक सङ्गतिको लागि नै हालसम्मको आफ्ना गतिविधिलाई केन्द्रीकृत गरेको छ । नेपालमा असङ्गत सामाजिक, आर्थिक, शैक्षिक, धार्मिकका साथसाथै राजनीति विचारलाई विस्थापित गरी सुसङ्गत विचारको पुनर्जागरण, अभिनिर्माण र मूलप्रवाहीकरणलाई नै यसले आफ्नो मुख्य कार्यभार मान्दै आएको छ ।

विसङ्गतिको विकृतिलाई नचिरीकन त सङ्गति स्थापित हुँदैन नै । त्यसैले प्राथमिक रूपमा मौलिकताका मूलप्रवाहको लागि शैक्षिक क्षेत्रवाट थालनी गरिनुपर्छ । केही सकारात्मक प्रयासहरूका थालनी अवश्य भएका छन्। व्यक्ति, अभियानकर्ता समूह, कुनैकुनै स्थानीय तहमा पनि मौलिकताको जागरण र मौलिकताको जागरणको अभियानको थालनी गरको पाइन्छ । यसलाई सार्थक र दिगो वनाउन मौलिक सङ्कथन र प्रतिमानको पुनर्जागरण अनिवार्य त छ नै जरो किलो महाअभियानको हस्तक्षेप

डा. निर्मलमणि अधिकारीद्वारा
लिखित
वैज्ञानिक सत्ययुगको
आधारशिला
पुस्तक

सर्वत्र बजारमा
उपलब्ध छ ।

युगनिर्माण महिला समाज नेपाल
सम्पर्क : ९८४११६९२३९८, ०१ -४२२१५५५

जैनदर्शन परिचय

✍ डा. गोविन्दशरण उपाध्याय

जैन पन्थको इतिहास वौद्धधर्मभन्दा अझै प्राचीन छ । भागवत महापुराणका अनुसार ऋषभदेव जैनपन्थका आदि प्रचारक हुन् र प्रवर्तक पनि । जैन शब्दको व्यूत्पति प्राचीन पाली भाषा जीन शब्दवाट भएको ठानिन्छ, जसको अर्थ विजयी हुनु हो । जैन धर्मकारका अनुसार रागद्वेषादि शत्रुमा विजय प्राप्त गरेर अहिंसाको कठोर व्रताचरण गर्ने व्यक्ति नै जैन हो । ऊ मुक्त वितराग पुरुष हो । इतिहासकार र स्वयं जैन विद्वान्हरूले पनि भागवत वर्णित ऋषभदेवलाई जैन पन्थका प्रवर्तकका रूपमा स्वीकार गर्न गाह्रो मान्छन् । आधुनिक विद्वान्हरूका बीच भागवतको रचना ई.सं. ६००-७०० मा भएको निर्विवाद छ । जैनपन्थका अनुसार ऋषभदेव यस पन्थका आदि संस्थापक हुन् भने चौवीसौं तीर्थङ्कर महावीर यसका प्रवर्तक वा प्रचारक । पार्श्वनाथ र महावीर नै वास्तविक जैनपन्थका मूल आधारस्तम्भ हुन् । जैनमत दिगम्वर र स्वेताम्वर गरी दुई सम्प्रदायमा विभाजित छ । दिगम्वर पन्थ केही कठोर छ भने स्वेताम्वर पन्थ केही लचिलो । दिगम्वर पन्थका मान्यतामा स्त्री जातिले सिद्धशीला प्राप्त गर्न सक्दैनन् तर स्वेताम्वरमा यो नियम मान्य छैन ।

परोक्ष र अपरोक्ष दुवै ज्ञान जैन दर्शनलाई स्वीकार्य छन् । अपरोक्ष ज्ञानका तीनवटा भेद छन्: अवधि, मन-पर्याय र केवल । यस्तै परोक्षज्ञान पनि दुईप्रकारको छ : मति एवं श्रुत । जैनपन्थ स्थापित उपरोक्त प्रज्ञानका सिद्धान्तहरू जैनेतर दर्शनमा पाइन्नन् । जैन वस्तुवादी दार्शनिक हुन् अतः यी ज्ञानमा ज्ञान र ज्ञाताको वीच अनिवार्य द्वैतसम्वन्ध रहेको हुनुपर्छ भन्ने तथ्य स्वीकार्छन् । पूर्णज्ञानावस्थामा समेत ज्ञाता र ज्ञेय वस्तु पूर्णतः स्वतन्त्र रहन्छन् भन्ने जैन दर्शनको आफ्नै मान्यता छ । आत्म सापेक्ष ज्ञान प्रत्यक्ष हुन्छ भने त्यसवाहेकका ज्ञानहरू अपरोक्ष । अपरोक्ष ज्ञान इन्द्रिय र वाह्य पदार्थका सहयोगले सृजित हुन्छ । परोक्षका दुई भेदमध्ये मति ज्ञानका अन्तर्गतः वाह्य इन्द्रियजन्य ज्ञान र मानस ज्ञान अर्थात् अनुमान ज्ञान पर्दछन् । श्रुतज्ञान भन्नु नै शव्द प्रमाण हो जुन जैनागमद्वारा स्वीकृत छ । वास्तवमा, जैन दर्शनमा प्रत्यक्ष, अनुमान र शव्द यी तीनैवटा प्रमाणहरू परोक्ष ज्ञानका अन्तर्गत पर्छन् र इन्द्रिय-मन सापेक्ष हुन्छन् ।

जैनीय अपरोक्ष ज्ञानका तीनवटा भेद छन्: अवधि, मन-पर्याय र केवल ज्ञान । इन्द्रियानुभव परे तर स्थापित ज्ञानलाई अवधि ज्ञान भनिन्छ र यस्तो ज्ञान पूर्णतः अतीन्द्रिय हुन्छ । यद्यपि यस्तो ज्ञान दिक्कालातीत भने हुँदैन । तसर्थ यसलाई अवधि ज्ञान भनिन्छ । इतर व्यक्तिका मानसिक उहापोहलाई मनः पर्याय ज्ञान भनिन्छ । यस्तो ज्ञान पूर्णतः इतर व्यक्ति सापेक्ष हुन्छ जुन हरेक इतर व्यक्तिका लागि अज्ञेय हुन्छ तर अनुभवका लागि प्रमाणिक । यस्तो ज्ञानमा आत्मा, इन्द्रिय र मनको कुनै भूमिमा रहन्न । आत्माका समस्त आवरणीय कर्मपूर्ण विनाश भएपछि स्वेकीय सर्वज्ञ स्वरूपमा प्रकाशित हुन थाल्दछ । यस अवस्थालाई केवल ज्ञान भनिन्छ । यस्तो अपरोक्ष ज्ञानावस्था वारे आचार्य गुणरत्न र हेमचन्द्रले क्रमशः स्वरूपाविर्भाव र पारमार्थिक प्रत्यक्ष शव्दको प्रयोग गरेका छन् । वास्तवमा समस्त जैनागमको मूल लक्ष्य नै सम्पूर्ण आवरणीय कर्मको विनाश गर्दै स्वरूपाविर्भाव प्राप्त गर्नु हो ।

अनेकान्तवाद जैनदर्शनको दोस्रो विशेषता हो । वास्तवमा, जैनदर्शन भन्नु नै वास्तविकतावादी र सापेक्षतावादी वहुत्ववाद हो । जैनदर्शनमा हरेक तत्त्वलाई अनन्तधर्मात्मक मानिएको छ किनभने अनन्तधर्मात्मकता नै वस्तुको मुख्य लक्षण हो । जैन दर्शनका अनुसार समस्त जगत् पुद्गल हो जुन अनन्त परमाणुहरूको विशिष्ट संयोजनले वनेको छ । पूर्णता प्राप्त गर्दै जानु र विनाश हुँदै जानु पुद्गल शव्दको शाब्दिक अर्थ हो । जैनमतका अनुसार चेतन जीव र अचेतन पुद्गल परस्पर भिन्न छन्, अनन्त छन् । समस्त व्रह्माण्ड जीवमय छ, मानिस, पशु, वृक्ष, पाषाण सवैमा जीव व्याप्त छ तर सवैको चेतनाको स्तरमा भने भिन्नता छ । यही नै जैन-दर्शनको अनेकान्तवाद हो । जैन दार्शनिक मान्यताअनुसार प्रत्येक वस्तुमा नित्यांश र अनित्यांश विद्यमान हुन्छ । नित्यांशका कारण वस्तु नित्य-प्रतीत हुन्छ भने अनित्यांशको प्रभावमा उत्पाद-व्ययात्मक । तत्त्वार्थ सूत्रकारका अनुसार उत्पादव्ययध्रौवसंयुक्त अर्थात् सद्असद् युक्त हुनु नै सत्को लक्षण हो । सत्यासत्यत्व द्रव्यको स्वाभाविक धर्म हो । वस्तुमा आन्तरिक र आगन्तुक दुवै थरीका गुण हुन्छन् । आगन्तुक गुण परिवर्तनशील हुन्छन् तर

अपृथक गुण अपरिवर्तनीय । अतः गुण पर्यायवद् हुनु नै द्रव्यको लक्षण हो । वस्तुलाई अनेक धर्मात्मक स्वीकार गर्नु नै जैनदर्शनको आफ्नो मौलिकता हो । वस्तुतः वौद्ध क्षणभङ्गवाद र औपनिषदीय नित्यवादको विशिष्ट सम्मिश्रण नै अनेकान्तवाद हो भन्नु अत्युक्ति नहोला ।

जैनदर्शनको तेस्रो महत्त्वपूर्ण विषयवस्तु हो - स्याद्वाद । स्याद्वाद सापेक्ष ज्ञानको सिद्धान्त हो । झट्ट हेर्दा स्याद् संशयवाची पद प्रतीत भए तापनि जैनदार्शनिकहरूका मतका स्याद् पदको अर्थ सापेक्षतया हुन्छ । जैनदर्शनकाअनुसार मानवीय ज्ञानसापेक्ष र आंशिक हुन्छन् । यस्तै परामर्श वाक्य पनि आंशिक नै हुन्छन् । "स्यात्" यसै सापेक्ष सत्यको सूचक शव्दावली हो । जैन दर्शनका अनुसार ज्ञान र तद्विषयक वाक्य तीन प्रकारका हुन्छन् - दुर्णय, नय एवं प्रमाण । कुनै वस्तु पूर्ण सत्य छ भनेर ठोकुवा गर्नु दुर्णय हो । किनभने यसो गर्नाले उसको अन्य स्वाभाविक धर्म निवारण हुन्छ । कुनै वस्तुका विषयमा वर्णन गर्दा उसका कुनै पनि पक्षको निराकरण नगरी वर्णन गर्नु नय हो । नयमा सत्य पूर्णतः प्रकट हुँदैन । तथापि दुर्णयका तुलनामा अधिक व्यापक हुन्छ । यस सम्वन्धमा सातजना अन्धा र हात्ती सम्वन्धी लोकोक्ति जैनदर्शनमा अत्यन्त प्रसिद्ध छ । अन्धाहरूका संयुक्त निर्णयले हात्तिकै स्वरूपको अभिव्यक्त हुन्छ तर व्यक्तिगत तवरमा प्रत्येक व्यक्ति अपूर्ण नै हुन्छन् । यस सन्दर्भमा, जैनदर्शन अत्यन्त उदार छ ।

जैनदर्शनमा वस्तुका सम्वन्धमा अत्यन्त उदार नयप्रणालीको व्यवस्था गरिएको छ जसलाई सप्तभङ्गी न्यायका रूपमा चिनिन्छ । सामान्यतया न्याय वाक्य विधानात्मक र निषेधात्मक वाक्य गरी दुईप्रकारका हुन्छन् । तर जैनमतमा निम्न सातवटा न्याय वाक्यलाई स्वीकार गरिएको छ ।

१. स्याद्-अस्तिः सापेक्षतया वस्तु अस्तित्वशील छ ।
२. स्याद्-नास्तिः सापेक्षतया वस्तु अस्तित्वशील छैन ।
३. स्याद् अस्ति नास्तिः सापेक्षतया वस्तु अस्तित्वशील छ र छैन ।
४. स्याद् अव्यक्तम्ः सापेक्षतया वस्तु अव्यक्त छ ।
५. स्याद् अस्ति अव्यक्तम्ः सापेक्षतया वस्तुको अस्तित्व छ र ऊ अव्यक्त छ ।
६. स्याद् नास्ति च अव्यक्तम्ः सापेक्षतया वस्तु छैन र अव्यक्त छ र
७. स्याद् अस्ति च नास्ति च अव्यक्तम्ः सापेक्षतया छ, छैन र अव्यक्त पनि छ ।

उपरोक्त सप्तभङ्गी न्यायको व्याख्या गर्दा प्रथम न्यायवाक्यका विषयमा विचार गरौं । सापेक्षतया वस्तुको अस्तित्व छ अर्थात् फलामको कराही देश-काल र रूप विशेषले विद्यमान छ । दोस्रो न्यायवाक्यले उपरोक्त कराहीको निराकरण गर्छ र तेस्रो न्यायवाक्यका आधारमा उपरोक्त फलामको कराही एकठाउँमा विशेष रूपले काल-विशेषमा उपस्थित छ तर अर्को ठाउँमा त्यो अविद्यमान छ। चौथो न्यायवाक्यका अनुसार कराही नै उसको स्वरूप हो भनेर किटान गर्न सकिन्न । उसमा अस्तित्व र नास्तित्व दुवै विद्यमान रहन्छ । यहाँ अव्यक्तम्को अर्थ हो-निर्वचन असक्यता । अन्य तीनवटा न्यायवाक्यहरू क्रमशः प्रथम, द्वितीय र तृतीय न्याय वाक्यका सम्मिश्रणवाट वनेका छन् ।

परम्परागत दार्शनिकहरूले यस सप्तभङ्गी न्यायको निन्दा गर्दै वौलाहाहरूको प्रलाप भनेका छन् तर समग्र जैन दर्शनको अध्ययन गर्दा उपरोक्त आरोप निराधार प्रतीत हुन्छ । वास्तवमा, सप्तभङ्गी न्यायले जीवनसँग सीधा सरोकार राख्छ । यो पूर्णतः व्यावहारिक सिद्धान्त हो, विरोधी गुणलाई समेत वस्तुकै स्वाभाविकता स्वीकार गरेर जैन दर्शनले विश्वदर्शनमा अत्यन्त व्यापक नजरीया प्रस्तुत गरेको छ। "मेरो गोरुको सय टक्का" भन्ने मताग्रही धार्मिक र दार्शनिक समुदायका लागि जैनदर्शन एक प्रकारको सटीक शिक्षा हो । अतः जैनअनेकान्तवाद साँच्चिकै अत्यन्त महत्वपूर्ण छ ।

जैनदर्शनको चौथो महत्वपूर्ण विषयवस्तु हो जैन-तत्त्व मीमांसा । जैन दर्शनका अनुसार तत्त्व-अनेक छन् । तत्त्व अनन्त धर्मात्मक छन् । प्रत्येक तत्व नित्यता, उत्पादनशीलता र क्षय नामक तीनवटा गुणले सम्पन्न छन् । प्रत्येक परमद्रव्य गुण र पर्याय नामक धर्म सम्पन्न छन् । चेतन र अचेतन द्रव्य परस्पर पूर्णस्वतन्त्र छन् । जैन दर्शनकारले द्रव्यका "अस्तिकाय र नास्तिकाय"गरी दुई भेद प्रस्तुत गरेका छन् । अस्तिकायको अर्थ स-शरीर रहनु र नास्तिकायको अर्थ हो शरीररहित हुनु । अस्तिकाय द्रव्यका पाँचवटा भेद छन्ः जीव, पुद्गल, आकाश, धर्म र अधर्म । यीमध्ये जीववाहेक सवै अजीव द्रव्य हुन् र आकाश नास्तिकाय । वद्ध र मुक्त जीवनका यी दुई भेद छन् । वद्ध जीवका दुई भेद छन्ः त्रस र स्थावर । त्रस जीव पाँच इन्द्रिय युक्त, चार इन्द्रिय युक्त, तीन इन्द्रिय युक्त र दुई इन्द्रिय युक्त गरी चारप्रकारका छन् भने स्थावर जीव एक इन्द्रिय युक्त मात्रै हुन्छ । अजीव द्रव्यका चारभेद छन्ः पुद्गल, आकाश, धर्म र अधर्म । यीमध्ये पुद्गल जीव

दुईप्रकारका छन् अणु र सङ्घात । तत्वार्थसूत्रका अनुसार पुद्गल जीवमा स्पर्श, रस, गन्ध र रूप नामक चार गुण विद्यमान रहन्छन् ।

जैन दर्शनमा कर्मलाई पनि पौद्गलिक तत्वका रूपमा स्वीकार गरिएको छ । कर्म पनि पृथ्वी, जल, वायु र आकाशझैं पूर्ण पौद्गलिक द्रव्य हो र यसले जीव द्रव्यलाई चारैतिरवाट थुनेर बन्धनयुक्त बनाउँछ । यस्तै आकाश पनि नित्याकाश र लोकाकाश गरी दुई प्रकारका हुन्छन् । लोकाकाश द्रव्यसहित हुन्छ भने नित्याकाश द्रव्य विहीन हुन्छ । आकाश अनुमानजन्य तत्त्व हो जुन द्रव्यका खातिर महत्त्वपूर्ण छ । जैनदर्शनले द्रव्यका रूपमा धर्म र अधर्म नामक दुई तत्त्वलाई पनि स्वीकारेको छ तर अन्य पन्यसरह यी जीवका आचरणसँग सम्वन्धित विषय वस्तु होइनन् । धर्म र अधर्म नामक द्रव्यले गतिशीलतामा जीवद्रव्यको सहायता गर्छन् । जैनदर्शनमा धर्मअधर्मको सम्वन्ध पाप-पुण्यसँग छैन । काल द्रव्य अनुमानजन्य वस्तु हो र यो व्यवहारिक जीवनमा वर्तन, परिणाम, पूर्वत्व-अपरत्व, नवीन-प्राचीनजस्ता व्यवहारिक गणनाका कारण अस्तित्वशील रहेको ठानिन्छ । साथै, पारमाणिक काल अव्यवहार्य छ जुन नित्य, निरवयुक्त छ ।

जैनदर्शनमा जीवनलाई पनि द्रव्यकै रूपमा स्वीकार गरिएको छ र चेतनायुक्त हुनु नै जीव द्रव्यको लक्षण हो । चैतन्य लक्षणो जीवः । प्रत्येक जीव अनन्त ज्ञान, अनन्त दर्शन, अनन्त सुख र अनन्त शक्ति सम्पन्न हुन्छन् । प्रत्येक जीव कर्मावरणद्वारा आछन्न छन् तसर्थ यसका अनन्त चतुष्टय आवरण छन् । समस्त ब्रह्माण्ड एकेन्द्रिय, द्विइन्द्रिय, तीन इन्द्रिय, चार इन्द्रिय र पाँच इन्द्रिययुक्त जीवले भरिपूर्ण छ । एकेन्द्रिय जीव स्थूलभौतिक पदार्थ हुन्, द्विइन्द्रिय जीव वृक्षादि हुन्, तीन इन्द्रिय जीव पशु जगत् हुन् भने चार र पाँच इन्द्रिय जीव मनुष्य र देवजन वा मुक्त जीव हुन् । मुक्त जीव कर्मावरणरहित हुन्छन् । जीन-मान्यता अनुसार तीर्थङ्कर मुक्त जीवका उदाहरण हुन् । यिनले आफ्ना समस्त आवरणीय कर्म क्षय गरी अनन्तचतुष्टय प्राप्त गरी सकेका छन् ।

जैनदर्शनकारहरूले अन्य परम्परागत दार्शनिक चिन्तकझैं जीवलाई ज्ञाता, कर्ता र भोक्ताका रूपमा स्वीकारेका छन् । प्रत्येक जीव स्वभावतः ज्ञानशील छ । तसर्थ ऊ कर्ता र भोक्ता पनि हो । जीव अस्तिकाय द्रव्य भए तापनि ऊ विस्तारशील छ र शरीर इन्द्रिय वा मनवाट पूर्ण भिन्न छ । ऊ विभू वा अणुरूपले आफ्नो शरीर अनुसार विस्तारित हुन्छ । ऊ हात्तीमा हात्तीझैं विराटकाय हुन्छ भने कमिलोमा कमिलाझैं सूक्ष्म । पिपीलिका पुद्गलं प्राप्य पुद्गलं भवति, हस्ति पुद्गल प्राप्य हस्ति भवति । अतः जैनदर्शनमा जीवात्माको स्वरूप पुद्गल शरीरव्यापी हुन्छ । हरेक जीवनको आफ्नै पुद्गल संसार हुन्छ तर यो पौद्गलिक आवरणले जीवको सर्वज्ञता इत्यादि र अनन्त चतुष्टय अवरूद्ध रहेको हुन्छ, अतः परोक्ष ज्ञानद्वारा कर्मफल क्षय गर्दै अनन्त चतुष्टयमा आरुढ हुनु नै जीवको आत्यान्तिक कर्तव्य हो । यही नै मोक्षावस्था वा सिद्धावस्था हो ।

पहिल्यै भनिएझैं जैनदर्शनका अनुसार कर्म भौतिक एवं पौद्गलिक द्रव्य हो । जव पुद्गल कर्मले जीवलाई वेर्छ त्यस अवस्यालाई वद्ध-अवस्था र कर्म-शक्तिको अवस्थालाई वद्धअवस्था र कर्ममुक्तिको अवस्थालाई मोक्षावस्था भनिन्छ । कर्म आठ-प्रकारका छन् : ज्ञानावरणीय, दर्शनावरणीय, मोहनीय, वेदनीय, आयुष्य, नाम, गोत्र र अन्तराय । उपरोक्त समस्त कर्म भेद शरीरी जीवमा प्रयुक्त हुन्छन् । जीव स्वभावतः मुक्त छ तर ऊ अनादि वासना र कर्मका कारण आवरण युक्त भई कर्मवन्धनमा आक्षिप्त हुन्छ । जैनमतका अनुसार जीव पाँच कर्मवन्धनमा पर्छ ऊ पूर्णतः वन्धनयुक्त हुन्छ भने समस्त कर्मको आत्यान्तिक क्षय नै मोक्ष हो । कृत्स्नकर्मक्षयो मोक्षः ।

जैनदर्शनका अनुसार नित्यमुक्त जीव आस्रव, वन्ध, संवर, निर्जरा, मोक्ष, जीव, अजीव, पाप र पुण्य यी नौ पदार्थबाट मुक्त छन् । यीमध्ये आस्रवले जीवलाई कर्मतिर प्रेरित गर्छ, जीव यसैका प्रभावमा आई पुद्गल जीवसँग मिश्रित हुन्छ यो बन्धनावस्था हो । भवास्रव र द्रव्यास्रवले वन्धन रूपमा भाववन्ध र द्रव्य वन्धनको उत्पादन गर्छ फलतः कर्मचक्र चल्न थाल्छ र जीव त्यसमा रुमलिंदै जान्छ । अनि कर्मचक्र निर्माण हुन्छ । प्रवेशमान कर्मलाई रोक्नु र नयाँ कर्मतिर प्रेरित हुन नदिनु संवर प्रक्रिया हो । यस क्रियावाट जीवका समस्त कर्मद्वार वन्द हुन्छन् र शरीरमा नयाँ कर्मको प्रवेश पूर्णतः रोकिन्छ । तव निर्जरावस्था घटित हुन्छ । निर्जरावस्थामा कर्मफल पूर्णतः विनाश भइसकेका हुन्छन् तर कर्मफल विनावरणको प्रभाव भने शेष रहन्छ । अन्तिममा, निर्जरावस्था पार हुन्छ र जीवले आफ्नो मूल अनन्त चतुष्टय अवस्था प्राप्त गर्छ । सहज स्वेकीय रूपले प्रकाशवान् हुनु नै जीवको मोक्षावस्था हो ।

मोक्ष प्राप्तिका साधन रूपमा त्रिरत्न अर्थात् सम्यक् दर्शन, सम्यक् ज्ञान र सम्यक् चरित्रको ठूलो

महत्त्व छ । जैनागमको पूर्ण आस्था नै सम्यक् दर्शनमा छ । जैनागमप्रति अश्रद्धावान् व्यक्तिले मोक्ष प्राप्त गर्न सक्दैन । केवल जैनागममा अन्धश्रद्धाले व्यक्ति मुक्त हुँदैन त्यसका खातिर अध्ययन गरिएका जैनागमको सम्यक् ज्ञान हुनु पनि आवश्यक छ । अनि सम्यक् अध्ययन गरिएको ज्ञान आफूमा चरितार्थ गर्नु नै सम्यक् चरित्र हो । श्रद्धाले ज्ञान र चरित्र प्राप्त हुन्छन्, चरित्रले ज्ञान परिपक्क हुन्छ भने ज्ञान र चरित्रको सहकार्यले साधकको गन्तव्य पूर्ण प्रकाशित हुन्छ र ऊ सिद्धिपथमा आरूढ हुन्छ ।

जैनदर्शनमा सम्यक् चरित्रमा पाँचवटा भेद छन् । यीमध्ये मन, वचन र कर्मले कसैलाई हानी नोक्सानी नपुऱ्याउनु अहिंसा हो, मन, वचन र कर्मले असत्याचरण नगर्नु सत्य हो, मन, वचन र कर्मले कुनै वस्तुलाई नचोर्नु अस्तेय हो, मन, वचन र कर्मले निष्ठायुक्त जीवन व्यतीत गर्नु ब्रह्मचर्य हो र मन, वचन र कर्मले विलासितापूर्ण वस्तुप्रति निस्पृहता हुनु नै अपरिग्रह हो । मुनिहरूले उपरोक्त पञ्चव्रत कठोरतापूर्वक पालन गर्नैपर्छ तर गृहस्थजनका लागि यी व्रत आंशिकरूपमा पालनीय छन् । अणुव्रत नै जैन धर्म वर्णित मोक्षको सर्वोत्तम साधन हो । यो मोक्ष साधन विभिन्न चौध सोपानमा विभाजित छ । यी चौध सोपानमध्ये अन्तिम सोपानः सिद्धशीला हो जुन समस्त जैनावलम्वीहरूको अन्तिम गन्तव्य हो । सिद्धशीलामा जीव पूर्ण, नित्य, मुक्त र कर्म-बन्धन मुक्त हुन्छ । अन्तत चतुष्टय सम्पन्न हुन्छ ।

नेपालमा जैनमतालम्वीहरूको सङ्ख्या निकै छ । प्रसिद्ध उद्योगपति हुलासचन्द्र गोल्छा जैन धर्मका अनुयायी हुन् । काठमाण्डौको कमलपोखरी इलाकामा एउटा प्रसिद्ध जैन मन्दिर छ । त्यस मन्दिरमा जैन तीर्थाङ्करका सुन्दर मूर्तिहरू छन् । एउटा ठूलो धर्मशाला पनि छ । प्रायः जसो सबै जैनीहरू शाकाहारी र शान्ति प्रिय हुन्छन् । व्यापारी हनुमानमल जैनका अनुसार जैनीहरूले अन्य धर्मलाई पनि पूर्णतः आदर गर्छन् । वर्तमानमा, आचार्य तुलसी जैन धर्मका अग्रणी प्रचारक बनेका छन् । जैनी साहित्य नेपाली भाषामा उपलब्ध छैन । संस्कृत, पाली र हिन्दी भाषामा लेखिएका जैन साहित्यको प्रचुर भण्डार छ । कमलपोखरीमा एउटा जैनागमको पुस्तकालय स्थापनातिर व्यवस्थापन पक्षको ध्यान जानु आवश्यक छ । अर्को कुरा, प्रायजसो नेपाली जैनधर्म मारवाडीहरूको धर्म हो भन्ने ठान्छन् यसका लागि नेपालका जैनमतको दार्शनिक अध्ययन हुन सके यो निराधार प्रकल्पना स्वतः हराउने थियो । यस सम्वन्धमा पनि जैन मतालम्वीहरूको ध्यान जाओस् ।

नेपालमा वर्तमान उहापोहमय हिंसात्मक परिस्थितिमा जैनदर्शनले ठूलो योगदान प्रदान गर्न सक्छ । वुद्धदर्शनका तुलनामा जैनदर्शन बढी नै अहिंसक छ । वौद्धहरू मासु खान्छन् तर जैनहरू मुखमा सेतो पट्टी बाँधेर सामान्य जीव-हिंसावाट समेत सचेत देखिन्छन् । यस्तो अद्‌भुत दार्शनिक चिन्तनले गति प्राप्त गर्न सके वर्तमान हिंसात्मक परिस्थिति स्वतः समाप्त हुने थियो ।

साभार : दर्शनशास्त्रको परिचय

जरो किलो प्रतिष्ठान नेपालद्वारा प्रकाशित पुस्तकहरु

सर्वत्र बजारमा उपलब्ध छ ।

जरो किलो प्रतिष्ठान नेपाल

सम्पर्क : ०१ -५३२१५५५

सामाजिक सञ्जालको सदाचारी प्रयोग प्रशिक्षण

✍ **भुवन खत्री**

सहृदयता समाज नेपालले जातीय छुवाछुत, विभेद, घृणावादी कित्ताकाट र द्वन्द्वको सम्भावनालाई निस्तेज पारेर सहृदयताको सम्वन्ध स्थापना गर्न काठमाडौंमा १० हजार विद्यार्थीलाई प्रशिक्षण दिने योजना कार्यान्वयन गरिरहेको छ ।

सामाजिक सञ्जालमा जात, जाति, भाषा, सम्प्रदाय, क्षेत्रियताको आधारमा घृणा फैलाउने, कित्ताकाट गर्ने जस्ता कार्यहरू बेलावखत हुने गरेका छन् । विद्युतीय (Electronic) कारोवार ऐन २०६३ तथा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को आधारमा यस्ता गतिविधि गर्नेलाई कारवाही हुने गरेको छ । पर्याप्त जनचेतनाको अभावमा विद्यार्थीहरूवाट पनि यस्ता गतिविधि हुने गरेको हुँदा सहृदयता समाज नेपालले जातीय छुवाछुत, भेदभाव तथा साम्प्रदायिक सद्भाव विथोल्ने यस किसिमका गतिविधिलाई निस्तेज पार्न र समाजमा सहृदयताको सम्वन्ध स्थापना गर्न 'सामाजिक सञ्जालको सदाचारी प्रयोग' विषयमा विद्यार्थीहरूलाई प्रशिक्षण दिन लागिरहेको छ । सामाजिक सञ्जालको प्रयोग समाजमा जातीय छुवाछुत, विभेद, घृणा एवं साम्प्रदायिकता भड्काउन नभई सहृदयताको सम्वन्ध स्थापित गर्न प्रयोग गरिनुपर्छ भन्ने मान्यताको साथ यो प्रशिक्षण कार्यक्रम विभिन्न विद्यालयमा अनुमति लिएर विशेष गरी कक्षा आठदेखि कक्षा बाह्रसम्मको लागि गर्न लागिएको हो ।

वि.सं. २०७८ पुष १२ गते सोमवार हामी २०७२ मा मैले एस.एल्.सि. दिएको विद्यालय शिशु मिलन स्कुलमा म र प्रशिक्षक सहृदयता समाज नेपालका आजीवन सदस्य श्री सुशील गौतम दाइ गयौं । 'सामाजिक सञ्जालको सदाचारी प्रयोग' यो विषय राखी सहृदयता समाज नेपालले जातीय छुवाछुत, विभेद, घृणावादी कित्ताकाट र द्वन्द्वको सम्भावनालाई निस्तेज पारेर सहृदयताको सम्वन्ध स्थापना गर्न काठमाडौंका १० हजार विद्यार्थीलाई प्रशिक्षण दिने योजना कार्यान्वयन गरिरहेको व्यहोराको निवेदनका साथ केही दिन अघि नै विद्यालयका प्रधानाध्यापक श्री बुद्ध गोले (तामाङ) गुरुसँग अनुमति लिइसकेका थियौं ।

तोकिएको दिन म केही बेर अगाडि नै विद्यालयमा गएँ । हलको व्यवस्थापन भइसकेको रहेछ र प्रोजेक्टरको तारको लागि व्यवस्थापन हुँदै थियो । बुद्ध सरले, 'प्रशिक्षक आउनु भएपछि सबै मिलाउने कुरा मिलेपछि म ८,९ र १०का विद्यार्थीलाई लिएर आउँछु ।' भन्नुभयो । केही बेरपछि सुशील दाइ आइपुग्नुभयो र प्रोजेक्टर आदि मिलाउनतिर हलमा गयौं । बुद्ध सर पनि आइपुग्नुभयो र सुशील दाइ र सरबीच एकछिन संवाद भयो । त्यसपछि सरले विद्यार्थीहरूलाई ल्याउन जानुभयो । एकछिनपछि केही विद्यार्थीहरू आए र अरू विद्यार्थी आउञ्जेल सुशील दाइले सबको परिचय लिनुभयो विशेष गरी थर के के रहेछन् बुझ्दै हुनुहुन्थ्यो । ती विद्यार्थीहरू आठ कक्षामा पढ्ने रहेछन् । थोरै बेरपछि कक्षा ९ र १० का विद्यार्थीहरू एकसाथ आइपुगे । अन्य केही शिक्षकहरू पनि आउनुभयो । मलाई उहाँहरूले नै पढाउनुभएको कुरा सुशील दाइलाई बताएँ । त्यसपछि कार्यक्रमलाई औपचारिकतामा लान म पूर्व विद्यार्थी भएकोले मैले नै सुरु गर्न प्रधानाध्यापकले भन्नुभयो ।

सवैजनालाई नमस्कारको अभिवादन गर्दै आफ्नो परिचय दिएँ । सहृदयता समाज नेपालको तर्फबाट सामाजिक सञ्जालको सदाचारी प्रयोग भन्ने विषयमा प्रशिक्षण दिनको लागि आएको वताएँ । समाजमा भएका जातीय छुवाछुत, भेदभाव लगायतका घृणा फैलाउने कुरीतिहरू हटाउन यो प्रशिक्षण कार्यक्रम अगाडि बढाइएको बताएँ । त्यसपछि सहृदयता समाज नेपालका आजीवन सदस्य सुशील गौतम दाइलाई प्रशिक्षणको लागि अनुरोध गरेँ ।

सुशील दाइले सुरुमै केही विद्यार्थीलाई हात उठाउन लगाउनुभयो र थरसहित नाम सोध्नुभयो । उनीहरूका मिल्ने साथी (Best friend) का नाम थर पनि सोध्नुभयो । त्यसपछि बल्ल स्लाइड प्रस्तुतितर्फ लाग्नुभयो । पहिलो स्लाइडमा 'सामाजिक सञ्जालको सदाचारी प्रयोग' लेखिएको थियो ।

दोस्रोमा 'सामाजिक सञ्जाल' शीर्षक राखेर विभिन्न सञ्जालका चित्र थिए र तिनका नाम बताउनुभयो । कुनै कुनैका नाम विद्यार्थीलाई नै सोध्नुभयो । सबै विद्यार्थीले वताए ।

तेस्रो स्लाइडमा 'सिगारि खेल्न गएका कामी दमाइलाई बाजा मात्र

वजाएनन् शङ्ख पनि वजाए रुकुमका मल्ल ठकुरीले' र दोस्रो पोष्टमा 'ककेसियावाट पाकिस्तान र भारतमा वलात्कृत हुँदै नेपाल छिरेका जनावरलाई शरणार्थी वाहुन क्षेत्रीहरू भनिन्छ ।' यस्ता किसिमका पोष्टहरू गरेर हुँदै नभएका कुराहरू लेखेर समाजमा एक अर्काप्रति क्रोध वढाउने घृणा फैलाउने र सम्वन्ध विथोलेर झै-झगडा वढाउनेजस्ता कार्य भइरहेका छन् ।

त्यसैगरी सातौं स्लाइडमा पनि सोही शीर्षकमै अरू २ वटा पोष्टहरू छन् । पहिलोमा घोडामा चढेका मान्छेका फोटासहित साँच्चै होला भन्ने पारामा यस्तो लेखेर पोष्ट गरिएको छ । '१८५८ मा चीन सरकारले तिव्वतवाट लखेटेर लदाख, आसाम, सिक्किम, दार्जिलिङ्ग हुँदै नेपालमा शरण लिन आएको मङ्गोल जाति' र दोस्रोमा Mongol नाम-थरमा गायक श्री प्रकाश सपुतलाई अर्काको गीत चोर्ने कामी लेखिएको तस्वीरसहित यस प्रकारका घृणित कुरा लेखिएको छ ।' जतिसुकै जे भनेपनि कामी दमाईंले आफ्नो औकात देखाएर जात जनाउँछ भनेको हो रैछ ।' यस्ता किसिमका सवै पोष्टमा प्रितिक्रियामा पनि केहीले गलत (fake account) पहिचान राखेर झगडा गरेको जस्तो गर्छन् र त्यसैमा साँचैमा फेरि अन्य सामान्यजनहरू झगडा गरिदिन्छन् । यसरी त समाजमा द्वन्द्वको माहोल झन्झन् वढ्दै जान्छ। कसरी द्वन्द्व वढ्छ त भन्दा रुवान्डाको घटनालाई हेरौं त्यहाँ पनि यस्तै किसिमले घृणा फैलिएको थियो । अव अगाडि यी कुरा आउँछन् ।

आठौं स्लाइडमा 'रुवान्डाको जातीय द्वन्द्व' शीर्षकमा २ वटा चित्र राखिएका छन् ।

नवौंमा सोही शीर्षकमा ५ वटा वुँदामा रुवान्डाको द्वन्द्वका जानकारी दिइएको छ । रुवान्डामा खेतीपाती गर्ने कामकालाई हुतु र पशुपाल्नेलाई तुत्सी भनिन्थ्यो, जो पनि हुतु वा तुत्सी वन्न सक्थे, मान्छे हेरेर छुट्याउने अवस्था थिएन ।

त्यसपछि १०० दिनसम्म लगातार हुतु र तुत्सीवीच भयानक जातीय द्वन्द्व मच्चियो । कतै ८ कतै १० भनिएकोले ८।१० लाख मानिसहरूको हत्या भयो । २ लाख ५० हजार माहिला वलात्कृत भए । कागेरा नदिनै थुनिने गरी लासहरू थुप्रिएको थियो । मुटु चसक्क जिउ सिरिङ्ग हुँदैन त यस्तो भयानक घटना सोच्दा मात्रै पनि ? के भयो होला त्यहाँ ? यी र यस्ता घटनाको कारण के हो त ?

यसको कारण दशौं स्लाईडमा 'जातीय द्वन्दको कारण' शीर्षकमा ५ वटा वुँदामा दिइएको छ । त्यहाँ हुतु जातिले तुत्सीलाई इथियोपियावाट आएको आरोप लगाउने परिपाटी वढाइएको थियो । घृणा फैलाउने समाचार, गफगाफ, आरोपहरू यति वरम्वार गरिन्थ्यो कि ती कुराहरू हो नै भन्ने जस्तो सामान्य भइसकेको

थियो । यसरी घृणावादी कुराको अति सामान्यीकरण गरिएको थियो । अझ जुन साझा एवं मौलिक चाडपर्वहरू थिए जसले सवै जातिलाई एकठाउँमा ल्याएर सद्भाव वढाउन ठूलो मद्दत पुऱ्याउँथ्यो ती चाडहरू पूर्णरूपमा मासिएका थिए । ती सांस्कृतिक विषयहरूलाई राजनीतिक रूपमै प्रयोग गरेर द्वेषको भावना वढाइएको थियो । जसरी अहिले नेपालमा घृणा फैलाउने र सहृदयताको सम्वन्ध गाँस्ने दुवै थरी छन् र त्यहाँ पनि थियो तर जतिञ्जेल सहृदयीहरू प्रभावकारी थिए द्वन्द्व भएन जव त्यहाँ घृणा फैलाउने ज्यादा प्रभावकारी हुँदै गए तव मिल्नुपर्छ भन्ने शक्ति कमजोर भयो र भयानक द्वन्द्व मच्चियो । जसरी त्यहाँ द्वन्द्वको वीज रोपिएको थियो नेपालमा द्वन्द्वको वीज के भई राखेको छ त ?

'नेपालमा फैलाउने गरिएका अफवाह' यो शीर्षकमा एघारौं स्लाइडमा मङ्गोल र आर्यका विषयमा ३।३ वुँदा प्रस्तुत गरिएको थियो । नेपालमा विभेदकारीहरूले एकातिर जो थेप्चो नाक र मसिना आँखा भएका राई, लिम्वु, गुरुङ, मगर, तामाङ, शेर्पा छन्, तिनलाई मङ्गोलियावाट आएका मङ्गोल भनेर अफवाह फैलाइएको छ भने अर्कातिर जसका नाक चुच्चो छ, आँखा विस्फारित भएका वाहुन, क्षेत्री, ठकुरी, दशनामीहरू ककेसियावाट आएका आर्य हुन् भनेर अफवाह फेलाई रहेका छन् । तर वास्तविकता के

हो त ?

बाह्रौं स्लाईडमा 'वास्तविकता' भनेर कुरो स्पष्ट पारिएको थियो । भूगोलमा जहाँ तार्तर क्षेत्र छ त्यहाँ वस्ने एउटा सानो जातीय समूहलाई मङ्गोल भनिन्छ र तिनीहरू मङ्गोलमा वस्दछन् ।

राई, लिम्बु, गुरुङ, मगर, तामाङ, शेर्पाहरूको आ-आफ्नै संस्कृति, परम्परा, रीतिरिवाज छँदै छ नि । सोलोडोलोमा वास्तविकतादेखि टाढा मङ्गोल भनिदिनु अप्रामाणिक भ्रामक घृणावादी कुरा हो । त्यसैगरी आर्य एक संस्कृत शब्द हो जसको प्रयोग जताततै गुणवाचक रूपमा प्रयोग भएको छ । कृन्वन्तो विश्वमार्यं भन्ने संस्कृतको श्लोक अंशले विश्वलाई आर्य बनाऊ भनेको छ । नाक तानेर चुच्चो वनाउने भन्या हो त ? हैन नि असल बन र वनाऊ पो भन्या हो त । वुद्धले आर्य अष्टाङ्गिक मार्ग भनेर आर्य हुन असल हुन आठ वटा मार्गका कुरा गर्नुभएको छ ।

त्यसैले वाहुन, क्षेत्री, ठकुरी, दशनामीहरू मात्र आर्य हैनन् । जो सुकै व्यक्तिलाई पनि असल गुणवान छन् भने आर्य भन्न मिल्दछ । यो वास्तविक कुराले समाजमा सहृदयता वढाउँछ र द्वन्द्व हुन दिँदैन तर यदि अफवाहका जस्ता कुराहरू थिए त्यसको लागि कानुनले के बताएको छ त ?

तेह्रौं स्लाईडमा 'विद्युतीय (electronic) कारोवार ऐन, २०६३' शीर्षकमा ३ वटा वुँदामा यस प्रकार राखिएका छन् ।

१) सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायवीचको सुमधुर सम्वन्धलाई खलल पार्ने

२) १ लाख वा ५ वर्षसम्म कैद वा दुवै सजाय

३) पटक पटक गरेमा सजायको डेढी सजाय

यसरी विद्युतीय कानुन हेरेर हामीले के बुझ्नुपर्छ भने त्यस्ता किसिमका पोष्ट आदिलाई लाइक, कमेन्ट आदि कुनै किसिमको प्रतिक्रिया गर्नु हुन्न सेयर पनि गर्नुहुन्न ।

त्यसोभए त्यतिकै छाडिदिने कि के गर्ने त ?

त्यस्ता पोष्टलाई रिपोर्ट (Report) गरिदिने । रिपोर्ट कसरी गर्ने त ? यो शीर्षकमा १५ देखि १९औं स्लाइडहरू छन् । सुरुमा पोष्टको माथिल्लो भागतिर रहेका तीनवटा थोप्लाले जनाएको अप्सनमा छुने, त्यसपछि जे देखाउँछ त्यसको अन्तिमतिर Find support or report photo मा छुने, त्यसपछि Hate speech, त्यसपछि race or ethnicity र अन्तिममा submit गरिदिने । एक दुई जनाले रिपोर्ट गर्दा वास्ता भइदिँदैन तर हामी धेरै जनाले गयौं भने त्यसलाई हटाइदिने, व्लक गरिदिने आदि नियमानुसार जे गर्नु पर्ने त्यो हुन्छ ।

त्यसै गरी अव 'छुवाछुत र विभेद' शीर्षकमा २० औं स्लाईडमा दुई वटा चित्र छन् कथित ठूलाले अन्यलाई अलग्गै राखेको, नछुने किसिमको व्यवहार गरेको देखाइएको छ । वैज्ञानिक रूपमा पूरा सन्दर्भलाई ध्यान दिने बुझ्ने हो भने कुनै कार्य पनि अलग्गै भएकै हुँदैन कतै न कतै कुनै किसिमले छोइएकै हुन्छ ।

२१औं स्लाईडमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ मा ३ महिनादेखि ३ वर्षसम्म कैद, १-२५ हजारसम्म वा दुवै सजाय हुने तोकिएको छ ।

तर अव प्रश्न उठ्छ कानुन बनाउँदैमा छुवाछुत र विभेद हट्छ त ? यही शिर्षकमा २२औं स्लाइड देखाउँदै सुशील दाइले विद्यार्थीहरूलाई सोध्नुभयो । त्यहाँमध्ये एक विद्याथीले उठेर विकट गाउँ ठाउँमा गएर कानुनका कुरा र चेतनाका कुरा गर्नुपर्छ । भन्ने कुरा स्पष्ट राख्नुभयो । तर विकट गाउँ ठाउँमा मात्र हैन शहरी क्षेत्रमा पनि यो अत्यावश्यक छ ।

'सामाजिक चेतनामा अभिवृद्धि' शीर्षकमा रहेको २३औं स्लाइडमा ३ वुँदा राखिएको थियो । पहिलो वुँदामा ' जात विभाजन (नेवार, मधेसी, पहाडी)' भनेर सुशील दाइले विभिन्न शासकले मनमौजी रूपमा अनेक जात विभाजन गरेको स्पष्ट ऐतिहासिक उदाहरणहरू राख्नुभयो । जस्तै मल्लकालीन समयमा नेवार समुदायमा जात विभाजन भयो त्यसै गरी राणा शासनको बेला पनि उनीहरूले आफ्नो स्वार्थ अनुसार जात वढाइदिने र घटाइदिने गरे । यसरी ती कुरा बुझ्दा के स्पष्ट छ भने अहिले जो ठूला भनिएका ती पहिला साना र साना भनिएका ठूला नि हुनसक्ये । अर्थात् यो सवै विना विज्ञान शासकको स्वार्थले वनाईएका कुरा हुन् । अहिले ठूला साना भनिएकाहरूको सवैमा घालमेल भएकोमा जजसको गोत्र मिल्छ नि उनीहरूको पुर्खा मिल्छ अर्थात वैज्ञानिक परीक्षण गर्ने हो भने डि.एन. ए. मिल्न जान्छ तव दाजुभाइ दिदीवहिनीमा जसरी ठूला साना छुवाछुत विभेद रहँदैन त्यसैगरी कसैको कसैसँग पनि विभेद रहँदैन तर फेरी विभेद हटाउनको लागि के गर्दा उचित हुन्छ त ?

'वंशियार र अंशियार' भनेर २४औं स्लाइडवाट सुशील दाइले समाधानको सूत्र प्रस्तुत गर्नुभयो । वंशियार अर्थात एउटा वंशका सन्तान र अंशियार अर्थात एउटै आमाका सन्तानले वरावर अंश पाउने भन्ने यी भाव हुनासाथ विभेद हटिहाल्यो । तल्लो जात र माथिल्लो जात होइन, हामी सवै नेपाल आमाका सन्तान । नेपाल आमाप्रति सवै सन्तानहरूको वरावर हक लाग्छ ।

नेपालमा अर्को पनि ठूलै समस्या छ । के हो त त्यो ?

'भैया' यो शीर्षकमा २५औं स्लाइडको प्रस्तुतिमा सुशील दाइले यो कुरा उठान गर्नुभयो कि पानीपुरी खान जाँदा 'भैया पानीपुरी दो ना', 'भैया सुक्खा पानीपुरी दो ना' यस्तो भन्ने गरेको पाइन्छ । सामान्य गफगाफमा धोति

भन्दिने सम्मनको कुरा नि छ। के यसले रुवान्डामा भएको सानोदेखि सुरु भएर रगतको खोलै बग्ने १०औं लाखको हत्या नपुऱ्याओस् त समयमै सजग नभए ?

यी सम्पूर्ण समस्याले द्वन्द्वको अवस्थासम्म नपुऱ्याओस् भन्ने सुनिश्चित गर्न के गर्ने त ?

'सहृदयताको सम्वन्ध' सुशील दाइले यो शीर्षकमा २६औं स्लाइडको प्रस्तुति दिनुभयो । समान हृदय यी दुई शव्दवाट सहृदयता शव्द वनेको छ । सुशील दाइले केही विद्यार्थीलाई उठाउनु भयो र उनीहरूको नाम-थर सोध्नु भयो र उनीहरूका मिल्ने साथीका पनि नाम सोध्नु भयो । उत्तरमा वाहुनको साथी मगर र क्षेत्रीको साथी नेपाली (दमाई) देखियो । अनि दाइले फेरी सोध्नुभयो, ' तिमीहरूले जात सोधेर साथी बनाएका हौ त ?, मिठो मिठो खान दिएको भएर हो त ?' उत्तर आयो हैन । किन भन्दा मन मिलेर है न त भन्दा हो भने । यसरी हामीले भनेको सहृदयताको सम्वन्ध भनेको जात, जाति, सम्प्रदाय, भाषा, क्षेत्रीयताको आधारमा होइन मनको, हृदयको आधारमा सम्वन्धलाई सुमधुर वनाउन पर्छ भनेर स्पष्ट पारिदिनुभयो ।

अनि हामीले सवै विद्यार्थीलाई सहृदयता पत्र वितरण गरायौं र सुशील दाइले वाचन पनि गराउनुभयो । सुशील दाइले त्यो पत्र सवैलाई आ-आफ्नो घरको सँधै देखिने ठाउँमा टाँस्न र सामाजिक सञ्जालमा पोष्ट गर्न पनि उपाय दिनुभयो ।

यसरी वैज्ञानिक सत्ययुगको लक्ष्य प्राप्त गर्न आधारशिला चतुष्टय विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक र सहृदयताको सम्वन्धलाई आधार वनाएको जरोकिलो महाअभियानको विशिष्टिकृत संस्था सहृदयता समाजले यो प्रशिक्षण कार्यक्रम आयोजना गरिरहेको छ ।

सहृदयता अन्तरराष्ट्रियको अध्यक्षमा लुईटेल

सहृदयता अन्तरराष्ट्रियको अध्यक्षमा संयुक्त राज्य अमेरिकामा वस्नुहुने वेदनिधि लुइँटेल निर्वाचित हुनुभएको छ । प्रविधि मार्फत सहृदयता अन्तरराष्ट्रियद्वारा आयोजित सत्सङ्गमा जरो किलो महाअभियानका सङ्कल्पकर्ता युगद्रष्टा डा. निर्मलमणि अधिकारीले उक्त घोषणा गर्नुभएको हो ।

विश्वलाई सहृदयता दर्शनको आधारमा जोड्ने उद्देश्यका साथ युगद्रष्टा डा. निर्मलमणि अधिकारीले वि. सं. २०७६ माघ १६ गते साथ जरो किलो महाअभियानको विशिष्टीकृत संस्थाको रूपमा सहृदयता अन्तर्राष्ट्रिय स्थापना भएको घोषणा गर्नुभएको थियो ।

सहृदयता अन्तरराष्ट्रियको संरक्षकको रूपमा संस्थापक अध्यक्ष एवं सङ्कल्पकर्ता डा. अधिकारी रहनुहुनेछ । त्यस्तै सल्लाहकारहरूमा डा. गोविन्दशरण उपाध्याय (नेपाल), डा. दुर्गा पराजुली (जापान), आचार्य दुर्गाप्रसाद पोखरेल (वेलायत), आचार्य राजन शर्मा (अष्ट्रेलिया) र कमल धिमाल (अमेरिका) रहनुहुनेछ । आचार्य तिलकप्रसाद लुइँटेल सहृदयता समाज नेपालको अध्यक्ष हैसियतमा र योगेन्द्र चुडाल सहृदयता इन्टरनेशनल अमेरिकाको अध्यक्षको हैसियतमा संस्थागत प्रभारी रहनुहुनेछ ।

कार्यसमिति पदाधिकारीहरूमा अध्यक्ष वेदनिधि लुइँटेल (अमेरिका), उपाध्यक्षद्वय रिना कार्की (माल्टा), अच्युत पौड्याल (दक्षिण कोरिया), महासचिव राजन लोहनी (कतार), कोषाध्यक्ष दुर्गावहादुर केसी (कतार), प्रवक्ता अभिषेकवहादुर कार्की (अमेरिका), उपमहासचिव भुमनाथ न्यौपाने (युएई), सचिवहरूमा रमेश वाँस्तोला (कतार) (सङ्गठन), शशि खनाल पौडेल (अमेरिका) (महिला विभाग संयोजक), सहदेव पौड्याल (दक्षिण कोरिया) (तथ्याङ्क), नवीन यात्री (इजरायल) (साहित्य एवं कला विभाग संयोजक), अर्जुन पोखरेल (इजरायल) (समन्वय एवं योजना), रामप्रसाद अधिकारी (साउदी अरव) (सामाजिक सञ्जाल), खगेन्द्रप्रसाद ढकाल (कतार) (हिमवत्खण्ड पुनरुत्थान), उपकोषाध्यक्ष छवि पौडेल (पोर्चुगल) र सदस्यहरू हेमराज भुसाल (जापान), दिलीप शर्मा (कतार), रूपकराज राउत (कतार), डा. लक्ष्मण यादव (अमेरिका), पवित्रा वजगाईं (इजरायल), भीमकुमारी मगर (इजरायल), सन्तोषी खड्का (इजरायल), अर्विन धिताल (अष्ट्रेलिया), डिल्लीराम तिमिल्सिना (क्यानाडा), सुमन चापागाईं (युएई), देव घर्ती (युएई), भीमप्रसाद पोखरेल (युएई), प्रेमवहादुर कुमाल (युएई), बुद्धराज चौलागाइँ (साउदी अरव), सागर लामिछाने वस्नेत (साउदी अरव), जीवन सुनार (साउदी अरव), सन्तोष गुनी (साउदी अरव), भीमकान्त पौडेल (पोर्चुगल), प्रकाश शर्मा घिमिरे (पोर्चुगल), जगन्नाथ तिवारी (पोर्चुगल), मनोज भुसाल (दक्षिण कोरिया), उत्तम सिलवाल (दक्षिण कोरिया), प्रकाश लोहनी (जर्मनी), कृष्णप्रसाद सापकोटा (डेनमार्क), विकास वोलखे (वेलायत), विक्रम खनाल (माल्टा), डोलराज (प्रदीप) खनाल (माल्टा), विक्रम घिमिरे (भारत), सन्तोष खनाल (कुवेत), प्रदीप रिजाल (कुवेत), अनिल पोखरेल (कुवेत), घनश्याम भण्डारी (ओमान), सिर्जना गुनी (चीन), ऋषि ढकाल उपमन्यु (जापान), गायत्री रेग्मी (मलेशिया), शङ्कर धमला (फिनल्याण्ड), सरस्वती न्यौपाने (फिनल्याण्ड) र मोहनकुमार चौहान (इटाली) रहनुभएको छ ।

आत्मनिर्भर अर्थतन्त्रको लागि स्वदेशी ऊर्जा

✍ कृणराम प्रजापति

अन्तरराष्ट्रिय कारणले विश्वभर पेट्रोयिलयम पदार्थको मूल्य अत्यधिक वृद्धि भइरहेको छ । नौ महिनाको अन्तरालमा पेट्रोलियम पदार्थमा ६७% का दरमा औसत मूल्यवृद्धि भएको छ । आधारभूत आवश्यताको रूपमा रहेको ऊर्जा र त्यसको सरल स्रोतको रूपमा रहेको पेट्रोलियम पदार्थको मूल्य वृद्धिसँगै समग्र अर्थतन्त्रमा मूल्यवृद्धिको चाप परिरहेको छ ।

यसै सिलसिलामा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि रोक्न र फिर्ता लिन विभिन्न व्यक्ति, सङ्घसंस्थाहरूवाट विरोध र्‍याली, जुलुस र सभाहरू भइरहेका छन् । हुन पनि आधारभूत आवश्यकताको रूपमा रहेको पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण चक्रीय असर सबैतिर देखिइरहेको छ । यातायात भाडामा वृद्धि, खाद्यान्नमा मूल्यवृद्धि, उत्पादन लागतमा वृद्धि, हरेक सामानको मूल्यवृद्धिका कारण आम नागरिक आच्छु-आच्छुको अवस्थामा छन् ।

पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको विरोध हुनु स्वाभाविक हो । तर विरोधले मात्रै समाधान दिन्छ त ? अहँ ! विलकुलै दिँदैन । सरकारले विरोध र्‍याली, जुलस, सभा या विविध दवाव रोक्न वा सामसुम पार्न केही समय त मूल्य वृद्धि रोक्न सक्ला तर विश्वव्यापी रूपमा वढेर आएको मूल्यभार सरकारी कोषवाट वेहोर्नु दिगो समाधान होइन ।

समाधान के हो त ?

समाधान ऊर्जा क्षेत्रमा आत्मनिर्भर वन्ने हो । परदेशप्रति निर्भर हुनुपर्ने श्रोतसाधनप्रति आश्रित हुन्छौं त स्वभाविक रूपमा तिनले तोकिएको मूल्य तिर्नुपर्ने वाध्यता रहिरहन्छ । समस्या अहिलेको मात्र होइन । दशकौंदेखि पेट्रोलियम पदार्थको कारण आम नेपाली नागरिकले दुःख पाइरहेका छन् । यो समस्याको समाधान आफैंसँग भएको ऊर्जाको श्रोत साधनहरूको पहिचान, उपयोग र प्रवर्द्धन गर्नु हो ।

नेपाल प्राकृतिक श्रोत साधनले भरिपूर्ण देश हो । साथसाथै जलश्रोतले अत्यन्त प्रचुर सम्भावनाले व्याप्त छ । नेपालको नदीनालावाट ८३ हजार २ सय ५० मेघावाट जलविद्युत उत्पादन गर्न सकिने अध्ययन शोधवाट निष्कर्ष रहेको छ ।

नेपालमा अहिले विभिन्न १०९ वटा जलविद्युत आयोजनाहरू सम्पन्न भई नेपाल विद्युत प्राधिकरण मातहतको प्रशारण लाइनमा जोडिइसकेको छ । यसको कुल अधिकतम उत्पादन क्षमता एक हजार नौ सय ७५ दशमलव २८ मेघावाट रहेको छ तर अधिकतम जलविद्युत मागको चाप उच्च रहने गर्छ । गएको सुख्खा मौसममा अधिकतम विद्युत माग १५३९ मेघावाट रहेको प्राधिकरणका निर्देशक कुलमान घिसिङले वताएका छन् (नेपाल विद्युत) । विद्युत मागअनुसार आपूर्तीले धान्न नसकेर औद्योगिक क्षेत्रमा लोडसेडिङ गर्नुपरेको छ । हाल पनि नेपालको सम्पूर्ण जिल्लामा विद्युत विस्तार भइसकेको छैन । नेपालमा विद्युत उपाभोग माग विगतको तुलनामा ३०%को दरमा यस वर्ष वढेको निर्देशक घिसिङ वताउँछन् । माग वमोजिम अपुग रहेको विद्युत भारतवाट आयात गरेर पुऱ्याउने प्रयास भएको पाइन्छ ।

नेपाल विद्युत प्राधिकरणले जलविद्युत आयोजनावाट उत्पादित विद्युत वर्षातको मौसममा ४.८ प्रति युनिट र सुख्खा मौसममा रु ८.४ प्रति युनिटमा खरिद गरेर औसत रु १०.६२ प्रति युनिट उपभोक्तालाई विक्री गर्छ ।

सुख्खा मौसममा अपुग विद्युत भारतवाट खरिद गर्दा रु ८ प्रति युनिट देखि रु ३८ सम्म पर्दछ । स्वदेशी जलविद्युतको पर्याप्ततावाट घरको भान्छादेखि कार्यालयसम्म स्वच्छ उर्जाको प्रयोग गर्न सकिन्छ । ग्याँसको सट्टामा इन्डक्सन चुल्हो, घरायसी एवं कार्यालय प्रयोजनमा विद्युतीय उपकरणहरूको प्रयोग, विद्युतीय सवारी साधनको प्रयोग, उद्योगहरूमा सञ्चालित भट्टी र जेनेरेटरको स्थानमा विद्युतीय उपकरण प्रयोग र विद्युतीकरणमा रूपान्तरण, सिँचाइका लागि विद्युतीय मोटरको प्रयो गर्ने । यसवाट विद्युतको प्रयोग एवं माग तीव्र रूपमा वढ्न जान्छ । निजी उत्पादकहरूवाट प्राप्त जानकारी अनुसार सन् २०२६ सम्ममा हाल निर्माणाधीन जलविद्युत आयोजनाहरू सम्पन्न भई कूल १००० मेघावाट विद्युत उत्पादन हुनेछ । (यस कुरालाई हेर्दा उत्पादित विद्युत खेर जान नदिन विद्युत

खेर जान नदिन विद्युत खपत हुने वातावरण नेपाल सरकारबाट नीति निर्माणमार्फत् तयार गर्नु पर्दछ। घरदेखि कार्यालय, सवारिसाधनदेखि उद्योग र कृषि क्षेत्रसमेतमा विद्युतीकरणको वृहत योजना वनाएर त्यसलाई कार्यन्वयनमा सरकार स्वकृयात्मक रहने हो भने विदेशी ऊर्जाको परनिर्भरता घट्ने र नेपाल आत्मनिर्भर हुनेछ ।

नेपालको वार्षिक वजेट साढे १६ खर्व रूपैयाँ रहेको छ । नेपालको सर्वाधिक खर्च इन्धन खपतमै छ। वार्षिक ३ खर्व रूपैया माथि पेट्रोलियम पदार्थको खरिदमै रकम निर्यात भइरहेको छ। यस हिसावले वार्षिक वजेटको १८% माथि त पेट्रोलियम पदार्थको आयातमा खर्चिरहेका छौं । हरेक वर्ष देशको वार्षिक वजेटको पञ्चांश पेट्रोलियम पदार्थ खपत गर्नमा सक्ने कि स्वदेशी जलविद्युत उत्पादन एक पटक लगानी गर्ने ? परदेशको ऊर्जामा सधैं भर परेर परनिर्भर वन्ने कि आफ्नै देशमा उपलब्ध स्रोत साधनमार्फत ऊर्जा उत्पादन गरेर आत्मनिर्भर वन्ने ? आफ्नो ढुकुटीको हीरा नचिन्ने अनि सुनको थाली थापी माग्ने अवस्थामा कतिञ्जेल रहने ? पेट्रोलियम पदार्थको क्षणिक सहजता हेर्ने कि नवीकरणीय जलविद्युतको दिगो फाइदा हेर्ने ? पर्यावरणलाई क्षति पुऱ्याउने खनिज इन्धन रोज्ने कि वातावरण मैत्री जलविद्युतको प्रवर्द्धन गर्ने ?

सन्दर्भसमाग्री

1. K.C. surebdra et al. 2010. current status of renewable energy in Nepal: Opportunities and challenges.

2. https:\\www.doed.gov.np>license

पाचौं विश्व संस्कृत दिवस मनाइने

जरो किलो प्रतिष्ठान नेपालको आह्वानमा २०७५ सालदेखि विश्व संस्कृत दिवस मनाउन प्रारम्भ गरिएको विश्व संस्कृत दिवस यस वर्ष पनि मनाइने भएको छ । प्रत्येक वर्ष जनैपूर्णिमाको दिन राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा निरन्तर विश्व संस्कृत दिवस मनाइँदै आएको छ ।

प्रथम विश्व संस्कृत दिवस जरो किलो प्रतिष्ठान नेपालले २०७५ सालमा त्रि.वि. संस्कृत केन्द्रीय विभाग, विश्व भाषा क्याम्पस संस्कृत विभाग, त्रिचन्द्र क्याम्पस दर्शन विभागको संयुक्त आयोजना तथा सहृदयता समाज नेपालको सह-आयोजनामा विश्वभाषा क्याम्पसमा सम्पन्न गरेको थियो ।

दास्रो संस्कृत दिवस जरो किलो प्रतिष्ठान नेपालको आयोजना तथा सहृदयता समाज नेपालको सहआयोजनामा सम्पन्न कार्यक्रम युगनिर्माण समाज नेपालको सभाहलमा भएको थियो ।

त्यसैगरी कोरोना महाव्याधिको प्रकोपका कारण विश्व संस्कृत दिवस प्रविधिको माध्यमबाट सम्पन्न भयो । जरो किलो प्रतिष्ठान नेपाल, जमलबाट संयोजन भएको कार्यक्रमको उद्घाटन जरो किलो महाअभियानका सङ्कल्पकर्ता युगद्रष्टा डा. निर्मलमणि अधिकारीले गर्नुभएको थियो । कार्यक्रम संस्कृत भाषामा सञ्चालन भएको थियो ।

चौथो विश्व संस्कृत दिवसको मूल समारोह वाल्मीकि विद्यापीठ, काठमाडौँमा आइतवार सम्पन्न भएको थियो । चौथो विश्व संस्कृत दिवस जरो किलो प्रतिष्ठानका साथै नेपाल संस्कृत विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय संस्कृत केन्द्रीय विभाग, त्रिचन्द्र क्याम्पसस्थित दर्शनशास्त्र तथा मनोविज्ञान विभाग, जयतु संस्कृतम्, सनातन धर्म महासङ्घ नेपाल, सहृदयता इन्टरनेशनल (अमेरिका), विश्व भूटानी हिन्दू सङ्गठन (अमेरिका) तथा नेपाली हिन्दू फोरम यूकेको सहकार्यमा आयोजना गरिएको हो ।

पाँचौं विश्व संस्कृत दिवस पनि संस्कृत भाषाको क्षेत्रमा योगदान पुर्याउनु भएका विभिन्न संस्थाहरूसँग समन्वय र सहकार्य गरी मनाइने विश्व संस्कृत दिवस कार्यपरिषद्का संयोजक डा. गोविन्दशरण उपाध्यायले वताउनुभयो ।

अन्तरराष्ट्रिय मातृभाषा दिवस सम्पन्न

काठमाडौं । जरो किलो महाअभियानका विशिष्टीकृत संस्थाहरूको आयोजनामा अन्तरराष्ट्रिय मातृभाषा दिवस सम्पन्न भएको छ । फागुन ९ गते जरो किलो प्रतिष्ठान नेपाल, सहृदयता समाज नेपाल, सञ्चारयोग मिडियाको संयुक्त आयोजनामा युगनिर्माण महिला समाज नेपालको सभाकक्ष जमलमा कार्यक्रम सम्पन्न भएको हो । विविध भाषामा साहित्यिक प्रस्तुतिका साथै मातृभाषाको महत्त्व र आवश्यकताका वारेमा विमर्श गरी सत्सङ्ग सम्पन्न भयो ।

सत्सङ्ग जरो किलो महाअभियानका सङ्कल्पकर्ता युगद्रष्टा डा. निर्मलमणि अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो । सत्सङ्गलाई सम्वोधन गर्नुहुँदै डा. अधिकारीले विविधता हाम्रो मौलिकता भएको वताउनुहुँदै मौलिक प्रतिमानको जगेर्ना गर्न मौलिक भाषाहरूको संरक्षण हुनुपर्ने वताउनुभयो । विविध भाषाहरूको संरक्षणले मात्र विविधतामा रहेको ज्ञान परम्परालाई जोगाउन सकिने उहाँले वताउनुभयो । युरोपेली प्रतिमानको प्रभावको कारण छिमेकमा मातृ भाषालाई वेवास्ता गरिँदा भाषाकै कारण देश टुक्रिनेसम्म अवस्था आएको वताउनुहुँदै मातृभाषाको संरक्षण अनिवार्य भएको वताउनुभयो । नेपालमा पनि विगतमा पराई प्रतिमानको अनुशरण गरिँदा विविध समुदायका मातृभाषाहरूलाई पाखा पार्ने गरी काम भएको वताउनुहुँदै मौलिक दर्शन र सिद्धान्तको अभिनिर्माण सँगै प्रविधिमा भएको क्रान्तिका कारण विविधतालाई सम्पदाको रूपमा हेर्ने मौलिक पद्धति अव मूलप्रवाहमा आउने वताउनुभयो ।

सत्सङ्गलाई सम्वोधन गर्नुहुँदै उपाध्यक्ष गोविन्दशरण उपाध्यायले मातृभाषालाई सम्मान गर्नेले मात्रै मौलिकतालाई वास्तवमै स्नेह गर्ने वताउनुभयो । जरो किलो प्रतिष्ठान नेपालका अध्यक्ष वलराम प्रजापतिले संस्कृतिमा रहेको ज्ञान परम्पराको यथार्थ चित्रणको लागि तत्तत् समुदायको मातृभाषाको संरक्षण अनिवार्य रहेको वताउनुभयो । सांस्कृतिक विविधतालाई राष्ट्रको रूपमा परिभाषित गर्ने खोटपूर्ण सिद्धान्तलाई उपचार गर्न राज्यराष्ट्र सिद्धान्त आइसकेको कारण अवको दिनमा भाषिक लगायतका विविधतालाई समस्याको रूपमा नहेरी समाजको सम्पत्तिका रूपमा स्थापित गराउन सहज भएको प्रजापतिले वताउनुभयो । सञ्चारयोग मिडियाका अध्यक्ष नुमनाथ प्याकुरेलले राज्यस्तरवाटै मातृभाषाको संरक्षणको लागि ठोस पहल गर्नुपर्नेमा जोड दिनुभयो । त्यसका लागि विद्यालय तहवाटै मातृभाषा शिक्षा अनिवार्य रूपमा लागू गर्नु पर्नेमा जोड दिनुभयो ।

सत्सङ्गमा नेपाली, नेपालभाषा, मैथिली, तामाङ, घले, अवधी, शेर्पा, मगर, उर्दू, ताजपुरिया, राई साथै संस्कृत भाषामा साहित्यिक रचना प्रस्तुत भएका थिए । सत्सङ्गमा सपना कुमारी ताजपुरियाले ताजपुरिया भाषामा, सनम श्रीवास्तवले अवधी भाषामा, गणेशवहादुर घलेले घले भाषामा र आङ देङ्गी शेर्पाले शेर्पा भाषामा रचना प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी चन्दन झा र पुनम दासले मैथिली भाषामा आफ्नो प्रस्तुति दिनु भएको थियो भने टेकवहादुर थापाले मगर भाषामा, कल्पना झाले नेपालीमा नासिर मोहमद अन्सारीले उर्दू भाषामा रचना प्रस्तुत गर्नुभयो । कृष्णराम प्रजापतिले नेपालभाषामा र विमलचन्द्र दाहालले संस्कृत भाषामा रचना प्रस्तुत गर्नुभयो भने रामप्रसाद घिमिरेले तमाङका साथै विविध भाषामा प्रस्तुतिहरू राख्नुभयो । सत्सङ्गमा सावित्री चौधरी र प्रकाश श्रेष्ठले पनि मातृभाषाको महत्त्ववारे प्रकाश पार्नुभयो ।

RP Foundation & Schuelerhilfe fuer Nepal Presents

Nepal Vocational Academy, Bhaktapur

Courses offered:

- Carpenter
- Plumbing
- Electrician
- Wood Carving
- Stone Carving

Job guaranteed training in affiliation with CTEVT





Contact address:

Kamalbinayak, 10, Bhaktapur

Ph: 01 6613197, Email: nepal.vocational@gmail.com

स्वदेशको ऊर्जा खपत गरौं, राष्ट्को समृद्धिको सम्वाहक वनौं ।
नेपालको मौलिक विद्युतीय ऊर्जाको प्रयोग गरी सञ्चालन हुने विद्युतीय सवारीको प्रवर्द्धन गरौं ।

विद्युतीय साधन नै किन ?

सस्तो : पेट्रोलबाट चल्ने स्कुटरको तुलनामा आधा मूल्यमा विद्युतीय स्कुटर उपलब्ध छ ।

मितव्ययी : घरमै उपलब्ध बिजुलीले चार्ज गरी चलाउन सकिन्छ । दैनिक १० रूपैयाँमा ५० किलोमिटर गुड्न सकिन्छ ।

कम मर्मत : पेट्रोल स्कुटरमा जस्तै घर्षणहुने र फेर्नुपर्ने पार्टपुर्जा नहुने भएकाले मर्मतको खर्च खासै हुँदैन । नियमित सर्भिसिङ्ग आवश्यक छैन ।

अर्थतन्त्र टेवा : नेपालको कूल बजेटको करिव २५ प्रतिशत रकम विदेशबाट पेट्रोलियम पदार्थको आयतमा खर्च हुन्छ । नेपालको मौलिक ऊर्जा जलविद्युतको खपत बढाएर इन्धनको आयत घटाउन सकिन्छ ।

प्रदूषणरहित : पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनले उत्सर्जन गर्ने कार्वोनडाइअक्साइड लगायतका हरित ग्यासको कारणले विश्वको तापमान वृद्धि भएर अनेकौं नकारात्मक पर्यावरणीय असरहरू परेका छन् । अतिवृष्टि, अनावृष्टि, समुद्र सतह वृद्धि, हावाहुरी, चक्रवात लगायतका प्राकृतिक प्रकोप बढ्दो छ । विद्युतीय सवारीको प्रयोगले पर्यावरणमा सकारात्मक प्रभाव पार्छ ।

मौलिक उर्जा : नेपाल जल विद्युतमा विश्व कै दोस्रो धनी राष्ट्र हो । पूर्ण क्षमतामा उत्पादन भएमा नेपालले बिजुली निर्यात पनि गर्न सक्छ । तर कच्चा पदार्थका रूपमा रहेको बिजुलीलाई सवारी साधन लगायतका क्षेत्रमा प्रयोग गरी नेपालभित्रै अधिकतम् प्रयोग गर्न सक्नु नेपालको लागि हितकारी हुन्छ ।

अत्याधुनिक प्रविधि : नयाँ प्रविधिमा आधारित भएको कारणले विद्युतीय सवारी सधानमा विश्वभर नयाँनयाँ अनुसन्धान र अविष्कार भइरहेका छन् । यसले गर्दा आगामी दिनमा यसको प्रविधिगत सुधार र यसको मूल्य अझै कम हुँदै जाने भएकोले व्याट्री अझै सस्तो हुँदै जाने छ ।

वाहन

वाहन अटो इन्टरप्राइजेज

कमलविनायक, भक्तपुर-१०

९८४००७६९७७, ९८४१७९५०७३

विभिन्न नयाँ ब्राण्डका विद्युतीय स्कूटर तथा मोटरसाइकल पाउनुका साथै स्पेयर पार्टस पनि उपलब्ध छन् ।

प्रो. राजकुमार लाखेमरु

९८५१०४६३०६

श्वेत भैरव फिक्स ईट्टा उद्योग

ताथली (गबुँ), भक्तपुर, फोन : ०१-५०९१६६८

नेपालको मौलिक ईट्टा उत्पादन प्रविधि अब्बल भएकै कारणले हाम्रा सम्पदाहरु अहिले पनि हामी माझ सदावहार सुन्दर भएर उभिएका छन् । हामीले नेपालको मौलिक ईट्टा उत्पादन प्रविधिमा आधुनिक विज्ञानको सुसंयोजन गरी कम लागत तथा न्यूनतम् कार्वोन उत्सर्जन गरी गुणस्तरीय ईट्टा उत्पादन गर्ने नयाँ जिगज्याग प्रविधि र सिंगल फायरम्यान प्रविधि (Zig Zag Technology and Single Fireman Technology) को विकास गरेका छौं । स्वदेश तथा दक्षिण एसियाका विभिन्न मुलुकमा यस प्रविधिको प्रवर्धन गर्न पनि सफल भएका छौं । पर्यावरण मैत्री प्रविधिको प्रयोग गरी स्वेत भैरव फिक्स ईट्टाको उद्योगबाट उत्पादित गुणस्तरी ईट्टाको प्रयोग गरी आफ्नो निर्माणलाई दिगो र सुरक्षित बनाऔं ।

SHAKHA®
Quality is our Identity

SHAKHA METAL UDHYOG

Chagunarayan-9, Bhaktapur, Nala Road,

Mobile: 9851180979, 9841380979, 9861760211

Quality is our Identity, अर्थात गुणस्तर नै हाम्रो पहिचान हो भन्ने उद्देश्यका साथ उत्पादित SHAKHA ब्राण्डको घरयासी प्रयोजनको लागि आवश्यक पर्ने देखि कुनै पनि वित्तीय संस्था, बैंक, फाइनान्स, बचत तथा ऋण सहकारी संस्था लगाएत सुनचाँदी पसलको लागि आवश्यक पर्ने ११० के.जी. देखि १००० के.जी सम्मको सिंगल डोर तथा डबल डोरको फायरप्रुफ सेफ आफ्नो डिजाइन अनुसार बनाउनु परेमा साथै कुनै पनि स्कूल, कलेज, विभिन्न संघ-संस्थालाई आवश्यक पर्ने विश्वासिलो र भरपर्दो स्टील फर्निचरको लागि साख मेटल उद्योगलाई सम्झनुहोस् ।

डिजिटल प्रिन्टलिंक

कमलविनायक-१०, भक्तपुर । ☎: ०१-६६२०५५५



Book and Magazine

Brochure and Prospectus

Visiting Card & Id Card



Certificate and Flex banner



Flex Banner

Invitation Cards

Design, Print and Binding & Other printing works...